# लुम्बिनी साँस्कृतिक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# रुपन्देही, लुम्बिनी प्रदेश

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको एकीकृत शहरी विकास योजना




**कन्सल्टेन्ट:**

**भिजन सेन्चुरी इन्स्टिच्युट प्रा. लि., भक्तपुर**

मिति :२०८० माघ

## विषय सुची

**परिच्छेद १: परिचय** .......... १

१ १.पृष्ठभूमि .......... १

१.२ एकीकृत शहरी विकास योजना तर्जुमाको उद्देश्य .......... १

१.३ एकीकृत शहरी विकास योजनाको कानूनी तथा नीतिगत आधार .......... २

१.४ एकीकृत शहरी विकास योजना तर्जुमा तथा प्रक्रिया .......... ४

*१.४.१ योजना अभिमुखिकरण कार्यशाला गोष्ठी* .......... ४

*१.४.२ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण* .......... ५

*१.४.३ एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला गोष्ठी* .......... ५

*१.४.४ मस्यौदा प्रमाणीकरण कार्यशाला* .......... ५

१.५ अध्ययनको सीमा .......... ६

**परिच्छेद २: नगर पार्श्वचित्र** .......... ७

२.१ नगरपालिकाको संक्षिप्त परिचय .......... ७

२.२ वसोवासको स्थिति : .......... १४

२.३ जनसंख्या विवरण .......... १५

२.४ सामाजिक स्थिति .......... १८

२.५ भू-उपयोग अवस्था .......... २२

२.६ हावापानी .......... २६

२.७ प्राकृतिक स्रोत .......... २६

२.८ नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध .......... ३१

*२.८.१ राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समन्वय सहकार्य र सम्बन्ध विस्तार* .......... ३२

२.९ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू .......... ३३

२.१० मुख्य चाडपर्वहरू .......... ३४

२.११ संस्कृति, कला, भाषा र साहित्य .......... ३४

२.१२ आर्थिक अवस्था .......... ३५

**परिच्छेद ३ :समष्टिगत दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति** .......... ४०

३.१ नगरपालिका समृद्धिका मुख्य संवाहकहरु ........ ४२
*३.१.१ कृषिक्षेत्र (कृषि ग्राम)* ........ ४२
*३.१.२ पर्यटन* ........ ४२
*३.१.३ स्थानीय  कच्चा पर्दाथमा आधारित उद्योगहरु* ........ ४२
३.२ नगरपालिका समृद्धिका आधारहरु ........ ४३
*३.२.१ गौतम बुद्ध अन्तर्राष्टिय विमानस्थलसँगको सन्निकटता* ........ ४३
*३.२.२ ठूला शहर र राजमार्ग प्रणालीसँगको सन्निकटता* ........ ४३
*३.२.३ अन्तर्राष्ट्रिय सीमा नाका* ........ ४३
*३.२.४ जनसांख्यिक लाभांश* ........ ४३
*३.२.५ भू—धरातल र प्राकृतिक सम्पदाहरु* ........ ४३
३.३ दीर्घकालीन सोच ........ ४३
३.४  समष्टिगत लक्ष्य ........ ४४
३.५ उद्देश्यहरू ........ ४५
३.६ समष्टिगत रणनीति ........ ४५
३.७ नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु ........ ४६
३.८ नगर गौरवका आयोजनाहरु ........ ४८
**परिच्छेद ४: वित्तिय विश्लेषण ........ ४९**
४.१ वित्तीय हस्तान्तरण ........ ४९
४.२ आय अनुमान ........ ४९
४.३ बजेट विश्लेषण ........ ५०
*४.३.१ विगत तीन आ.व.को यथार्थ तथा चालु आ. व. को अनुमानित आय* ........ ५१
*४.३.२ आगामी पाँच वर्षको आय प्रक्षेपण* ........ ५४
४.४ एकीकृत शहरी विकास योजनाको बजेट अनुमान ........ ५६
**परिच्छेद ५: आर्थिक विकास योजना ........ ५९**
५.१ भूमि व्यवस्थापन (भू—उपयोग) ........ ५९
५.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी ........ ६१
*५.२.१ कृषि* ........ ६१
*५.२.२ पशुपंक्षी विकास तथा मत्स्यपालन* ........ ६६

*५.२.३ जडीबुटी*......................................................................................................६९
५.३ सहकारी................................................................................................................७१
५.४ पर्यटन...................................................................................................................७३
५.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति ..................................................... ७८
५.६ बैङ्क तथा वित्तीय क्षेत्र ......................................................................................... ८२
५.७ गरीबी निवारण .....................................................................................................८४
**परिच्छेद ६: सामाजिक क्षेत्र...........................................................................................८७**
६.१ शिक्षा विज्ञान तथा प्रविधि.................................................................................... ८७
६.२ स्वास्थ्य.................................................................................................................९१
६.३ संस्कृति, भाषा, कला तथा साहित्य ........................................................................ ९५
६.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ............................. ९९
६.५ बालबालिका.........................................................................................................१०२
६.६ युवा, मानव संसाधन श्रम तथा रोजगार.......................................................................१०५
६.७ खेलकुद तथा मनोरञ्जन ........................................................................................१०६
**परिच्छेद ७: पूर्वाधार विकास.......................................................................................१०९**
७.१ खानेपानी तथा सरसफाई .......................................................................................१०९
७.२ सिंचाई ............................................................................................................... १११
७.३ ऊर्जा.................................................................................................................. ११३
७.४ सडक तथा यातायात...............................................................................................११५
७.५ आवास, भवन तथा वस्ती विकास.............................................................................११७
७.६ सूचना तथा सञ्चार ...............................................................................................११९
**परिच्छेद ८: वातावरण तथा विपद व्यवस्थापन..............................................................१२२**
८.१ वन तथा भू—संरक्षण.............................................................................................१२२
८.२ जलाधार व्यवस्थापन..............................................................................................१२४
८.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन...................................................................१२६
८.४ वातावरण संरक्षण..................................................................................................१२९
**परिच्छेद ९: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन.................................................१३१**

९.१ सुशासन तथा सेवा प्रवाह ........ १३१
९.२ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ........ १३३

**परिच्छेद १०: कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ........ १३५**

१०.१ कार्यान्वयन कार्ययोजना ........ १३५
*१०.१.१ योजना कार्यन्वयन तालिका ........ १३५*
*१०.१.२ मध्यकालिन खर्च संरचना ........ १३५*
*१०.१.३ आयोजना बैंक ........ १३६*
१०.२ अनुगमन तथा मूल्याङ्कन ........ १३६
१०.३ नतिजामा आधरित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ........ १३७
१०.४ मध्यावधि मुल्यांकन ........ १३७
१०.५ अन्तिम मुल्यांकन ........ १३७
*अनुसूची- १: योजना तर्जुमा कार्यशालावाट प्राप्त पूर्वाधारका योजनाहरु ........ १३८*
*अनुसूची-२ एकीकृत शहरी विकास योजना निर्माण कार्यक्रमका तस्वीरहरु ........ १३९*
*अनुसूची-३ एकीकृत शहरी विकास योजना निर्माण कार्यक्रमको उपस्थिति ........ १४५*

## तालिका सुची

तालिका नं.: १ साविकका गाविस अनुसार नगरपालिकाको वडा विभाजन ............ ७
तालिका नं.: २ लुम्बिनी साँस्कृतिक नगरपालिकाको जनप्रतिनिधिहरुको विवरण ............ १०
तालिका नं.: ३ जनसंख्या विवरण ............ १६
तालिका नं.: ४ वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ............ १६
तालिका नं.: ५ जातजाती अनुसारको जनसंख्या विवरण ............ १९
तालिका नं.: ६ धर्मअनुसार जनसंख्याको विवरण ............ २१
तालिका नं.: ७ मातृभाषा अनुसार जनसंख्या विवरण ............ २१
तालिका नं. : ८ तालिका भू-उपयोगको अवस्था ............ २२
तालिका नं.: ९ नदी, खोला तथा पोखरीहरुको विवरण ............ २७
तालिका नं.: १० सहकारीहरुको विवरण ............ ३७
तालिका नं.: ११ नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु ............ ४६
तालिका १२: नगर गौरवका आयोजनाहरु ............ ४८
तालिका नं.:१३ यथार्थ आयको अवस्था ............ ५१
तालिका नं.: १४ आय प्रक्षेपण ............ ५४
तालिका नं.:१५ विषय क्षेत्रगत बजेट अनुमान ............ ५६

# परिच्छेद १: परिचय

## १ १.पृष्ठभूमि

नेपालको संविधान २०७२ जारी भई सकेपछि नेपालको एकात्मकबाट संघीय व्यवस्था तिरको यात्राले संस्थागतरुप लिएको छ । नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार गाउँ तथा नगरपालिका राज्यको स्थानीय स्तरको कार्यकारी, व्यवस्थापकीय र केही न्यायिक अधिकार समेत प्राप्त गरी अधिकार र स्रोत सहितको स्थानीय सरकारको रूपमा स्थापना भएको छ । यसरी स्थापना भएको नगरपालिकाले जनतालाई सरल, छिटो छरितो र जनताले सुशासनको अनुभूति गर्ने गरी विकास, निर्माण र सेवाप्रवाहको काम गर्नेछ भन्ने संवैधानिक परिकल्पना रहेको पाईन्छ । यसै संबैधानिक व्यवस्थालाई थप परिभाषित र सरलीकृत गर्नका लागि हालसम्ममा जारी भएका नीति नियमहरूले स्थानीय तहलाई जनताको नजिकको सरकारको हैसियतले सबै प्रकारका विकास र निर्माणका काम गर्न जिम्मेवार बनाएको छ। यसबाट नागरिकमा स्थायित्व र समृद्धिको चाहना पुरा गर्ने वातावरण तयार भएको महसुस भएको छ। यस परिप्रेक्ष्यमा नेपाल सरकारले समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच अगाडि सारेको छ भने यस लुम्बिनी साँस्कृतिक नगरपालिकाले परामर्शदाता कम्पनी भिजन सेन्चुरी इन्स्टिटच्युट प्रा. लि. को प्राविधिक सहयोगमा नगरपालिकाको विकासलाई दीर्घकालीन सोच, रणनीति तथा प्राथमिकताहरूसहित योजनाबद्ध हिसाबले अघि बढाउन यो एकीकृत शहरी विकास योजना तर्जुमा गरी जारी गरेको छ ।

नेपालको सामाजिक, आर्थिक बनोट मूलतः ग्रामीणमुखीबाट क्रमशः शहरमुखी भइरहेको छ । नेपाल एकातिर विश्वमा कम शहरीकरण भएको मुलुक मध्ये एक हो भने अर्कातिर विश्वमै शहरीकरण तीव्र भएका १० वटा मुलुकहरू मध्येमा पनि नेपाल एक हो। योजनाको कमी तथा तिनको कार्यान्वयन फितलो हुन जाँदा तीव्र शहरीकरणको प्रक्रियाले स्पष्ट दिशा लिन नसक्ने तथ्य स्वत सिद्ध छ । यो परिप्रेक्ष्यमा यो एकीकृत शहरी विकास योजनाले यस नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित अनियन्त्रित शहरीकरणलाई समयमै नियमित, व्यवस्थित, योजनाबद्ध गरी आइपर्न सक्ने जोखिमको न्यूनीकरण गर्न तथा विकासको गतिलाई तीव्रता दिँदै प्राप्त प्रतिफललाई दीगो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १.२ एकीकृत शहरी विकास योजना तर्जुमाको उद्देश्य

नगरपालिका क्षेत्रको समग्र विकासको दीर्घकालीन सोच, निर्धारित अवधिको लक्ष्य तथा विषयगत उद्देश्यहरू निर्धारण गरी निश्चित अवधि भित्र तोकिएको लक्ष्य प्राप्त गर्नका लागि आवश्यक रणनीति तथा कार्यनीतिहरू पहिचान गरी परिभाषित गरेको मार्गचित्र सहितको दस्तावेज नै एकीकृत शहरी विकास योजना हो । यस्तो दस्तावेजले निश्चित अवधिका लागि विकास र निर्माणको सन्दर्भमा नगरपालिकालाई आफूले चाहेको गन्तव्यतर्फ डोऱ्याउने काम गर्दछ। नगरपालिका र वडा कार्यालयहरूका साथै स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित अन्य संघसंस्था तथा निजी क्षेत्रलाई समेत विकासको एउटै मुलधारमा ल्याई

नगरपालिकाको नेतृत्वमा योजनाबद्ध र एकीकृत विकास प्रक्रियालाई मार्गदर्शन गर्नसक्ने खालको दस्तावेज निर्माण गर्नु एकीकृत शहरी विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो। समग्र उद्देश्यहरू बुँदागत रूपमा यस प्रकार राखिएका छन्ः

- नगरपालिका क्षेत्रको विकास तथा परिवर्तनको दीर्घकालीन सोच, प्राथमिकता, लक्ष्य र विषयगत शीर्षकका उद्देश्यहरू निर्धारण गर्ने ।
- नगरपालिका क्षेत्रभित्र रहेका र बाहिरबाट आउँन सम्भव देखिएका स्रोतको अवस्था विश्लेषण गरी सहभागितात्मक छलफलका आधारमा पाँच वर्षका प्रमुख योजनाहरूको खाका तयार गर्ने।
- दीर्घकालीन सोच र योजनाको लक्ष्यबाट आशा गरिएका उपलब्धिहरू प्राप्त गर्नका लागि आवश्यक पर्ने रणनीति तथा कार्यनीतिहरू निश्चित गर्ने ।
- नगरपालिका क्षेत्रको एकीकृत, नतिजामूलक र योजनाबद्ध विकासकालागि सबै साझेदारहरूलाई एकैथलोमा ल्याई साझा उत्तरदायित्व सिर्जना गर्न सहयोग गर्ने खालको दस्तावेज निर्माण गर्ने।
- योजना अवधिसम्म गरिने काम र नीति सम्बन्धी छलफलको माध्यमबाट सबै तहका सरकार तथा प्रशासन संयन्त्रमा काम गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरूको साझा उत्तरदायित्वको भावना बढाउने ।
- नगरपालिकाको विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका तथा जिम्मेवारी (के कामको अनुगमन कसले र कहिले गर्ने) निश्चित गर्ने ।

## १.३ एकीकृत शहरी विकास योजनाको कानूनी तथा नीतिगत आधार

संघीय नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश नीति र कानून तथा स्थानीय नीति र कानून बमोजिम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ। यस नगरपालिकाको प्रथम एकीकृत शहरी विकास योजना देहायअनुसारका नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिई तर्जुमा गरिएको छ ।

- नेपालको संविधान
- दीगो विकास लक्ष्य (सन् २०१५-२०३०)
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

- संघ र प्रदेश सरकारले जारी गरेका विषयगत नीति, कानून तथा मापदण्ड (भूउपयोग नीति, कृषि विकास रणनीति, पर्यटन नीति, वन तथा वातावरण ऐन, विद्यालय क्षेत्र सुधार योजना तथा १५ बर्षे स्वास्थ्य क्षेत्र रणनीति, वहुक्षेत्रीय पोषण योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड आदि)

- नेपाल सरकारको दीर्घकालिन सोच, पन्ध्रौं राष्ट्रिय योजना (संघीय एकीकृत शहरी योजना), लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको मध्यमकालीन खर्च संरचना

- नेपाल सरकार, प्रदेश सरकारबाट राजस्व बाँडफाँड, वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक तथा विशेष अनुदान, स्थानीय आय (कर शुल्क, सेवा शुल्क तथा दस्तुर), जनसहभागिता आदि

- विकासका अन्तरसम्बन्धित (साझा) विषयहरु (लैंगिक समानता तथा समावेशीकरण, सुशासन, वातावरण तथा विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन आदि)

- नेपाल सरकार र प्रदेश सरकारको अवलम्बन गरेका आर्थिक नीतिहरु

- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु तथा नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताहरु

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, बार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १)। संविधानको अधिकारको सूचीको अवस्था अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका एकीकृत शहरी योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले नगरपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने व्यवस्थालाई यस एकीकृत शहरी योजनामा समावेश गरिएको छ ।

- मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयारी,

- योजना तर्जुमा प्रक्रियामा स्थानीय बुद्धिजीवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय लगायतका सरोकारवालाको अधिकतम सहभागिता,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानुमान र योजना कार्यान्वयन तालिका तयार,
- योजनामा संघ तथा प्रदेश सरकारबाट संचालन गर्न आवश्यक आयोजना कार्यक्रमलाई अवसरको रुपमा समावेश
- एकीकृत शहरी योजनाका आधारमा वार्षिक योजना तर्जुमा गर्दा आयोजनाको संभाव्यता अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनलाई कार्यनीतिमा समावेश
- नगरपालिकामा गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले संचालन गर्ने तथा साझेदारीमा संचालन हुने आयोजना, कार्यक्रम तथा लगानी समेतलाई योजनामा संलग्न
- नेपाल सरकारको स्वीकृति बमोजिम विकास साझेदार तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाबाट नगरपालिकामा संचालन भएका तथा हुने कार्यक्रम तथा लगानीलाई योजनामा मध्यनजर तथा समावेश ।

## १.४ एकीकृत शहरी विकास योजना तर्जुमा तथा प्रक्रिया

योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४(५) को सहभागिता सम्बन्धी प्रावधानहरु अनुरुप स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङख्यक, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा बिषयगत समितिमा छलफल गरिएको थियो । यस नगरपालिकाको एकीकृत शहरी विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ योजना अभिमुखिकरण कार्यशाला गोष्ठी

नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्याशाला २०८० साल मंसिर २१ गते सम्पन्न गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा परामर्श दाता संस्थाले पेश गरेको कार्ययोजना पास गर्ने, एकीकृत शहरी विकास योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र नगरपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । गोष्ठीमा एकीकृत शहरी विकास योजना बनाउँदा अपनाउने प्रक्रियाहरु तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरु व्यवस्थित ढंगले संकलन गर्ने बारे छलफल गरिएको थियो ।

### १.४.२ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

वडा स्तरीय छलफल मंसिर २५ गते वाट पौष २३ गते सम्ममा सपन्न गरिएको थियो । योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थितिबारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडातहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो। सबै वडामा लक्षित समुह छलफल संचालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौति, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरुका सम्बन्धमा राय तथा सुझाब संकलन गरिएको थियो । बिषय विज्ञहरूको सहजीकरणमा एकीकृत शहरी विकास योजना तर्जुमाको एक दिने वडास्तरीय परामर्श गोष्ठी संचालन गरिएको थियो, उक्त परामर्श गोष्ठीमा, वडा अध्यक्ष, सदस्य, राजनीतिक दलका प्रतिनिधि, दलित, महिला, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको प्रतिनिधित्व रहेको थियो। यी गोष्ठीहरूमा बिषयगत रुपमा आएका प्रस्तावित कार्यक्रम तथा बजेट उपर छलफल गरी आवश्यक सुझाब सहित अनुमोदन गर्ने निश्कर्ष आएको थियो । वडास्तरीय परामर्श गोष्ठीहरूका निष्कर्ष तथा सुझावहरू यस दस्तावेजमा समावेस गरिएको छ ।

### १.४.३ एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला गोष्ठी

एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला २०८० साल पौष २४ र २५ गते नगरपालिकाको आयोजना र भिजन सेन्चुरी इन्स्टिच्युट प्रा. लि., भक्तपुरको सहजीकरणमा लुम्बिनी साँस्कृतिक नगरपालिकाको सभाहलमा आयोजना गरिएको थियो। कन्सल्टेन्सीका तर्फबाट विषयगत विज्ञहरूले कार्यशालाको सहजीकरण गर्नु भएको थियो।

एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला, स्थलगत अवलोकन, वडागत परामर्श कार्यक्रम र योजना तर्जुमा बैठकको निचोड तथा विवरणका आधारमा योजना दस्तावेजको मस्यौदा तयार गरियो । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौति तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा विशेषगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु, प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो । स्थानीय तहका अधिकार क्षेत्रका सवै विषयहरू र प्राविधिक पक्षहरूलाई तार्किक र वस्तुनिष्ट रूपमा प्रस्तुतगरी योजनाविद् तथा विषयविज्ञहरूको समेत सुझाब लिई यो एकीकृत शहरी विकास योजना दस्तावेज लेखन तथा मस्यौदा तयारी गर्ने कार्य सम्पन्न गरियो।

### १.४.४ मस्यौदा प्रमाणीकरण कार्यशाला

योजना प्रमाणीकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी नगरपालिकाको सोच, सहभागितामूलक वडास्तरीय कार्यशाला गोष्ठीहरू तथा विषय विज्ञको सुझावका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा नगरसभा सदस्यहरू र नगरपालिकाले छनौट गरी आमन्त्रण गरेका स्थानीय तहका सरोकारवालाहरू समेतको उपस्थितिमा २०८० माघ २५ गते प्रमाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरियो। उक्त गोष्ठीमा

मस्यौदा योजनाको प्रस्तुती, छलफल तथा अन्तिम पुनरावलोकनका लागि सुझावहरू संकलन गरियो । यो कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी लुम्बिनी साँस्कृतिक नगरपालिकाको एकीकृत शहरी विकास योजनाको अन्तिम मस्यौदा दस्तावेज तयार गरिएको छ।

## १.५ अध्ययनको सीमा

यो एकीकृत शहरी विकास योजना तर्जुमा प्रकृयालाई सकेसम्म वस्तुनिष्ट, व्यवहारिक र सर्वसाधारणले बुझ्न सक्ने दस्तावेजको रूपमा तयार गर्ने नगरपालिकाको सोच र सोही अनुसार गर्ने परामर्शदाता संस्थाको प्रयास हुँदा हुँदै पनि केही सीमाहरू रहन गएका छन् ।

एकीकृत शहरी विकास योजना तर्जुमा गर्दा नगरपालिकाको २०८० मा तयार भएको पार्श्वचित्रलाई सामान्य परिमार्जन गरिएको, नगरपालिकाको भवन निर्माण मापदण्ड २०८० लाई नै सामान्य परिमार्जन गरिएको, समय र श्रोतको कमीका कारण तथ्यांक संकलनका लागि विस्तृत सर्भेक्षण गर्न नसकिएको, ठुला पूर्वाधारको DPR दाताको सहयोगमा तयार भइरहेकोले एकीकृत शहरीविकास योजनामा समावेश छैन, Base Map GIS बाट तयार गरिएको हुँदा नगरपालिका, जिल्ला तथा राष्ट्रियस्तरमा रहेका तथ्यांक तथा नगरपालिका पदाधिकारी र स्थानीय समुदायसँगको छलफलका आधारमा आवश्यक तथ्यांकहरू संकलन गरिएको छ । आवश्यकता अनुसारको पूर्ण तथ्यांकहरू प्राप्त हुन सकेको छैन ।

सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी पाँच वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुन सक्ने श्रोतको सही विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक एकीन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिका क्षेत्रमा प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आँकलन गरिएको हुँदा योजना तर्जुमाका दृष्टिले अनुमानित बजेट धेरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ ।

# परिच्छेद २: नगर पार्श्वचित्र

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रूपन्देही जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकीय क्षेत्र हो ।सिद्धार्थ गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामाकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो । करीब ११२.२१ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा गाउँपालिका, पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई गाउँपालिका र भारत तथा पूर्वमा कोटहीमाई र मायादेवी गाउँपालिका रहेका छन् । यो नगरपालिका समुन्द्री सतहदेखि ९६ मि.देखि १०० मि.को उचाईमा रहेको छ ।


लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैशाख १५ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरू रहेका थिए भने मिति २०७२ पौष २१ गते साविकको आमा गा.वि.स. समावेश गरी जम्मा २१ वडा कायम गरेको थियो । फेरी मिति २०७३ फाल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका २१ वडालाई घटाएर १३ वडा कायम गरिएको छ। लुम्बिनी साँस्कृतिक नगरपालिकाको संरचना तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.: १ साविकका गाविस अनुसार नगरपालिकाको वडा विभाजन**


| कायम गरिएका वडाहरू | समावेश भएका साविकका गा.वि.स. र न.पा.हरू | साविकका वडा नं. |
|---|---|---|
| १ | भगवानपुर | १-४ |
| २ | भगवानपुर | ५-९ |
| ३ | लुम्बिनि आदर्श | २-५ |
| ४ | लुम्बिनि आदर्श | १, ६-९ |
| ५ | तेनुहवा | २,३, ५,९ |
| ६ | तेनुहवा | १, ४, ६-८ |
| ७ | एकला | ४, ५, ८, ९ |
| ८ | एकला | १-३ |

| | | |
|---|---|---|
| ९ | खुदाबगर | १-९ |
| १० | मधुवनी | १-९ |
| ११ | एकला | ६,७ |
| | मसिना | १-९ |
| १२ | आमा | १-६ |
| १३ | आमा | ७-९ |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र पार्श्वचित्र २०८०*




नक्सा १: Location Map of Lumbini Cultural Municipality




नक्सा २ : Base Map of Lumbini Cultural Municipality

**तालिका नं.: २ लुम्बिनी साँस्कृतिक नगरपालिकाको जनप्रतिनिधिहरुको विवरण**

| क्र.सं. | नाम | पद | स्थायी ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | श्री सजरूद्दिन मुसलमान | नगर प्रमुख | लु.साँ.न.पा. ३, पडरिया | ९८५७०१२५६५ |
| २ | श्री कल्पना हरिजन | उपप्रमुख | लु.साँ.न.पा. १, खुनगाइ | ९८४३९८६९४७ |
| ३ | श्री सुरज कलवार | अध्यक्ष, वडा नं.१ | लु.साँ.न.पा. १, खुनगाइ | ९८५७०२८०३८ |
| ४ | श्री मिना बारी | महिला सदस्य | लु.साँ.न.पा. १, खुनगाइ | ९८१५४०५६४२ |
| ५ | श्री सुनिता चमार | दलित महिला सदस्य | लु.साँ.न.पा. १, भगवनापुर | ९८१९७८९८३६ |
| ६ | श्री विनय कुमार श्रीवास्तव | सदस्य | लु.साँ.न.पा. १, भगवनापुर | ९८११९९३०३८ |
| ७ | श्री रामचन्द्र कुर्मी | सदस्य | लु.साँ.न.पा. १, भगवनापुर | ९८१४४९३८३ |
| ८ | श्री इनामुल्लाह फकिर | अध्यक्ष, वडा नं.२ | लु.साँ.न.पा. २, केवटलिया | ९८५७०२०८६५ |
| ९ | श्री सारधा चाइ | महिला सदस्य | लु.साँ.न.पा. २, कचरिहवा | ९८१४४६२२४६ |
| १० | श्री अनारी चमार | दलित महिला सदस्य | लु.साँ.न.पा. २, मुजहना | ९८००७२३०१२ |
| ११ | श्री त्रिभुवन अहिर | सदस्य | लु.साँ.न.पा. २, सानो अर्दैला | ९८०७५२७६९० |
| १२ | श्री भोला बानिया | सदस्य | लु.साँ.न.पा. २, लम्तिहवा | ९८०४४१८५९२ |
| १३ | श्री अकरमुद्दिन नाउँ मु. | अध्यक्ष, वडा नं.३ | लु.साँ.न.पा. ३, ठुलो पडरिया | ९८५७०१०३४३ |
| १४ | श्री चन्नना धोबी | महिला सदस्य | लु.साँ.न.पा. ३, ठुलो पडरिया | ९८२७५८०८४५ |
| १५ | श्री साजिदा खातुन | दलित महिला सदस्य | लु.साँ.न.पा. ३, सानो पडरिया | ९८०४४३५५२० |
| १६ | श्री रामभवन प्रसाद कुर्मी | सदस्य | लु.साँ.न.पा. ३, ठुलो पडरिया | ९८०५४२९८३८ |
| १७ | श्री अहमद हुसेन | सदस्य | लु.साँ.न.पा. ३, ठुलो पडरिया | ९८५७०१३०८७ |
| १८ | श्री विनोद कुमार श्रीवास्तव | अध्यक्ष, वडा नं.४ | लु.साँ.न.पा. ४, अमारी | ९८१५४७७१४७ |
| १९ | श्री राजावती देवी बढइ | महिला सदस्य | लु.साँ.न.पा. ४, मनैरी | ९८२१९२८३१४ |
| २० | श्री शान्ती देवी चमार | दलित महिला सदस्य | लु.साँ.न.पा. ४, महुवारी | ९८११९७२४९१ |
| २१ | श्री सुरेन्द्र पाल | सदस्य | लु.साँ.न.पा. ४, मनैरा | ९८०७४१८२२५ |
| २२ | श्री अब्दुल मन्नान | सदस्य | लु.साँ.न.पा. ४, अमारी | ९८११५८६४८८ |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री खुर्सेद अलम मुसलवान | अध्यक्ष, वडा नं. ५ | लु.साँ.न.पा. ५, ढोडहवा | ९८५७०४९७८६ |
| २४ | श्री इशरावती पासी | दलित महिला सदस्य | लु.साँ.न.पा. ५, तेनुहवा पुर्व | ९८१२९८४८६१ |
| २५ | श्री एलक्सन मुसलवान | सदस्य | लु.साँ.न.पा. ५, मोहसध | ९८०६९१७८१७ |
| २६ | श्री अब्दुल हक मुसलमान | सदस्य | लु.साँ.न.पा. ५, तेनुहवा पुर्व | ९८१५४१५४७० |
| २७ | श्री बैटरी तेलिन | म. सदस्य वडा नं. ५ | लु.साँ.न.पा. ५, तेनुहवा पश्चिम | ९८००७०१०२९ |
| २८ | श्री नइमुल हक मुसलवान | अध्यक्ष, वडा नं. ६ | लु.साँ.न.पा. ६, रमवापुर | ९८५७०२१९१९ |
| २९ | श्री अकलिमुन निसा | म. सदस्य वडा नं. ६ | लु.साँ.न.पा. ६, सुजन डिहवा | ९८०५४४००२१ |
| ३० | श्री गुड्डी चमार | सदस्य वडा नं. ६ | लु.साँ.न.पा. ६, पर्सा हरिजन टोल | ९८०६९८६२८४ |
| ३१ | श्री अब्दुल मोकिम मुसलवान | सदस्य वडा नं. ६ | लु.साँ.न.पा. ६, तर्कुलाहा | ९८०६९४३३०६ |
| ३२ | श्री महबुब अलि मियाँ | सदस्य वडा नं. ६ | लु.साँ.न.पा. ६, तेनुहवा | ९८०७४८४७१६ |
| ३३ | श्री ध्रुप यादव | अध्यक्ष, वडा नं. ७ | लु.साँ.न.पा. ७, भैसहिया | ९८५७०५४६६३ |
| ३४ | श्री राजमती लोध | म. सदस्य वडा नं. ७ | लु.साँ.न.पा. ७, पासिन डिह | ९८०५४६५८२९ |
| ३५ | श्री रघुबिर गिरि | सदस्य वडा नं. ७ | लु.साँ.न.पा. ७, अरहिया | ९८०७४७९४१९ |
| ३६ | श्री तारामति चमार | द.म. सदस्य वडा नं. ७ | लु.साँ.न.पा. ७, भैसहिया | ९८११९७२५५९ |
| ३७ | श्री बम बहादुर कुर्मी | सदस्य वडा नं. ७ | लु.साँ.न.पा. ७, बनरहवा | ९८०७४७५८०५ |
| ३८ | श्री राजेन्द्र जयसवाल | अध्यक्ष, वडा नं. ८ | लु.साँ.न.पा. ८, भरवलिया | ९८०४४०९४१३ |
| ३९ | श्री रूबीना मुसलवान | म. सदस्य वडा नं. ८ | लु.साँ.न.पा. ८, एकला | ९८१७५३५०८५ |
| ४० | श्री सत्तमी हरिजन | सदस्य वडा नं. ८ | लु.साँ.न.पा. ८, भरवलिया | ९८०६९३३३८९ |
| ४१ | श्री बउद प्रसाद यादव | द.म. सदस्य वडा नं. ८ | लु.साँ.न.पा. ८, एकला | ९८१२९९७२८३ |
| ४२ | श्री सराजुल हक नाउँ मुसलवान | सदस्य वडा नं. ८ | लु.साँ.न.पा. ८, भरवलिया | ९८१७५८००४३ |
| ४३ | श्री कमल अख्तर फकिर | अध्यक्ष, वडा नं. ९ | लु.साँ.न.पा. ९, महजिदिया | ९८५७०२०४७८ |


| | | | | |
|---|---|---|---|---|
| ४४ | श्री राजमती हरिजन | द. म. सदस्य वडा नं. ९ | लु.साँ.न.पा. ९, सोनवर्षा | ९८०५४११९९४ |
| ४५ | श्री शिव प्रसाद पाण्डेय | सदस्य वडा नं. ९ | लु.साँ.न.पा. ९, सोनवर्षा | ९८०५४९५८०० |
| ४६ | श्री उर्मिला चाइ | सदस्य वडा नं. ९ | लु.साँ.न.पा. ९, लकडिगढ | ९८१७५६५३९७ |
| ४७ | श्री रामजीत कोहार | सदस्य वडा नं. ९ | लु.साँ.न.पा. ९, रमवापुर | ९८१९४७७८०३ |
| ४८ | श्री विनोद कहाँर | अध्यक्ष, वडा नं. १० | लु.साँ.न.पा. १०, महिलवार | ९८४७०३००८५ |
| ४९ | श्री संजु पसी | सदस्य वडा नं. १० | लु.साँ.न.पा. १०, महिलवार | ९८१५४१२३२९ |
| ५० | श्री तुल्सा भुसाल | सदस्य वडा नं. १० | लु.साँ.न.पा. १०, महिलवार | ९८४५३१८९१० |
| ५१ | श्री विक्रम प्रसाद लोध | सदस्य वडा नं. १० | लु.साँ.न.पा. १०, महिलवार | ९८०६९४७४९ |
| ५२ | श्री किशोर यादव | सदस्य वडा नं. १० | लु.साँ.न.पा. १०, महिलावार | ९८६२४२१६६ |
| ५३ | श्री अक्रमुद्दिन मुसलमान | अध्यक्ष, वडा नं. ११ | लु.साँ.न.पा. १०, बिचैवापुर | ९८१७४२८४१२ |
| ५४ | श्री शिव दास यादव | सदस्य वडा नं. ११ | लु.साँ.न.पा. ११, धुवाधार | ९८०७४२६४२३ |
| ५५ | श्री हेदायतुल्लाह मुसलमान | सदस्य वडा नं. ११ | लु.साँ.न.पा. ११, गवनरिया | ९८०६९४९४३४ |
| ५६ | श्री विन्द्रावती चमार | द.म. सदस्य वडा नं. ११ | लु.साँ.न.पा. ११, नैकाडिहवा | ९८०४४०३७१७ |
| ५७ | श्री चन्द्राकलि सापकोटा | कार्यपालिका सदस्य | लु.साँ.न.पा. ११, महदेवा | ९८०७५१४४५२ |
| ५८ | श्री हरिकेश लोध | अध्यक्ष वडा नं. १२ | लु.साँ.न.पा. १२, भभइ | ९८०४४६४८१२ |
| ५९ | श्री अंशु लोध | कार्यपालिका सदस्य वडा नं. १२ | लु.साँ.न.पा. १२, भभइ | ९८२७४११३६५ |
| ६० | श्री दामोदर लोध | सदस्य वडा नं. १२ | लु.साँ.न.पा. १२, भभइ | ९८१७५६६५११ |
| ६१ | श्री लोकइ कोहार | सदस्य वडा नं. १२ | लु.साँ.न.पा. १२, बभनी | ९८१६४८०५९८ |
| ६२ | श्री राजमती हरिजन | सदस्य वडा नं. १२ | लु.साँ.न.पा. १२, अमा | |
| ६३ | श्री सइद मुहम्मद खाँन | अध्यक्ष वडा नं. १३ | लु.साँ.न.पा. १३, ठुलो वडवलिया | ९८०७४१९६६६ |
| ६४ | श्री मायादेवी चमाइन | द.म. सदस्य वडा नं. १३ | लु.साँ.न.पा. १३, पैसिया | ९८२४४७६८५५ |
| ६५ | श्री माया विश्वकर्मा | म. सदस्य वडा नं. १३ | लु.साँ.न.पा. १३, ठुलो वडवलिया | ९८०४४३१५८२ |

| | | | | |
|---|---|---|---|---|
| ६६ | श्री मनिरख लोध | सदस्य वडा नं. १३ | लु.साँ.न.पा. १३, सुक्रैली | ९८००७२९६४२ |
| ६७ | श्री काशिराम यादव | सदस्य वडा नं. १३ | लु.साँ.न.पा. १३, पैसिया | ९८०७४७१४०८ |
| ६८ | श्री हुसेनी लोध | कार्यपालिका सदस्य | लु.साँ.न.पा. ०३, लंकापुर | ९८२७५७७३७७ |
| ६९ | श्री हरिचन्द्र चमार | कार्यपालिका सदस्य | लु.साँ.न.पा. ०६, रमवापुर | ९८४७३१९९५७ |
| ७० | श्री शान्तिदेवी चमार | कार्यपालिका सदस्य | लु.साँ.न.पा. ०४, महुवारी | ९८११९७२४९१ |
| ७१ | श्री सुधाखर हरिजन | कार्यपालिका सदस्य | लु.साँ.न.पा. १३, ठुलो वडवलिया | ९८२१५०६५५१ |


*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र पार्श्वचित्र २०८०*

## २.२ वसोवासको स्थिति :

राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकामा आफ्नो घर भएको परिवार प्रतिशत ९९.२ छ भने भाडमा वस्ने घरपरवार प्रतिशत १.५ रहेको छ ।




नक्सा ३ : Settlement Map of Lumbini Cultural Municipality




नक्सा ४: Administrative Office Location Map

## २.३ जनसंख्या विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको जनसंख्या ८७,३८३ रहेको छ जस मध्ये पुरुष ४९.४ प्रतिशत (४३,१६४ जना) र महिला ५०.६ प्रतिशत (४४,२१९ जना) रहेका छन् । यस नगरपालिकामा पुरुषको तुलनामा महिला १.२ प्रतिशतले बढी रहेको पाइन्छ । सोही अनुसार लैंगिक अनुपात प्रति १०० महिलामा पुरुषको संख्या ९७.६१ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ७७९ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५५.६७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३६.०३ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ८.२९ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना

२०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकामा १३,६२१ घरपरीवार रहेका छन् । यस नगरपालिकामा प्रति परिवार औषत ६.४२ जना सदस्य रहेको देखिन्छ ।

**तालिका नं.: ३ जनसंख्या विवरण**

| **विवरण** | **वि.सं. २०७८** |
|---|---|
| जम्मा जनसंख्या | ८७३८३ |
| पुरुष | ४३,१६४ (४९.४ प्रतिशत) |
| महिला | ४४,२१९ (५०.६ प्रतिशत) |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९७.६१ |
| जम्मा घरधुरी | १३६२१ |
| औषत परिवार आकार | ६.४२ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ७१.१०% |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७७९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

वडाहरूको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ११ रहेको छ जसमा जम्मा जनसंख्या १०१०७ (पुरुषको ४९०२ जना र महिलाको ५२०५ जना) रहेको छ । त्यस्तै सबैभन्दा थोरै वडा नं. ८ को जनसंख्या ४३४४ (पुरुषको २१२२ जना र महिलाको २२२२ जना) रहेको छ भने घरधुरी संख्या ६९९ छ, जसको विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।


**तालिका नं.: ४ वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण**

| **वडा नं.** | **जम्मा क्षेत्रफल** | **औषत घरधुरी आकार** | **जम्मा घरधुरी संख्या** | **जम्मा जनसंख्या** | **पुरूष** | **महिला** | **जनघनत्व** |
|---|---|---|---|---|---|---|---|
| १ | ६.०२ | ६.६१ | ९०९ | ६००५ | २९८४ | ३०२१ | ९९८ |
| २ | ७.३२ | ६.१६ | १२२० | ७५१८ | ३८१० | ३७०८ | १०२७ |
| ३ | ४.४९ | ६.४२ | ८२९ | ५३२१ | २५८६ | २७३५ | ११८५ |
| ४ | १२.३८ | ६.५२ | १०२९ | ६७१० | ३३२४ | ३३८६ | ५४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ५.६१ | ६.८६ | ९१६ | ६२८६ | २९९४ | ३२९२ | ११२० |
| ६ | ९.०१ | ७.०२ | ११३३ | ७९५५ | ३८५८ | ४०९७ | ८८३ |
| ७ | ९.११ | ६.३५ | ८९७ | ५७०० | २८६९ | २८३१ | ६२६ |
| ८ | ६.१९ | ६.२१ | ६९९ | ४३४४ | २१२२ | २२२२ | ७०२ |
| ९ | ७.७९ | ६.३५ | ९९२ | ६२९७ | ३१२४ | ३१७३ | ८०८ |
| १० | १०.४२ | ५.९२ | १४१२ | ८३५६ | ४२४४ | ४११२ | ८०२ |
| ११ | १४.९५ | ६.४८ | १५६० | १०१०७ | ४९०२ | ५२०५ | ६७६ |
| १२ | १०.७५ | ५.९९ | १२५० | ७४८७ | ३७८३ | ३७०४ | ६९६ |
| १३ | ८.१७ | ६.८३ | ७७५ | ५२९७ | २५६४ | २७३३ | ६४८ |
| **जम्मा** | | **६.४२** | **१३६२१** | **८७३८३** | **४३१६४** | **४४२१९** | **७७८** |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

**लुम्बिनी साँस्कृतिक नगरपालिकाको आगामी १५ वर्षको जनसंख्या वृद्धि प्रक्षेपण**




**चित्र नं.:१: जनसंख्या प्रक्षेपण**

## २.४ सामाजिक स्थिति

### जातजाती समूह अनुसार जनसंख्याको विवरण

यस नगरपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार रूपन्देही जिल्लामा कुल ६० भन्दा बढि किसिमका जातजातिको बसोबास रहेको पाईन्छ भने २५ भन्दा बढि किसिमका मातृभाषा भाषीहरू रहेको देखिन्छ । यस नगरपालिकामा विभिन्न जातजाति, समूह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मुसलमान जाति ३३.७ प्रतिशत, दोस्रोमा यादव १३.३ प्रतिशत र तेस्रोमा लोध ८.१ प्रतिशत रहेका छन् । त्यस्तै चमार/हरीजन/राम ६.२ प्रतिशत, कहार ३.८० प्रतिशत, कुर्मी ३.५ प्रतिशत, ब्राम्हण पहाडी ३.४ प्रतिशत, धोबी २ प्रतिशत, दुसाध/पासवान/पासी २.२ प्रतिशत र अन्य तेली, मगर, काठवानिया, मल्लाह, थारु, बराई, लोहार, कलवार, हजाम/ठाकुर, हलुवाई, कायस्था, केवट, क्षेत्री, ब्राम्हण तराई, विदेशी, कामी, सोनार लगायतका अन्य जनजाती, दलित र तराई मुलका जातजातीहरूको पनि यस नगरपालिकामा बसोबास रहेको छ । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरीएको छ ।

**तालिका नं.: ५ जातजाती अनुसारको जनसंख्या विवरण**

| क.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | ५९४ | ०.७ |
| २. | ब्राह्मण (पहाडि) | ३४८ | ०.४ |
| ३. | मगर | ९६ | ०.१ |
| ४. | थारू | १०६६ | १.२ |
| ५. | तामाङ | २८ | ०.० |
| ६. | नेवार | ७५ | ०.१ |
| ७. | विश्वकर्मा | १२९ | ०.१ |
| ८. | मुसलवान | २९४६१ | ३३.७ |
| ९. | यादव | ११६४८ | १३.३ |
| १०. | गुरूङ | ५५ | ०.१ |
| ११. | परीयार | ५९ | ०.० |
| १२. | ठकुरी | ८७ | २.८ |
| १३. | मिजार | १६ | ६.२ |
| १४. | तेली | २४३२ | १.० |
| १५. | चमार हरीजन राम | ५४३४ | ३.५ |
| १६. | कोइरी कुशहवा | ८७८ | ०.२ |
| १७. | कुर्मी | ३०१५ | ३.५ |
| १८. | सन्यासी दशनामी | १५० | ०.२ |
| १९. | दुसाह पासवान पासी | १९५० | २.२ |
| २०. | मल्लाह | २३६९ | २.७ |
| २१. | केवट | १२१३ | १.४ |
| २२. | काठबानियान | ३२५ | ०.४ |
| २३. | ब्राह्मण (तराइ) | २५६२ | २.९ |
| २४. | कलवार | ११३४ | १.३ |
| २५. | कानु | ३२८ | ०.४ |
| २६. | कुमाल | १०४ | ०.१ |
| २७. | घर्ती/भुजेल | ३३ | ०.०० |
| २८. | हजाम/ठाकुर | ७३२ | ०.८ |
| २९. | धोबी | १७७९ | २.० |
| ३०. | लोहार | १२६७ | १.४ |
| ३१. | हलवाई | १४३ | ०.२ |
| ३२. | बरई | ८९८ | १.० |

| | | | |
|---|---|---|---|
| ३३. | नुनिया | ४८४ | ०.६ |
| ३४. | सोनार | ३०२ | ०.३ |
| ३५. | कुमहार | १४३० | १.६ |
| ३६. | कहार | ३३०९ | ३.८ |
| ३७. | सन्थाल | १५ | ०.० |
| ३८. | कायस्थ | २०९ | ०.२ |
| ३९. | राजपुत | ५८ | ०.१ |
| ४०. | बादी | २१ | ०.० |
| ४१. | ओरन/कुटुक | १९५ | ०.२ |
| ४२. | लोध | ७०९५ | ८.१ |
| ४३. | बढई/बाधी | ३२६ | ०.४ |
| ४४. | गडेरी/भेडीयार | २१५ | ०.२ |
| ४५. | माली | २४४ | ०.३ |
| ४६. | धुनिया | ६८४ | ०.८ |
| ४७. | कोरी | ३३ | ०.० |
| ४८. | राजभर | २१८ | ०.२ |
| ४९. | पत्थरकट्टा/कुशवाजिया | ४२ | ०.० |
| ५०. | नटुवा | ११८ | ०.१ |
| ५१. | धनकर/धरिकार | ४४ | ०.१ |
| ५२. | धाँदी | २४६ | ०.३ |
| ५३. | रानाथारु | ११ | ०.० |
| ५४. | बानियान | ११५२ | १.३ |
| ५५. | गौड | ७५ | ०.१ |
| ५६. | खातिक | ५१ | ०.१ |
| ५७. | अन्य | ५४ | ०.१ |
| ५८. | विदेशी | २४४ | ०.३ |
| ५९ | नजनाइएको | १०० | ०.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

### धर्मअनुसार जनसंख्याको विवरण

**तालिका नं.: ६ धर्मअनुसार जनसंख्याको विवरण**

| धर्म | हिन्दु | वौद्ध | इस्लाम | किराँत | क्रिश्चियन | प्रकृति | बोन | जैन | शिख | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | २८५२४ | ४२ | १४५९१ | १ | ६ | ० | ० | ० | ० | ० |
| महिला | २८२२३ | ३४ | १५९५१ | ३ | ८ | ० | ० | ० | ० | ० |
| प्रतिशत | **६४.९४** | **०.०८६** | **३४.९५** | **०.००४** | **०.०१** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१००** |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँको कुल जनसंख्याको ६४.९४ प्रतिशत (५६७४७ जना) हिन्दु, ३४.९५ प्रतिशत (३०५४२ जना) इस्लाम धर्मावलम्बीहरू, ०.०८६ प्रतिशत (७६ जना) बौद्ध, ०.००४ प्रतिशत (४ जना) किराँत धर्मावलम्बीहरू रहेको पाईन्छ । यस नगरपालिकामा मधेसी समुदायका मानिसहरूको बसोबास धेरै भएता पनि यहाँ अधिकांश मानिसहरू हिन्दु धर्मावलम्बीहरू रहेको पाइन्छ ।

### मातृभाषा अनुसार जनसंख्याको विवरण

**तालिका नं.: ७ मातृभाषा अनुसार जनसंख्या विवरण**

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २४२१ | २.७७ |
| २ | मैथिली | २६ | ०.०३ |
| ३ | भोजपुरी | २७३२३ | ३१.२७ |
| ४ | थारू | १२३ | ०.१४ |
| ५ | नेवारी | २९ | ०.०३ |
| ६ | मगर ढुट | २२ | ०.०३ |
| ७ | उर्दु | ८३२१ | ९.५२ |
| ८ | अवधि | ४८८८९ | ५५.९५ |
| ९ | गुरूङ | १४ | ०.०२ |
| १० | हिन्दी | १४७ | ०.१७ |
| ११ | अन्य | ६८ | ०.०८ |
| | जम्मा | ८७३८३ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

जनसंख्यिक अवस्थितिको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी मुसलमान, यादव लगायतका तराई समुदायका जातिको बसोबास रहेको छ । सबैभन्दा बढी अर्थात् ४८८८९ (५५.९५ प्रतिशत)

अवधि भाषा रहेको देखिन्छ । दोस्रोमा भोजपुरी भाषा २७,३२३ (३१.२७ प्रतिशत), तेस्रोमा उर्दु भाषा बोल्ने संख्या ८३२१ (९.५२ प्रतिशत), नेपाली २४२१ (२.७७ प्रतिशत), हिन्दी १,४७ (०.१७ प्रतिशत), थारु १२३ (०.१४ प्रतिशत) रहेको पाइन्छ । यसैगरी अन्य भाषाहरू बोल्ने संख्या ६८ (०.०८ प्रतिशत) रहेको पाइन्छ ।


## २.५ भू-उपयोग अवस्था

**तालिका नं. : ८ तालिका भू-उपयोगको अवस्था**


| विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| खेति योग्य जमिन | १०१.६८ | ९०.६१ |
| वनजङ्गल | ५.६ | ४.९९ |
| पानी | १.९२ | १.७१ |
| अन्य | ३.०२ | २.६९ |
| कुल क्षेत्रफल | ११२.२१ | १००.०० |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिकाको आर्थिक सर्वेक्षण २०८०*

लुम्बिनी साँस्कृतिक नगरपालिकाको विद्यमान भू—उपयोग हेर्दा नगरपालिकाको झण्डै ९०.६१ प्रतिशत (१०१.६७ वर्ग कि.मी.) जग्गा खेतीयोग्य जमिनको रूपमा रहेको छ भने ४.९९ प्रतिशत (५.६ वर्ग कि.मी.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। लुम्बिनी साँस्कृतिक नगरपालिकामा पानी क्षेत्रले करीब १.७१ प्रतिशत (१.९२ वर्ग कि.मी.) ओगटेको छ ।




नक्सा ५: लुम्बिनी सांस्कृतिक नगरपालिकाको भूउपयोग नक्सा




| Land use | 2010 Area(Km²) | 2017 Area(Km²) | 2023 Area(Km²) | %Change (2010-2017) | %Change (2017-2023) | %Change (2010-2023) |
|---|---|---|---|---|---|---|
| **Water Body** | 0.18 | 0.29 | 0.31 | 63.15 | 7.87 | 76.00 |
| **River bed** | 0.12 | 0.15 | 0.17 | 32.24 | 6.65 | 41.03 |
| **Settlements** | 1.11 | 1.46 | 2.35 | 31.60 | 60.38 | 111.05 |
| **Cropland** | 110.88 | 110.33 | 109.40 | -0.50 | -0.84 | -1.34 |

भू-उपयोगको प्रवृत्ति विश्लेषण गर्नको लागि ICIMOD द्वारा २०१० र २०१७ को लागि निकालिएको भू-उपयोग नक्सावाट लिएको र २०२३ को लागि ल्यान्डस्याट-९ इमेज लिएर गुगल अर्थ इन्जिन वाट भूमि प्रयोग नक्सा लिईएको छ ।

## भू-क्षेत्र (टोपोग्राफी)

## माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो नगरपालिका कृषिको लागि उपयुक्त उर्वर भूमिको धनी नगरपालिका हो । यस क्षेत्रमा करिब ९०.६१ प्रतिशत जमिन खेतीपातीको लागि योग्य भएको देखिन्छ । करीब ४.९९ प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने १.७१ प्रतिशत जलक्षेत्रले ओगटेको छ । नगरपालिकाको प्रमुख नगदे, खाद्यान्न तथा अन्न बालीहरूमा धान, गहुँ, मकै, मास, मुसुरो, रहर, आलस, तोरी, उखु, आदि हुन् ।

## भू-आकृति तथा माटोको बनोट

लुम्बिनी साँस्कृतिक नगरपालिका चुरे पर्वत श्रृङखलाभन्दा दक्षिणतर्फ समथर भावर प्रदेश समथर तराई क्षेत्रमा रहेको छ। भू-आकृतिमा भएको फरक अनुसार यस क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहाय अनुसार रहेको छः

(क) **मध्य भावर क्षेत्रः** चुरे पर्वत श्रृङ्खलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ । यस क्षेत्रमा ग्राभेल, बालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ । यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ ।

**(ख) दक्षिणी तराई क्षेत्रः** नगरपालिकाको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ ।

### ‘क’ वर्गः Slope <1° (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)

लगभग एउटै सतह भएको, कृषिको आवश्यकता अनुरूप माटोको गहिराई पर्याप्त भएको जमिनलाई 'क’ वर्गमा राखिएको छ । नदीको किनारमा परेको जग्गा बाहेक यस समूहको जग्गामा ठूलो भू—क्षय हुने समस्या नदेखिने र भू—बनौटको स्थायित्वमा कुनै कुराको असर नपर्ने हुँदा यस प्रकारको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू—क्षय रोक्ने उपाय अपनाउनु पर्दछ ।

सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ । मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा वनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ । भूमिगत जलसहत निकै माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि ’क’ वर्गको जमिनमा पर्दछ ।

धेरैजसो अन्नबालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी गर्न सकिन्छ । हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानको भरमा गर्न सकिन्छ । गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने गर्मी बालीको खेती सिँचाईको सहयोगमा गर्न सकिन्छ ।

### ‘ख’ वर्ग : Slope 1° –5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रो गरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू–क्षय हुन नपाओस् भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू–क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।

यस वर्गको जमिनमा पराम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिँचाई सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिँचाई भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ ।

## २.६ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी हुँदैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा लुम्बिनी साँस्कृतिक नगरपालिकाको औषतम तापक्रम अधिकतम ३६.९ डिग्री सेल्सियस पुग्छ भने हिउँदमा औषत न्युनतम ८.६ डिग्री सेल्सियससम्म पुग्ने तथ्यांकले देखाएको छ ।

## २.७ प्राकृतिक स्रोत

**सिमसार क्षेत्र**

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ ।यस नगरपालिका क्षेत्रभित्र विभिन्न तालतलैया तथा पोखरीहरू रहेका छन् । ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृपहरूको बास मानिन्छ । यस नगरपालिकामा साना ठूला गरी थुप्रै प्राकृतिक ताल तलैया तथा पोखरीहरू रेकर्ड गरिएको छ । यी ताल तलैया तथा पोखरीहरू जैविक विविधताले भरिपूर्ण रहेका छन् । यहाँका सिमसारहरूमा सारसको बासस्थान रहेको पाइन्छ ।

**नदी नाला तथा ताल पोखरीहरू**

नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदीनाला, खोला, तालतलैयाहरू र पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरूपमा सिँचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ ।

मानवबस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक पोखरीहरूमा भू—क्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक पोखरीहरूको पुनरुद्दार गरी माछापालन गरेमा नगरपालिकाका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकीय आकर्षणको रूपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ ।

नगरपालिकामा प्रमुख नदीहरु तेलार नदी, दानव नदि, कोठि नदि, कोइलीहवा खोला र काली दह हुन । यी नदीले नगरपालिकाका केहि वडाहरूलाई छोएर बग्ने हुँदा खेतीयोग्य जमिनमा सिँचाई पुर्याउने क्षमता राखे तापनि सो अनुसारको सुविधा लिन सकिएको छैन । यसका साथै नगरपालिकाका विभिन्न वडाहरुमा ताल, नाला र थुप्रै पोखरीहरु रहेका छन् ।

**तालिका नं.: ९ नदी, खोला तथा पोखरीहरुको विवरण**

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १ | तेलार नदी | वडा नं. १ |
| २ | सोड्र्या नाला | वडा नं. १ |
| ३ | भगवानपुर पूर्वको नाला | वडा नं. १ |
| ४ | भगवानपुर पश्चिमको नाला | वडा नं. १ |
| ५ | भगवानपुरमा ९ पोखरी | वडा नं. १ |
| ६ | ६ नन्दनगरमा २ पोखरी | वडा नं. १ |
| ७ | खनु गाइमा ५ पोखरी | वडा नं. १ |
| ८ | कर्तिपुरमा १ पोखरी | वडा नं. १ |
| ९ | शिवलवामा १ पोखरी र १ नाला | वडा नं. १ |
| १० | १० तेलार नदी, दानव नदी, नरौवा नाला, नौखनीया कुलो | वडा नं. २ |
| ११ | भर्थापुरको कुलौवा | ,, ,, |
| १२ | नौखनिया ताल | ,, ,, |
| १३ | चिकवी पोखरी, मुजहाना ३ पोखरी, भगतपुरवा २ पोखरी, भुजहिंया ३ पोखरी, अधौंला —२ पोखरी, अधौंला२ पोखरी, अधौंली ३ पोखरी | ,, ,, |
| १४ | तेलार नदि | वडा नं. ३, लंकापुर—पडेरिया जोड्ने |

| क्र. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| १५ | घोडहवा नाला | वडा नं. ३, ठूलो पडरिया उत्तर |
| १६ | हरनवा ताल | वडा नं. ३ |
| १७ | भौरहिया पोखरी | वडा नं. ३, ठूलो पडरिया पश्चिम |
| १८ | सौरहिया पोखरी | वडा नं. ३, ठुलो पडरिया पूर्व सडक |
| १९ | कालि मन्दिर छेउको पोखरी | वडा नं. ३ |
| २० | राम जानकी मन्दिर अगाडी पोखरी | वडा नं. ३ |
| २१ | चमार टोल ताल | वडा नं. ३, चमारटोल पश्चिम |
| २२ | कोठि नदी | वडा नं. ४ कपिलबस्तु, रुपन्देही सिमा नदी |
| २३ | तेलार नदी | वडा नं. ३ |
| २४ | आमारी बिच नाला | वडा नं. ३, अमारी |
| २५ | भुताहा नाला | वडा नं. ३, मनौरा |
| २६ | हग्नी नाला | वडा नं. ३, मनौरा उत्तर |
| २७ | वेलाहाडिहको पोखरी, ढोढहवाको पोखरी, मनोहरपुरको पोखरी (ठूलो) र सानो मुरधैया पोखरी, पोतनी पोखरी (ढोढहवाँमा), धोविया पोखरी (ढोढहवाँ), पडरिया ताल, धोविघाट–२ पोखरी मोहसड, खुखुडिहवा पोखरी (ताल), तर्कुलहिया ताल, करबलहिया ताल, चिकनी पोखरी | वडा नं. ५ |
| २८ | कोठी नदी, हडहवा नाला | |
| २९ | पुन्नीहवा ताल (डेड विगाह) | वडा नं. ६, पुन्नीहवा |
| ३० | महजिदिया ताल (१० कठ्ठा | वडा नं. ६, महजिदिया |
| ३१ | बनरहवा पोखरी — ३ | वडा नं. ७, बनरहवा |
| ३२ | पोखरी सानो बनरहवा (विचौवापुर) १ | वडा नं. ७, |
| ३३ | भैंसहिया पोखरी | वडा नं. ७, |

| क. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| ३४ | अधियारीमा पोखरी —२ | वडा नं. ७, अधियारी |
| ३५ | पूर्व शिवगढीया —१, पश्चिम शिवगढीया —१ | |
| ३६ | तेलार नदी | वडा नं. ८ र ९ को सिमा |
| ३७ | एकता पोखरी | वडा नं. ८ एकला |
| ३८ | भगतपुर पोखरी | वडा नं. ८, भगतपुर |
| ३९ | तेलार नाला | वडा नं. ९ |
| ४० | सोइया नाला | वडा नं. ९ |
| ४१ | कोइलवा नाला | वडा नं. ९ |
| ४२ | मटखनवा ताल | वडा नं. ९, लकडीगढ |
| ४३ | कोरचहवा ताल | वडा नं. ९, बेलभरिया |
| ४४ | ५ ठीहवा ताल | वडा नं. ९, चैनपुरवा |
| ४५ | करबलव ताल | वडा नं. ९, लकडीगढ |
| ४६ | कोइलीहवा खोला | वडा नं. १०, महजिदिय, मधुवनी |
| ४७ | मर्चहवा ताल | वडा नं. १०, महिलवारी |
| ४८ | हथिहवा ताल | वडा नं. १०, लक्ष्मीपुर |
| ४९ | थरुनिया ताल | वडा नं. १०, महिलवारी |
| ५० | कोठि नदी | वडा नं. ११, सिमा नदी (रुपेन्देही कपिलबस्तु) |
| ५१ | छिरकहवा नाला | वडा नं. ११, |
| ५२ | घनश्यामपुर नाला | वडा नं. ११, घनश्यामपुर |
| ५३ | नौखनिया ताल | वडा नं. ११, नौखनिया |
| ५४ | धुपही ताल | वडा नं. ११, धपही |
| ५५ | तेलार नदी | वडा नं. १३ वडा भएर बग्छ |


| क. सं. | नदी, खोलाको नाम | ठेगाना |
|---|---|---|
| ५६ | कोठरी नदी | वडा नं. १३ |
| ५७ | पुन्नीहवा पोखरी, सिधरहवागडा पोखरी कालीदह | वडा नं. १३ |
| ५८ | पैसिया मा रहेको कुस्मैया पोखरी | वडा नं. १३, पैसिया |
| ५९ | मोहियार पोखरी करिब २ विगाह | वडा नं. १३, पैसिया पूर्व पट्टी |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिकाको आवधिक योजना*

**सारस आरक्षण क्षेत्र**

दुर्लभ हुँदै गएको सारसको प्रमुख बासस्थान केन्द्रको रुपमा लुम्बिनीलाई लिइन्छ । यही सारसको संरक्षणका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकाले काम थालेको छ । संरक्षित पंक्षी सारसको ग्रेटर लुम्बिनी क्षेत्रमा तथ्यांक यकिन गर्ने, यसको बासस्थानको अवस्था र भोग्दै आएका समस्या तथा चुनौतीको पहिचान गर्ने, प्रजनन् दरको अवस्था पत्ता लगाउने तथा मानव र यो पंक्षीको सम्बन्धको बारेमा वैज्ञानिक जानकारी संकलन गर्ने गरी नगरपालिकाले कामको थालनी गरिरहेको छ ।

नगरपालिकाले स्थानीयलाई सचेतना जगाई बासस्थानको संरक्षण गरी सारसलाई पर्यटन प्रवर्द्धनसँग जोड्न नगरपालिकाले अग्रसरता देखाएको छ । विश्वमा पाइने सारसका १५ प्रजातिमध्ये नेपालमा चार प्रजाति पाइने तथ्यांक छ । नेपालमा सबैभन्दा बढी सारस पाइने लुम्बिनी क्षेत्र नै हो । उड्ने चराहरूमध्ये सबैभन्दा अग्लो सारस अधिकतम ४० देखि ५० फिटको उचाइमा उड्न सक्छ । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघले सन् २००० मा दुर्लभ पन्छीमा सूचीकृत गरेको सारसको तौल वयस्क अवस्थामा १० किलो र उचाइ पाँच फिटसम्म हुन्छ । लुम्बिनी क्षेत्रका खेतमा सारस बस्ने र त्यही प्रजनन् गर्ने भएकाले लुम्बिनीलाई सारस संरक्षण क्षेत्रका रुपमा विकास गर्न सकिन्छ ।




**नक्सा ६: Resource Map**

## २.८ नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध

नगरहरूको बीच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी नगरहरू बीच फरक-फरक हुन सक्छ । मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवतजावत गर्नुपर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा अन्तरनिर्भरता रहनु पर्ने हुन्छ ।

ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिका तथा गाउँपालिकाबाट आउने गरेको देखिन्छ । तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा

सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति निकै बढी देखिन्छ । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन-रहेको देखिन्छ । यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस नगरपालिकाको छिमेकी नगरपालिका/गाउँपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरूसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग समेत राम्रो सम्बन्ध रहेको छ ।

### २.८.१ राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा समन्वय सहकार्य र सम्बन्ध विस्तार

लुम्बिनीको विकासका लागि लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने, पर्यटन प्रवर्द्धन र विकासको लागि लुम्बिनीको राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा अनुभव आदानप्रदान, सहकार्य र संस्थागत सम्बन्ध विस्तार गर्ने उद्देश्य, नीति र योजना अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन कार्यविधि निर्माण गरी कार्य सम्पादन गरिएको ।

१) लुम्बिनीको विकासका लागि लुम्बिनी र नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार र बुद्धको शान्ति सन्देश विश्वभर फैलाउन राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा सहकार्य गर्ने गरिएको ।

२) लुम्बिनीको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धन र विकासमा सहकार्यका लागि लुम्बिनी साँस्कृतिक नगरपालिका र सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसन सङ्ग संस्थागत रूपमा सम्बन्ध कायम भएका राष्ट्रिय/अन्तर्राष्ट्रिय पालिका एवम् संस्थाहरू ।

**अन्तर्राष्ट्रियस्तरमा**

१. भारत- बोधगया, भगिनी सम्बन्ध

२. स्पेन- काथरेस नगरपालिका - भगिनी सम्बन्ध

३. स्पेनः माड्रीड महानगरपालिका—भगिनी/सह-सम्बन्ध

४. चीनः लशान शहर, दुङह्वाङ शहर, सिचुह्वाङ शहर सह-सम्बन्ध

५. लुम्बिनी गार्डेन फाउण्डेशन स्पेन

**राष्ट्रियस्तरमा**

**जिल्ला रूपन्देही**

१) लुम्बिनी साँस्कृतिक नगरपालिका

२) देवदह नगरपालिका

३) मायादेवी गाउँपालिका

४) गैडहवा गाउँपालिका

५) लुम्बिनी बौद्ध विश्व विद्यालय लुम्बिनी   ६) सिद्धार्थ उद्योग बाणिज्य संघ रूपन्देही

७) लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल

**जिल्ला नवलपरासी**

१) रामग्राम नगरपालिका   २) सुनवल नगरपालिका   ३) सुस्ता गाउँपालिका

**जिल्ला कपिलवस्तु**

१) कपिलवस्तु नगरपालिका   २) बुद्धभुमी नगरपालिका   ३) शुद्धोधन गाउँपालिका

**जिल्ला बागलुङ**

१) बागलुङ नगरपालिका

**जिल्ला पर्वत**

१) कुश्मा नगरपालिका   २) मोदि गाउँपालिका   ३) जलजला गाउँपालिका

**म्याग्दी जिल्ला**

१) बेनि नगरपालिका

**चितवन जिल्लाः**

१) भरतपुर महानगरपालिका

**जिल्ला पाल्पाः**

१) तानसेन नगरपालिका

## २.९ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पुर्ण विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने

अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरू र पोखरीहरूको निर्माण हुन गएको छ । विश्वभरिका बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र भगवान बुद्धको जन्मस्थान लुम्बिनी यहाँको प्रमुख पर्यटकीय गन्तव्य हो । यस बाहेक लुम्बिनी छेउछाउमा थुप्रै पुरातात्विक र ऐतिहासिक महत्वका स्थानहरु रहेका छन् । राणाकालिन प्रशासनिक केन्द्र भगवानपुर र खुनगाईलाई पर्यटनसँग जोड्न सकिन्छ । यहाँको मौलिक ग्रामीण चालचलन पेशा र संस्कृति पर्यटकीय महत्वका सम्पदा हुन् ।

## २.१० मुख्य चाडपर्वहरू

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । मुसलमान, यादव, लोध, चमार, कहार, कुर्मी, ब्राम्हण पहाडी आदि जातका मानिसहरू रहेका छन् जसमा अधिकांश हिन्दू धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । नगरपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन् ।

जस्तै, हिन्दूधर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरीतालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने—माघे सङ्क्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरीशयनी—हरीबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोहश्राद्ध जितीया, सिरुवा, कूल—थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरू मानउँने गर्दछन्। बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरूले ईद, वकरईद, इदुलफितर, सोभेरात आदि र क्रिश्चियनहरूले क्रिशमस डे, नयाँ वर्ष आदि मनाउने गर्दछन् ।

## २.११ संस्कृति, कला, भाषा र साहित्य

लुम्बिनी साँस्कृतिक नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरपालिकाका रूपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलास, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँसलगायत विभिन्न किसिमका कला, संस्कृतिहरू प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

लुम्बिनी साँस्कृतिक नगर क्षेत्रमा मधेसी समुदायका मानिसहरूको बाहुल्यता रहेको देखिन्छ । यस नगरका प्रायजसो समुदायका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्म मानेको देखिन्छ । यद्यपि मधेसी समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ । पहाडी समुदायहरूबाट वेदमूलक आर्य—संस्कृतिका विधि—विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पुराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोक जीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरीन्छ । यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो ।

यस नगरमा बसोबास गर्ने मानिसहरूको भेषभूषाको बारेमा चर्चा गर्दा पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमिज—सुरुवाल, दौरा—सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन् तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता—सलवार नै लगाउन रुचाउँछन् ।

## २.१२ आर्थिक अवस्था

### प्रमुख वजार तथा वित्तीय संस्थाहरु

नगरपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण निम्नानुसार रहेको छ ।

| वडा नं. | बजार केन्द्रको नाम | मुख्य व्यापारिक क्रियाकलापहरू |
|---|---|---|
| | खुनगाई | किराना, खाद्यान्न, अन्य घरायसी सामान, होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, पेट्रोल पम्प, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, |
| २ | मुजहना, खुनगाई | किराना, खाद्यान्न, अन्य घरायसी सामान,होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, गहना पशल |
| ३ | पडरिया | किराना, खाद्यान्न, अन्य घरायसी सामान,होटेल, फर्निचर, भाँडाकुँडा बनाउने, स्टेशनरी, वर्कशप, फोटो स्टुडीयो, सिलाई बुनाई, गहना पसल, पेट्रोल पम्प |
| ४ | खुनगाई, अमारी | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो,वर्कशप,पेट्रोलपम्प,स्टेशनरी,पार्लर,सैलुन,रेस्टुरेन्ट क्याफे,सिलाई बुनाई |
| ५ | मोगलाहा चोक, | व्यवसायिक फर्म, किराना, खाद्यान्न,रेस्टुरेन्ट, दैनिक घरायसी तथा व्यापारिक पसल, |
| ६ | पर्सा चोक,<br>लोहखडिया चोक | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप,स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई,हार्डवेयर, कपडा फेन्सी, पम्प |

| | | |
|---|---|---|
| ७ | भैंसहीया चोक, महजिदिया | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप,स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई,हार्डवेयर, कपडा फेन्सी, होटल, लज, |
| ८ | भैंसहीया चोक, महजिदिया चोक | दैनिक घरायसी तथा व्यापारिक पसल, |
| ९ | महजिदिया, वडा नं. १० | दैनिक घरायसी तथा व्यापारिक पसल, अटोमोवाइल शोरुम |
| १० | महिलवारचौक, महजिदिया चौक | दैनिक घरायसी तथा व्यापारिक पसल,गरगहना,फर्निचर,मोवाईल मर्मत,फोटो स्टुडियो, वर्कशप, पेट्रोलपम्प, स्टेशनरी, पार्लर,सैलुन, रेस्टुरेन्ट क्याफे, सिलाई बुनाई, अटोमोवाइल शोरुम, पेट्रोल पम्प, कानुनी सेवा |
| ११ | ११ मोगलहवा चौक, महादेवा चौक, बिचौवापुर चौक | दैनिक घरायसी तथा व्यापारिक पसल |
| १२ | बनजरही चोक | दैनिक घरायसी तथा व्यापारिक पसल, कानुनी सेवा |
| १३ | खुनगाई, गौतम बुद्ध नगर (बोर्डर) | दैनिक घरायसी तथा व्यापारिक पसल, कानुनी सेवा |

## बैंक तथा वित्तीय संस्थाहरु

नगरपालिकामा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन् । नगरपालिकामा ग्लोबल आई.एम.इ बैङ्क , प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बैङ्क, एभरेस्ट बैङ्क, कुमारी बैंक, महालक्ष्मी वैंक, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनान्स, आई. एम. ई लगायत थुप्रै वचत तथा ऋण, कृषि, बहुउद्देश्यीय सहकारी संस्थाहरु रहेका छन् । सहकारी संस्थाहरुको विवरण तालिकामा दिइएको छ ।

**तालिका नं.: १० सहकारीहरुको विवरण**

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| | बचत तथा ऋण सहकारी | |
| १ | श्री गम्भीर म. बचत तथा ऋण स. सं.लि. | लु.साँ.न.पा, खुदावगर |
| २ | श्री मित्र बचत तथा ऋण स. सं.लि. | लु.साँ. न. पा., लुम्बिनी |
| ३ | श्री परिताष बचत तथा ऋण स. सं.लि. | लु.साँ.न.पा, मधुवनी |
| ४ | श्री चाँद बचत तथा ऋण स. सं.लि. | लु.साँ.न.पा, लुम्बिनी |
| ५ | श्री त्रिभूज बचत तथा ऋण स. सं.लि. | लु.साँ.न.पा, लुम्बिनी |
| ६ | श्री भरोसा बचत तथा ऋण स. सं.लि. | लु.साँ.न.पा, लुम्बिनी |
| ७ | श्री धर्मोदय बचत तथा ऋण स.सं.लि. | लु.साँ.न.पा, मधुवनी |
| **कृषि सहकारी** | | |
| १ | रानीमहल कृ. स. स. लि. | लु.साँ.न.पा. १ |
| २ | मित्र बचत तथा ऋण स.स.लि. | लु.साँ.न.पा. १ |
| ३ | पराक्रमी कृ. स.स.लि. | लु.साँ.न.पा. १ |
| ४ | न्यु स्टार कृ. स. स. लि. | लु.साँ.न.पा. १ |
| ५ | भरोसा बचत तथा ऋण सहकारी संस्था | लु.साँ.न.पा. १ |
| ६ | विश्वासिलो कृषि स. स. लि. | लु.साँ.न.पा. २ |
| ७ | कमल पोखरी कृषि | लु.साँ.न.पा. २ |
| ८ | गौरव कृषि स.स.लि. | लु.साँ.न.पा. २ |
| ९ | अश्लेखा कृषि स. स. लि. | लु.साँ.न.पा. २ |
| १० | त्रिभुज बचत तथा ऋण स.स.लि. | लु.साँ.न.पा. ३ |
| ११ | गोरखनाथ कृषि स. स. लि. | लु.साँ.न.पा. ४ |
| १२ | समशीतोष्ण कृषि स. स. लि. | लु.साँ.न.पा. ४ |
| १३ | दुर्गा कृ.स.स. | लु.साँ.न.पा. ४ |
| १४ | योगदान कृ.स.स.लि. | लु.साँ.न.पा. ५,६ |
| १५ | रसिलो कृ.स.स. लि. | लु.साँ.न.पा. ५,६ |
| १६ | चाँद बचत तथा ऋण स. लि. | लु.साँ.न.पा. ५ |
| १७ | पृथ्वी कृषक स. स. लि. | लु.साँ.न.पा. ५,६ |
| १८ | सहनिला कृषि स. स. लि. | लु.साँ.न.पा. ७ |
| १९ | शुसिल प्रेम कृषि स. स. लि. | लु.साँ.न.पा. ७ |
| २० | अराधना कृषि स. स. लि. | लु.साँ.न.पा. ७ |

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| २१ | त्रिदेव कृषि स. स. लि. | लु.साँ.न.पा. ७ |
| २२ | महेश्वर कृषि स. स. लि. | लु.साँ.न.पा. ७ |
| २३ | सुवल कृषि स. स. लि. | लु.साँ.न.पा. ८ |
| २४ | गुप्तेश्वर कृषि स. स. लि. | लु.साँ.न.पा. ८ |
| २५ | पौरखी कृषि स. स. लि. | लु.साँ.न.पा. ८ |
| २६ | सरगर्मी कृषि स.स.लि. | लु.साँ.न.पा. ८ |
| २७ | दाईजो कृषि स. स. लि. | लु.साँ.न.पा. ८ |
| २८ | भकारी कृषि स. स. लि. | लु.साँ.न.पा. ९ |
| २९ | देवस्थल कृषि स. स. लि. | लु.साँ.न.पा. ९ |
| ३० | सदाचार कृषि स. स. लि. | लु.साँ.न.पा. ९ |
| ३१ | सत्यज्योति कृषि स. स. लि. | लु.साँ.न.पा. ९ |
| ३२ | सेवक दुग्ध कृषि स. स. लि. | लु.साँ.न.पा. १० |
| ३३ | रोशनी कृषि स. स. लि. | लु.साँ.न.पा. १० |
| ३४ | पीरतोष बचत तथा ऋण स.स.लि. | लु.साँ.न.पा. १० |
| ३५ | निलकण्ठ कृषि स. स. लि. | लु.साँ.न.पा. ११ |
| ३६ | निलकण्ठ कृषि स. स. लि. | लु.साँ.न.पा. ११ |
| ३७ | सुवर्ण कृषि स. स. लि. | लु.साँ.न.पा. ११ |
| ३८ | मसिना कृषि स.स.लि. | लु.साँ.न.पा. ११ |
| ३९ | सम्राट कृषि स.स.लि. | लु.साँ.न.पा. ११ |
| ४० | सपना कृषि स.स.लि. | लु.साँ.न.पा. ११ |
| ४१ | झिलीमिली कृषि स.स.लि. | लु.साँ.न.पा. १२ |
| ४२ | करणीमाई कृषि स.स.लि. | लु.साँ.न.पा. १२ |
| ४३ | चित्रांश कृषि स.सं.लि. | लु.साँ.न.पा. १२ |
| ४४ | हेलमेल कृषि स.सं.लि. | लु.साँ.न.पा. १२ |
| ४५ | शिवम कृषि स.सं.लि. | लु.साँ.न.पा. १३ |
| ४६ | एम. के. कृषि स.सं.लि. | लु.साँ.न.पा. १३ |
| ४७ | धर्मोदय बचत तथा ऋण स.सं.लि | लु.साँ.न.पा. १० |
| ४८ | गौमाता कृषि स.सं.लि.. | लु.साँ.न.पा. २ |
| ४९ | बद्रीनाथ कृषि स.सं.लि.. | लु.साँ.न.पा. २ |
| ५० | मकरध्वज कृषि स.सं.लि. | लु.साँ.न.पा. १ |
| ५१ | मौसमी कृषि स.सं.लि. | लु.साँ.न.पा. ८ |
| ५२ | श्री गलसन ब्रदर्स कृषि स.सं.लि. | लु.साँ.न.पा. ११ |
| ५३ | सर्वनाम कृषि स.सं.लि | लु.साँ.न.पा. ११ |
| ५४ | किसान कृषि स.सं.लि. | लु.साँ.न.पा. ११ |
| ५५ | श्री मधुबनी कृषि स.सं.लि. | लु.साँ.न.पा. १० |
| ५६ | जय माँ लक्ष्मी कृषि स.सं.लि. | लु.साँ.न.पा. ११ |

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| दुग्ध उत्पादक सहकारी | | |
| १ | श्री सेवक दुग्ध उ.स. सं.लि. | लु.साँ.न.पा., मधुवानी |
| २ | श्री मायादेवि दुग्ध उ.स.सं.लि.उ.स. | लु.साँ.न.पा., लुम्बिनि |
| बहुउद्देश्यीय सहकारी | | |
| १ | श्री बुद्ध आदर्श स.सं.लि. | लु.साँ.न.पा. |
| २ | एकला स.सं.लि. | लु.साँ.न.पा. |
| ३ | श्री जयअम्वे बहुउद्देश्यीय स.सं.लि. | लु.साँ.न.पा. |

*स्रोत सहकारी शाखा, २०८०*

# परिच्छेद ३ :समष्टिगत दिर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरुवात भए पश्चात देशको शासन तीन तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संबैधानिक व्यवस्था छ ।सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूका आ–आफ्ना अधिकार क्षेत्रहरु तोकिएका छन् । कतिपय अधिकार साझा छन् भने कतिपय एकल प्रकृतिका छन्। संविधानको अनुसूचि–८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोहि बमोजिम स्थानीय तहमा यो नगरपालिकाले पहिलो एकीकृत शहरी विकास योजना तयार गरिएको हो ।

**चुनौतीहरु**

- कृषिमा व्यवसायिकताको पर्याप्त विकास हुन नसकेको ।
- सबै खेति योग्य जमिनमा सिंचाई सुबिधा पुर्याउन नसकिएको ।
- पर्यटनको राम्रो संम्भावना भएपनि लुम्बिनी क्षेत्र बाहेक स्थानहरुमा आधारभूत पर्यटन पूर्वाधारको विकास हुन् नसकेको, पर्यटनलाई व्यावसायिक बनाउने चुनौती रहेको ।
- कृषि तथा स्थानीय उपजमा आधारित ठूला उद्योगहरुको विकास हुन नसकेको ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नगरपालिकामै गुणस्तरीय र आधारभूत सेवा प्रदान गर्न नसकिएको ।
- बाढी, डुबान र कटानको समस्या रहेको ।
- विकास र समृद्धि तर्फको यात्रामा व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना गरी युवा पलायन रोक्नु चुनौती रहेको।
- गुणस्तरीय भौतिक पूर्वाधारहरूको विकास र विस्तार गर्नुपर्ने अवस्था रहेको।
- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन । बस्तीहरूमा सुविधा वर्गीकरणको आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन । शहरी बस्तीहरूबाट उत्सर्जन हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी

बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापनको चुनौती छ ।

- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बीच समन्वय हुन नसकी पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन ।

**अवसरहरू**

- विश्वकै अनुपम बुद्ध जन्मस्थल लुम्बिनी यसै नगरपालिकामा रहेकोले, बुद्धको जन्मस्थलको रुपमा प्रचार प्रसार गरी पर्यटक बढाउन सकिन्छ ।
- हालै सम्पन्न गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट निकट रहेको।
- भूमिगत जलस्रोतका साथै प्रसस्त उर्वर र समथर जमिनको उपलब्धता रहेको ।
- धार्मिक पर्यटन, कृषि पर्यटन र शैक्षिक पर्यटनको प्रचुर संभावना रहेको । वडाका कृषि सघन क्षेत्रमा कृषि पर्यटन र बाढी, कटान, डुबान, आदिवासी, कृषि आदिका बारेमा अध्ययन र अनुसन्धान गर्न शैक्षिक पर्यटनको विकास गर्न सकिने ।
- कृषि ग्रामको विकास गरी कृषिमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्न सकिने ।
- राष्ट्रिय राजमार्ग प्रणाली अन्तर्गत पर्ने पूर्व (पश्चिम राजमार्ग, बुटवल) भैरहवा राजमार्ग र भारतीय सीमासँग जोडिएका ठूला शहरहरु साथै ठूला उपभोक्ता बजारहरूको सन्निकटता (proximity and connectivity) रहेको।
- युवा जनशक्ति अर्थात जनसांख्यिक लाभांशको उच्चतम सदुपयोग गर्न सकिने ।
- स्थानीय आवश्यकता र विशिष्टताको आधारमा आफ्ना योजना आफै निर्माण र कार्यान्वयन गर्ने गराउने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको ।
- तराइको समथर भू —धरातलको प्रधानता रहेकोले प्रत्येक वडा केन्द्रहरूसंगको सम्बन्ध सहज बनाउन सकिने र नगरपालिकालाई हरित क्षेत्र र विश्वकै उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने।

नगरपालिकामा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैयामा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगरपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरमा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू

रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सोको अधिकतम लागत मूल्यले गर्दा सोको प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार बृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउबिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

## ३.१ नगरपालिका समृद्धिका मुख्य संवाहकहरु

### ३.१.१ कृषिक्षेत्र (कृषि ग्राम)

१३ वटै वडाको माटोको नमुनाहरु परीक्षण रिपोर्ट हेर्दा धेरैजसो जग्गाको माटो क्षारिय देखिन्छ । तसर्थ पि.एच को हिसाबले यहाँको माटो लगभग सबजै सो बालीको लागि उपयुक्त देखिन्छ । क्षारियमाटोसुधार गर्न प्राङ्गारिक मल बढी मात्रामा प्रयोग गर्नुको साथै हरियो मलको प्रयोग गर्न सकिन्छ । यसका लागि बाहैं महिना सिंचाइको सुविधा पुग्ने क्षेत्रको विकास र विस्तार गरी वैज्ञानिक, व्यवसायिक र तीव्र उत्पादनमुखि कृषिको प्रवर्द्धन गरी समग्र नगरपालिकालाई एक नमुना कृषि ग्रामको रुपमा विकास गर्न सकिन्छ ।

### ३.१.२ पर्यटन

यस नगरपालिकाको केन्द्रमा विश्वभरका बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र शाक्यमुनि गौतम बुद्धको जन्मभुमी र मायादेवि मन्दिर रहेको छ । बौद्ध धमार्वलम्बीको आस्थाको केन्द्र र अन्य पवित्र तिर्थ स्थलहरु पनि रहको कारण यहाँ राष्ट्रिय र अन्तराष्ट्रिय बौद्ध धमार्वलम्बी तथा आन्तरिक एवं वाह्य पर्यटकहरुको आगमन हुने गरेको छ । यस नगरपालिकामा रहेको मायादेवीको मन्दिर, कालि मन्दिर, रामजानकी मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनिक स्थल, खेलकुद मैदान, संग्रहालय, लगायतका पर्यटकीय र धार्मिक स्थलहरु रहेका छन । यहाँको लोकप्रिय संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होम स्टे साथै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले यस नगरलाई सम्पदा पर्यटकीय नगरका रुपमा विकास गर्न सकिने प्रशस्त आधारहरु रहेका छन ।

### ३.१.३ स्थानीय कच्चा पर्दाथमा आधारित उद्योगहरु

यस नगरपालिकाको प्रमुख विकास संवाहकको रुपमा रहेको कृषि क्षेत्रको समुचित विकास पश्चात कृषि उपजमा आधारित प्याकेजिङ, प्रशोधन र गुणस्तर कायम गरी त्यस्ता बस्तुहरूको ब्रान्डिङ गर्न, उद्योगहरु खोल्न सकिने ठूलो संभावना रहेको छ ।

## ३.२ नगरपालिका समृद्धिका आधारहरु

### ३.२.१ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलसँगको सन्निकटता

भैरहवा स्थित गौतम बुद्धको अन्तराष्ट्रिय विमास्थल सूचारु हुँदा अन्तराष्ट्रिय पर्यटन तथा व्यापारी, विद्यार्थी लगायतको आवागमनको राष्ट्रिय केन्द्रकैरुपमा विकास हुने संम्भावनाका बीच जम्मा १८ कि.मी. को दुरीमा रहेको यो विश्व सम्पदा स्थलमा उक्त विमानस्थलको सकारात्मक प्रभाव पर्ने देखिन्छ । नगरपालिकाको पर्यटन विकास र समग्र आर्थिक विकासको मूख्य आधार हो ।

### ३.२.२ ठूला शहर र राजमार्ग प्रणालीसँगको सन्निकटता

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी जस्तो पवित्र धार्मिक स्थल हुनु, रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखि १८ कि.मी.दूरीमा हुनु, कालोपत्रे समेत भएको सडकको सहज र छोटो दुरीको पहुँच राष्ट्रिय राजमार्ग प्रणालीमा हुनु र भारतको सुनौली भन्सारसँगको निकटताले यहाँको विकासलाई गति थप्ने निश्चित छ । यसका साथै बुटवल, भालुवाङ, नारायणगढ तथा नेपालगञ्ज जस्ता ठूला उपभोक्ता बजारहरु समेत निकट रहनु नगरपालिकाको सबल पक्ष हो ।

### ३.२.३ अन्तर्राष्ट्रिय सीमा नाका

नगरपालिकाको तीन वटा वडाको दक्षिण सिमा भारतसंग जोडीएकोले नगरपालिकाको विकासमा अन्तरदेशीय ब्यापार, पारवहन तथा द्विपक्षिय सहयोगका क्षेत्रको प्रर्वद्धन मार्फत व्यापक आर्थिक विकासको सम्भावना रहेको छ ।

### ३.२.४ जनसांख्यिक लाभांश

२०७८ को नतिजा अनुसार यस नगरपालिकामा १० बर्षभन्दा माथि आर्थिक रुपमा सक्रिय जनसंख्या ६६.५ प्रतिशत छ। जनसांख्यिक चक्रमा यस प्रकारको जनसांख्यिक लाभ प्राप्त हुने अवसर इतिहासमा दुर्लभ हुन्छ तर्सथ युवा र सक्रिय जनसंख्याको बाहुल्यता भएको हालको अवस्था नगरपालिकाको विकासको लागि अति महत्वपूर्ण कालखण्ड हो । यो नै विकासको महत्वपूर्ण सहयोगी तत्व हो ।

### ३.२.५ भू—धरातल र प्राकृतिक सम्पदाहरु

मलिलो उब्जाउ युक्त जमिन, पोखरी नै पोखरीले समेटेको जलाधर क्षेत्र, नदी, सार्वजनिक तथा निजी तवरमा लगाइएका बगैंचा तथा हरित क्षेत्र यहाँको मुख्य प्राकृतिक सम्पदाहरु हुन् ।यी सम्पदा नै विकासलाई गतिदिने आधारहरु हुन्।

## ३.३ दीर्घकालीन सोच

नेपाल सरकारले १५ औ योजनाको आधारपत्र मार्फत वि.सं. २१०० सम्मको लागि लिएको दीर्घकालीन सोच “समृद्ध नेपाल सुखी नेपाली” र लुम्विनी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच “समृद्ध लुम्विनी : आत्मनिर्भर प्रदेश” रहेको छ । संघीय सरकार र प्रदेश सरकारले लिएको दीर्घकालीन सोच तथा त्यसको मर्मलाई आत्मसाथ

गर्दै लुम्बिनी साँस्कृतिक नगरपालिकाले आफ्नो भौगोलिक अवस्थिति, आर्थिक एवं सामाजिक अवस्था, साँस्कृतिक विविधता, प्राकृतिक श्रोत तथा सम्पदाहरु लगायत स्थानीयहरुको आशा अपेक्षालाई सम्वोधन हुने गरी आगामी १५ बर्षको लागि दीर्घकालीन सोच निर्धारण गरेको छ।

**"सोचः कृषि, शिक्षा, स्वाथ्य, पर्यटन र पूर्वाधार लुम्बिनी सांस्कृतिक नगर समृद्धिको मूल आधार**

मानव विकास, रोजगारी तथा आयस्तरमा वृद्धि गर्दै, वितरणात्मक न्याय कायम गर्दै सुरक्षित र न्यायपूर्ण समाज एवम् सुशासन कायम भएको लुम्बिनी साँस्कृतिक नगरपालिका निर्माण गर्नु।

## ३.४ समष्टिगत लक्ष्य

लुम्बिनी साँस्कृतिक नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशालावाट निम्न बमोजिमको समष्टिगत लक्ष्य निर्धारण गरिएको छ :

| | |
|---|---|
| पहिचानमूलक उत्पादन | • स्थानीय स्रोत साधनमा आधारित स्थानीय पहिचानसहितको उत्पादन<br>• कृषि क्षेत्रमा उत्पादनशीलता र व्यवसायिकता<br>• स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादन<br>• आकर्षक रोजगारीका क्षेत्रको रूपमा कृषि र पर्यटन क्षेत्रको विकास |
| हरित वातावरण | • पर्याप्त खुला स्थान, हरित पार्क तथा उद्यान<br>• पूर्ण सरसफाईयुक्त नगर<br>• हरित बस्ती, हरित ग्राम र हरित सडक |
| सुव्यवस्थित पूर्वाधार | • आधुनिक एवम् प्रभावकारी भू—उपयोगमा आधारित पूर्वाधार तथा शहरी विकास<br>• शहरी मापदण्ड अनुकुल पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार<br>• शहरी पूर्वाधारको प्रभावकारी व्यवस्थापन |
| साँस्कृतिक नगर | • मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण र प्रचार प्रसार<br>• साँस्कृतिक तथा ऐतिहाँसिक कला र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धन |
| पर्यटकीय नगर | • ऐतिहाँसिक, धार्मिक र साँस्कृतिक पर्यटनको विकास र विस्तार<br>• पर्यटनमैत्री पूर्वाधार र सेवा व्यवसायको विकास र विस्तार |
| समावेशी नगर | • सबैको समान अधिकार र अवसरको सुनिश्चिता<br>• सामाजिक न्याय र समानता |

## ३.५ उद्देश्यहरू

- रोजगारीका अवसर सिर्जना गरी आयस्तरमा सुधार गर्नु,
- सक्षम र स्वस्थ्य, सभ्य नागरिक निर्माण गर्नु,
- पुर्वाधार सुविधामा पँहुच वृद्धि गर्नु,
- जैविक विविधता संरक्षण गर्नु,
- प्राकृतिक श्रोतको उपयोग र न्यायोचित वितरण गर्नु,
- प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रर्वद्धन गर्नु,
- क्षेत्रीय तहमा पारस्परिक लाभका लागि साझेदारी र सहकार्यको वातावरण निर्माण गरी नागरिकको जीवनस्तरमा सुधार गर्नु

## ३.६ समष्टिगत रणनीति

लुम्बिनी साँस्कृतिक नगरपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, लक्ष्य र क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिएको छ ।

क) कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, उद्योग र पर्यटन क्षेत्रमा रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार विकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी वनाउने ।

## ३.७ नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु

**तालिका नं.: ११ नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | संघ ७९/८० | लुम्बिनी प्रदेश ०७९/८० | लुम्बिनी साँस्कृतिक न. पा. ०७९/८० सम्म आधार वर्ष | न. पा. को योजना अन्त्यको लक्ष्य ०८५ /८६ |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | २.२ | २.०६ | २ | ७ |
| २ | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २४.७ | ३०.९ | ४० | ३२ |
| ३ | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १४.१ | १५ | १० | १५ |
| ४ | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ६१.२ | ५४.१ | ५० | ५३ |
| ५ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय अमेरिकी डलर | अमेरिकी डलर | १४१० | ११२६ | ११५० | १५०० |
| ६ | गरिबीको रेखामुनि रहको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.२७ | २४.३५ | २० | १२ |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १७.४ | १८.२० | २० | १३ |
| ८ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ११.२* | २० | ९ |
| ९ | सुरक्षित खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | | - | ७० | ९० |
| १० | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९२.२** | ९३.७** | ९५.२ | १०० |
| ११ | इन्टरनेट प्रयोगकर्ता कुल परिवार | प्रतिशत | ३७.८ | ३६ | २२.० | ५० |
| १२ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ६९.५ | ७१ | ७३ |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | संघ ७९/८० | लुम्बिनी प्रदेश ०७९/८० | लुम्बिनी साँस्कृतिक न. पा. ०७९/८० सम्म आधार वर्ष | न. पा. को योजना अन्त्यको लक्ष्य ०८५ /८६ |
|---|---|---|---|---|---|---|
| १३ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | ३३* | ३३ | १५ |
| १४ | साक्षरता दर | प्रतिशत | ७६.२** | ७८.१** | ७१.६ | ९० |
| १५ | माध्यमिक तह (९—१२) मा खुद भर्नादर | प्रतिशत | ५७.४ | ५६.६* | ५७ | ७५ |
| १६ | शौचालयको सुविधा भएको घरपरिवार | प्रतिशत | ९५.५** | ९४.४** | ८९.१ | १०० |
| १७ | मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या (धारा, पाइप, ट्युबवेल, हेन्डपम वाट) | प्रतिशत | ८६.८ | ९०.२** | ९६.६ | १०० |
| १८ | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९५२ | ०.९०१*** | ०.९०१ | ०.९६५ |
| १९ | मानव विकास सूचकांक | सूचकांक | ०.६०१ | ०.५६३*** | ०.५६३ | ०.६३५ |
| २० | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ८६** | ९०.८** | ९८.२ | ९९ |
| २१ | घरबाट ३० मिनेटको पैदलयात्रामा सडक पहुँच भएका जनसंख्या | प्रतिशत | | - | ३३ | ७० |

*स्रोतः *** मानव विकास प्रतिवेदन २०२०, ** राष्ट्रिय जनगणना २०७८, *लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना २०७९, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, एकीकृत शहरी विकास योजना तर्जुमा कार्यशाला*

## ३.८ नगर गौरवका आयोजनाहरु

तालिका १२: नगर गौरवका आयोजनाहरु

| क.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **नगर गौरव योजना** | | | | | | |
| १ | वसपार्क निर्माण | २०००० | ३०००० | ३०००० | ३०००० | ४०००० | **१५००००** |
| २ | ग्लोबल पार्क निर्माण | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | **२५००००** |
| ३ | . प्रसाशनिक भवन निर्माण | २०००० | २५००० | ३०००० | ३५००० | ४०००० | **१५००००** |
| ४ | चक्रपथ निर्माण | ३०००० | ३५००० | ४०००० | ४५००० | ५०००० | **२०००००** |
| ५ | १०० शैया अस्पताल | ३०००० | ३०००० | ४०००० | २५००० | २५००० | **१५००००** |
| ६ | बौद्ध सर्किट | ३०००० | २००० | २००० | २००० | २००० | **३८०००** |
| ७ | सरसफाई केन्द्र निर्माण | २०००० | ३०००० | ३०००० | ४०००० | ३०००० | **१५००००** |
| ८ | लक्ष्मी नारायण हनुमान मन्दिर | १५००० | १०००० | ३००० | ० | ० | **२८०००** |
| ९ | पोखरी सौदर्यकरण:(आमा पोखरी, पूर्णिया, नौखनिया ताल, पर्सापुर्व, करवला) | २००० | २५०० | १००० | ९००० | ९००० | **२३५००** |
| | **नगर गौरबको योजनाको जम्मा** | **२१७०००** | **२१४५००** | **२२६०००** | **२३६०००** | **२४६०००** | **११३९५००** |

# परिच्छेद ४: वित्तिय विश्लेषण

नेपालको संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने अधिकार दिएको छ। नगरपालिकाले सबै प्रकारको राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने आफ्नो स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने भनेको छ ।

नगरपालिकाले एकीकृत शहरी विकास योजनाको लागि राजस्व र व्ययको अनुमान गर्दा सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र तथा विकास साझेदारको स्रोतको पहिचान गर्नुपर्ने हुँदा यस नगरपालिकाको एकीकृत शहरी विकास योजनाको दीर्घकालिन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू अनुरुप पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकिकरण गरी सोको लागि आवश्यक श्रोतहरूको व्यवस्थापन सम्बन्धी विवरणहरु यस परिच्छेदमा राखिएका छन ।

## ४.१ वित्तीय हस्तान्तरण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्थित संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण भएका छन ।

- संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- संघीय तथा प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत यस नगरपालिकालाई प्राप्त हुने कार्यक्रम बजेट जस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा रकम आदि ।
- वैदेशिक अनुदानतर्फ अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

## ४.२ आय अनुमान

स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक प्रावधान, राष्ट्रिय आर्थिक नीति र संघ तथा प्रदेशसँगको आर्थिक अन्तरसम्बन्धलाई मुख्य आधारका रुपमा लिइ वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र प्रक्षेपण गरिएको छ। नगरपालिकाले पाँचवर्षको अवधिमा प्रतिव्यक्ति वार्षिक आय वृद्धि, कृषि क्षेत्रको वृद्धिदर हासिल गर्ने, र बेरोजगारी दर तथा निरपेक्ष गरिवीको दर उल्लेख्यरुपमा तल झार्ने महत्वाकांक्षी लक्ष्य पूरा गर्नेतर्फ लक्षित गरिएको छ। नगरपालिकाले उल्लेखित आकारको आर्थिक सम्वृद्धि हासिल गर्न आवश्यक श्रोतका लागि

सहकारी, निजी र गैरसरकारी क्षेत्रको एकिकृत र समन्वयात्मक भूमिकालाई समेत आधार मानेको छ। नगरपालिकाको एकीकृत शहरी विकास योजनाको वित्तीय प्रक्षेपण गर्दा आ.व २०७९/८० लाई आधार वर्ष मानी अन्य निम्न आधार लिइएको छ ।

- आ.व. २०७७/७८ देखि २०७९।८० सम्मको यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट,
- आ.व.२०८०/८१ मा संघीय तथा प्रदेश सरकारबाट नगरपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरुको वित्तीय विवरण र आगामी वर्षहरुमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरु,
- नगरपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण ।

आय प्रक्षेपण गर्दा स्थानीय सरकार संचालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समीति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरुलाई समेत प्रक्षेपणको आधार मानिएको छ। आर्थिक प्रक्षेपण गर्दा औसत आर्थिक वृद्धि राजस्व वृद्धिको सम्भावना तथा नगरपालिकाले गर्नसक्ने थप प्रयासका आधारमा हरेक आ. व. मा अनुमानित वृद्धि गरिएको छ ।

विगत छ आर्थिक वर्षहरूमा भएको आयमा एकरूपता नरहेको कारण शीर्षकगत आय रकमहरुको प्रक्षेपणमा मात्रै भरपर्ने अवस्था देखिदैन। आन्तरिक आयतर्फ शीर्षकगत आम्दानी भएको देखिएको छैन ।संघीय तथा प्रदेश अनुदानहरु तर्फ कुनै अनुदान शीर्षकमा कुनै आ. व. मा अघिल्लो आ. व.को तुलनामा ह्वात्तै रकम वृद्धि भएको देखिन्छ भने सोही आ.व.को अर्को अनुदान शीर्षकमा अघिल्लो आ.व.को तुलनामा रकम न्यून देखिन्छ । नगरपालिकामा खर्च नभइ मौज्दातको रुपमा रहेको रकम पनि गत आ.व.मा रु २२ करोड रहेको छ ।

शीर्षकगत रुपमा असमान प्रकृतिको आय रकमले निश्चित मापदण्ड राखी वा अघिल्लो आर्थिक वर्षहरूमा भएको वृद्धिदरको औसत राखी आगामी आर्थिक वर्षहरुका तत् शीर्षकहरुमा हुन सक्ने आयलाई प्रक्षेपण गर्न सहज नभएको कारणले नगरपालकिाको आ. व. ०७९/८० को वृद्धि दरको सालाखाला १० प्रतिशतलाई आधार मानी सो पछीका आ.व.हरूको आय प्रक्षेपण गरिएको छ ।

## ४.३ बजेट विश्लेषण

नगरपालिकालाई उल्लेख्य स्रोत नेपाल सरकार राजश्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान लगायत अन्य अनुदान, प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र शुल्कको बाँडफाँड बाट प्राप्त भएका छन। लगानीलाई मूलरुपमा सडक यातायात, कृषि, बन, जडिबुटी, पर्यटन र उद्योग तथा शिक्षा स्वास्थ्य क्षेत्रमा प्रवाह गरिएको छ। संरचनागत रुपमा स्थानीय स्रोत परिचालनमा उल्लेख्य सुधार हुन नसक्दा अधिकांश लगानी सङ्घीय तथा प्रदेश सरकारमा निर्भर रहेको छ ।

आ.व. २०७७/०७८ सम्म एक करोड मुनि रहेको प्रारम्भिक वर्षहरुमा सानो परिमाणमा रहेको आन्तरिक राजस्व श्रोत आ. व. ०८०।०८१ सम्म आइपुग्दा रु. ३ करोडको ५० लाखको हाराहारीमा पुगेको देखिन्छ

। संघीय, प्रदेश तथा अन्य बजेट अन्तरगत वार्षिक रु १ अर्ब भन्दा बढीको श्रोत परिचालन हुँदै आएको छ । गत आ.व. २०७९/८० मा कुल वार्षिक बजेटको ७६.९७ प्रतिशत खर्च भएको, चालु तर्फ ८४.५४ र पुँजीगततर्फ ६४.६४ प्रतिशत खर्च भएको देखिन्छ । तथापी पुँजीगत खर्च भने कम नै देखिन्छ । कुल खर्चमा विगत वर्ष २०७७/०७८ चालु खर्च ५५ प्रतिशत, २०७८/०७९ मा चालु खर्च ५१ प्रतिशत हाराहारीमा छ, गत आ.व. २०७९/०८० मा भने चालु खर्चको अंश ६० प्रतिशत नाघेको छ । नगरपालिकाले तर्जुमा गरेका पछिल्ला सबै बजेटहरु नाफा बजेट रहेका छन। वडास्तरीय सेवाहरु वडाहरुबाट प्राप्त भएपनि खर्च सम्बन्धी कामहरु कार्यपालिका कार्यालयबाट भई आएको छ । लेखा व्यवस्थित गर्न लेखा प्रणाली प्रयोग गरिएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदानहरुमा खासै परिवर्तन छैन भने प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु आर्थिक वर्षसंगै केहि घटेको छ तर श्रोत प्राप्तिका सम्बन्धमा अनुमान योग्य हुन सकेको छैन ।

संघीय पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको राजश्व सुधारको लक्ष्य तथा सबै तहका सरकारहरुको वार्षिक बजेटको वृद्धि दरका आधारमा तल तालिकामा प्रस्तुत गरिए बमोजिम यस एकीकृत शहरी विकास योजनाको पहिलो पाँच वर्षको अवधिमा कूल रु ६ अर्ब ४१ करोड आय प्रक्षेपण गरिएको छ। सो मध्ये १ अर्ब ५२ करोड आन्तरिक श्रोतको देखिन्छ, त्यसको ठुलो हिस्सा अन्य संस्थागत आन्तरिक अनुदान र ऋणको शीर्षक छ, नगरपालिकाको आन्तरिक राजस्व भने करीब रु २४ करोड हुने अनुमान रहेको छ।

### ४.३.१ विगत तीन आ.व.को यथार्थ तथा चालु आ. व. को अनुमानित आय

**तालिका नं.:१३ यथार्थ आयको अवस्था**

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान |
|---|---|---|---|---|
| **आय** | ९१४००४३९०.०० | १०२७९४०४९०.०० | १०२९३५६५२५.०० | १०८४२८३६५९.०० |
| **राजस्व** | ३१९६५३८५०.०० | ४०५३९२१७०.०० | ४२७४९९५२५.०० | ५०४१६६६५९.०० |
| **आन्तरिक श्रोत** | १८८८९५२८०.०० | २७२२२७९३३.०० | २४३८३८५२५.०० | ३२७९३५६५९.०० |
| ११६३१ सम्पती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | १०३०००० | २००००० | ०.०० |
| ११३१३ एकीकृत सम्पती कर | ० | ० | ० | १३९०००००.०० |
| ११३१४ भुमिकर/मालपोत | २५००००० | ५०००००० | ३५००००० | २५००००००.०० |
| ११३२१ वहाल कर | ८०००० | ४२५००० | १५००००० | १९५२०००.०० |
| ११३२२ वहाल विटौरी कर | १५००००० | १८५०००० | २००००० | ३६०००००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ० | ८००००० | २००००० | २५००००.०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | २५०००० | २००००० | १५०००००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ६५०००० | १३५०००० | १८००००० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| ११६९१ अन्य कर | ४००००० | १३५५००० | १३००००० | ११००००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | १६२७४३७००.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ० | ८०६००० | ६००००० | २२९८०००.०० |
| १४२२१ न्यायिक दस्तूर | ५०००० | १००००० | १००००० | ०.०० |
| १४२२४ परीक्षा शुल्क | ० | ५०००० | ५००००० | ०.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | ३०००० | १४५००० | ० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५००००० | १६००००० | १०००००० | १००००००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ० | २३०००० | ० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | १५००००० | १५००००० | २०००००० | १२००००.०० |
| १४२४३ सिफारिश दस्तुर | १२००००० | २०००००० | २०००००० | १२०००००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ० | २०००००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | २००००० | ३००००० | ३००००० | ३०००००.०० |
| १४२४९ अन्य दस्तुर | १००००० | १२०००० | २५००००० | ०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २००००० | ४२५००० | ३१००००० | ६०००००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | २०००००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | १२०००० | १००००० | ०.०० |
| १४६११ व्यवसाय कर | ० | ० | ० | ६१५३०००.०० |
| ३२१२१ नगद | ० | ० | ० | ४००००००.०० |
| ३२१२२ बैंक मौज्दात | १७९९८५२८० | २५२७७१९३३ | २२२४३८५२५ | ९३०६२०३९.०० |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ० | ० | ०.०० | २८४९२९२०.०० |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **१३०७५८५७०.००** | **१३३१६४२३७.००** | **१८३६६१०००.००** | **१७६२३१०००.००** |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ० | ० | १६००००० | १६००००००.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ० | ० | ० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२०६३१५७० | ६०७४०५०० | १४७१६०००० | १४४१९७०००.०० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ० | ६०७४०५०० | ० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १०१२७००० | ६५००००० | १२३०१००० | ७८३४०००.०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ५०७८२३७ | ० | ०.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | १०५००० | ० | ०.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | ० | ०.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ० | ० | ८२००००० | ८२०००००.०० |
| **अन्य आय** | ०.०० | ०.०० | ३०००००.०० | ३७५४०००.०० |
| १४५२९ अन्य राजस्व | ० | ० | २००००० | ३७५४०००.०० |
| १५१११ बेरूजू | ० | ० | १००००० | ०.०० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ५९०३५०५४०.०० | ६२२५४८३२०.०० | ६०१८५७०००.०० | ५८०११७०००.०० |
| **संघीय सरकार** | ५३९३९०५४०.०० | ५७५१२७३२०.०० | ५५१५११०००.०० | ५४०८०००००.०० |
| १३३११ समानिकरण अनुदान | १८१९००००० | १८८३००००० | २००७००००० | १७३१०००००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ३५०४९०५४० | ३१५५२६००० | ३१५०६१००० | ३४२२०००००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ० | ३७००१३२० | २५७५०००० | १००००००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ० | १२५००००० | ० | ११५०००००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | २१८००००० | १०००००००० | १३००००००.०० |
| १३३१८ अन्य अनुदान चालु | ७०००००० | ० | ० | ०.०० |
| **प्रदेश सरकार** | ५०९६००००.०० | ४७४२१०००.०० | ५०३४६०००.०० | ३९३१७०००.०० |
| १३३११ समानिकरण अनुदान | ६११०००० | ९०७७००० | ११३४६००० | १३१६७०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १७८५०००० | ११५४४००० | ० | २१५००००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ० | ० | ११०००००० | ९००००००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०००००० | ७०००००० | ८०००००० | ०.०० |
| १३३१६ समपुरक अनुदान चालु | २०००००००० | १९८००००० | २०००००००० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | ० | ० | १५००००००.०० |
| बैदेशिक | ४०००००० | ० | ०.०० | ०.०० |
| जनसहभागिता | ० | ० | ०.०० | ०.०० |

## ४.३.२ आगामी पाँच वर्षको आय प्रक्षेपण

**तालिका नं.: १४ आय प्रक्षेपण**

| शीर्षक | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को प्रक्षेपण | आ.व. २०८३/८४ को प्रक्षेपण | आ.व. २०८४/८५ को प्रक्षेपण | आ.व.२०८५/८६ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| **आय** | १०५१०१४३८२ | ११५६११५८२०.२० | १२७१७२७४०२.२२ | १३९८९००१४३.४४ | १५३८७९०१५८.६९ |
| **राजस्व** | ४४३६८५६८२ | ४८८०५४२५०.२० | ५३६८५९६७५.२२ | ५९०५४५६४२.७४ | ६४९६००२०७.०२ |
| **आन्तरिक श्रोत** | २४९८३१५८२ | २७४८१४७४०.२० | ३०२२९६२१४.२२ | ३३२५२५८३५.६४ | ३६५७७८४१९.२१ |
| १११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | ० | ० | ० | ० |
| १११३१३ एकीकृत सम्पती कर | १५२९०००० | १६८१९००० | १८५००९०० | २०३५०९९० | २२३८६०८९ |
| ११३१४ भुमिकर/मालपोत | २७५०००० | ३०२५००० | ३३२७५०० | ३६६०२५० | ४०२६२७५ |
| ११३२१ वहाल कर | २१४७२०० | २३६१९२० | २५९८११२ | २८५७९२३.२ | ३१४३७१५.५२ |
| ११३२२ वहाल विटौरी कर | ३९६०००० | ४३५६००० | ४७९१६०० | ५२७०७६० | ५७९७८३६ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २७५००० | ३०२५०० | ३३२७५० | ३६६०२५ | ४०२६२७.५ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १६५०००० | १८१५००० | १९९६५०० | २१९६१५० | २४१५७६५ |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ० | ० | ० | ० | ० |
| ११६९१ अन्य कर | १२१००० | १३३१०० | १४६४१० | १६१०५१ | १७७१५६.१ |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १७९०१८०७० | १९६९१९८७७ | २१६६११८६४.७ | २३८२७३०५१.२ | २६२१००३५६.३ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २५२७८०० | २७८०५८० | ३०५८६३८ | ३३६४५०१.८ | ३७००९५१.९८ |
| १४२२१ न्यायिक दस्तूर | ० | ० | ० | ० | ० |
| १४२२४ परीक्षा शुल्क | ० | ० | ० | ० | ० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | ० | ० | ० | ० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ११००००० | १२१०००० | १३३१००० | १४६४१०० | १६१०५१० |
| १४२४१ पार्किङ्ग शुल्क | ० | ० | ० | ० | ० |
| १४२४२ नक्सापास दस्तुर | १३२००० | १४५२०० | १५९७२० | १७५६९२ | १९३२६१.२ |
| १४२४३ सिफारिश दस्तुर | १३२०००० | १४५२००० | १५९७२०० | १७५६९२० | १९३२६१२ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २२०००० | २४२००० | २६६२०० | २९२८२० | ३२२१०२ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ३३०००० | ३६३००० | ३९९३०० | ४३९२३० | ४८३१५३ |
| १४२४९ अन्य दस्तुर | ० | ० | ० | ० | ० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६६०००० | ७२६००० | ७९८६०० | ८७८४६० | ९६६३०६ |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २२०००० | २४२००० | २६६२०० | २९२८२० | ३२२१०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ० |
| १४६११ व्यवसाय कर | ६७६८३०० | ७४४५१३० | ८१८९६४३ | ९००८६०७.३ | ९९०९४६८.०३ |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | ३१३४२२१२ | ३४४७६४३३.२ | ३७९२४०७६.५२ | ४१७१६४८४.१७ | ४५८८८१३२.५९ |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | १९३८५४१००.०० | २१३२३९५१०.०० | २३४५६३४६१.०० | २५८०१९८०७.१० | २८३८२१७८७.८१ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १७६००००० | १९३६०००० | २१२९६००० | २३४२५६०० | २५७६८१६० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ० | ० | ० | ० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १५८६१६७०० | १७४४७८३७० | १९१९२६२०७ | २११११८८२७.७ | २३२२३०७१०.५ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ० | ० | ० | ० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८६१७४०० | ९४७९१४० | १०४२७०५४ | ११४६९७५९.४ | १२६१६७३५.३४ |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | ० | ० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | ० | ० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | ० | ० | ० | ० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ९०२०००० | ९९२२००० | १०९१४२०० | १२००५६२० | १३२०६१८२ |
| **अन्य आय** | ५००००००.०० | ५५०००००.०० | ६०५००००.०० | ६६५५०००.०० | ७३२०५००.०० |
| १४५२९ अन्य राजस्व | ० | ० | ० | ० | ० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ६०७३२८७००.०० | ६६८०६१५७०.०० | ७३४८६७७२७.०० | ८०८३५४५००.७० | ८८९१८९९५१.६७ |
| **संघीय सरकार** | ५८०५८००००.०० | ६३८६३८०००.०० | ७०२५०१८००.०० | ७७२७५१९८१.०० | ८५००२७१८०.०० |
| १३३११ समानिकरण अनुदान | १९०४१०००० | २०९४५१००० | २३०३९६१०० | २५३४३५७१० | २७८७७९२८१ |
| १३३१२ शसर्त अनुदान चालु | ३७६४२०००० | ४१४०६२००० | ४५५४६८२०० | ५०१०१५०२० | ५५१११६५२२ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ११००००० | १२१०००० | १३३१००० | १४६४१०० | १६१०५१० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १२६५०००० | १३९१५००० | १५३०६५०० | १६८३७१५० | १८५२०८६५ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | ० | ० | १ | २ |
| १३३१८ अन्य अनुदान चालु | ० | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | २६७४८७००.०० | २९४२३५७०.०० | ३२३६५९२७.०० | ३५६०२५१९.७० | ३९१६२७७१.६७ |
| १३३११ समानिकरण अनुदान | १४४८३७०० | १५९३२०७० | १७५२५२७७ | १९२७७८०४.७ | २१२०५५८५.१७ |
| १३३१२ शसर्त अनुदान चालु | २३६५००० | २६०१५०० | २८६१६५० | ३१४७८१५ | ३४६२५९६.५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९९००००० | १०८९०००० | ११९७९००० | १३१७६९०० | १४४९४५९० |
| १३३१४ विषेश अनुदान चालु | ० | ० | ० | ० | ० |
| १३३१६ समपुरक अनुदान चालु | ० | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३१७ समपुरक अनुदान पुँजीगत | १६५००००० | १८१५०००० | १९९६५००० | २१९६१५०० | २४१५७६५० |
| बैदेशिक | ० | ० | ० | ० | ० |
| जनसहभागिता | ० | ० | ० | ० | ० |

## ४.४ एकीकृत शहरी विकास योजनाको बजेट अनुमान

खर्चको क्षेत्रगत बाँडफाँडका लागि विगतका आर्थिक वर्षको विषयगत क्षेत्रमा भएको व्ययको प्रवृत्ति र चालु आ. व. ०८०।८१ को विषयगतक्षेत्र विनियोजनलाई आधार मानिएको छ । चालुआर्थिक वर्षमा ४ प्रतिशत हाराहारीमा रहेको आर्थिक विकास क्षेत्रमा करीव २५ प्रतिशत प्रस्ताव गरिएको छ ।

एकीकृत शहरी विकास योजनाले प्राथमिकतामा राखेका क्षेत्रलाई लगानी प्राथमिकतामा राखी विषयक्षेत्रगत लगानीको सिमा प्रतिशत निर्धारण गरिएको छ। नगरपालिकाको प्राथमिक क्षेत्रमा लगानी गरिनुपर्ने नीति अनुरुप आ. व. २०८१।८२ देखि आ. व.२०८५।८६ सम्म विषयक्षेत्रगत बजेट बाँडफाँटको अनुपात आर्थिक विकास क्षेत्रमा २५%, सामाजिक विकास क्षेत्रमा २०%, पूर्वाधार विकास क्षेत्रमा ४३%, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ८%, र संस्थागत विकास तथा सुशासन क्षेत्रमा ४% हुने गरी गरिएको छ ।

चालु खर्चलाई क्रमिक रुपमा कम गर्दै लैजाने नीति अनुरुप एकीकृत शहरी विकास योजना अवधिका लागि चालु खर्च ५० प्रतिशतमा रहने गरी सिमा निर्धारण गरिएको छ । कुल आय रकमबाट पूँजीगत खर्चका लागि एकीकृत शहरी विकास योजना अवधिका लागि रु ३ अर्व २० करोड उपलब्ध हुने देखिन्छ।

**संक्षिप्त बजेट अनुमान (रू. हजारमा)**

### तालिका नं.:१५ विषय क्षेत्रगत बजेट अनुमान

| क्षेत्र/आयोजना | कूल | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| **कुल अनुमानित रकम** | ३२०८२७३ | ५२५५०७ | ५७८०५७ | ६३५८६३ | ६९९४५० | ७६९३९५ |
| **आर्थिक विकास** | **८०२०६८** | **१३१३७७** | **१४४५१४** | **१५८९६६** | **१७४८६३** | **१९२३४९** |
| कृषि विकास | ४०१०३४ | ६५६८८ | ७२२५७ | ७९४८३ | ८७४३१ | ९६१७४ |
| पशुपन्छी विकास | ८०२०७ | १३१३८ | १४४५१ | १५८९७ | १७४८६ | १९२३५ |
| घरेलु तथा साना उद्योग | १६०४१४ | २६२७५ | २८९०३ | ३१७९३ | ३४९७३ | ३८४७० |
| पर्यटन विकास | १२०३१० | १९७०७ | २१६७७ | २३८४५ | २६२२९ | २८८५२ |
| सहकारी विकास | ४०१०३ | ६५६९ | ७२२६ | ७९४८ | ८७४३ | ९६१७ |
| **सामाजिक विकास** | **६४१६५५** | **१०५१०१** | **११५६११** | **१२७१७३** | **१३९८९०** | **१५३८७९** |

| क्षेत्र/आयोजना | कूल | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| **कुल अनुमानित रकम** | ३२०८२७३ | ५२५५०७ | ५७८०५७ | ६३५८६३ | ६९९४५० | ७६९३९५ |
| शिक्षा | २२४५७९ | ३६७८५ | ४०४६४ | ४४५१० | ४८९६२ | ५३८५८ |
| स्वास्थ्य तथा पोषण | १९२४९६ | ३१५३० | ३४६८३ | ३८१५२ | ४१९६७ | ४६१६४ |
| महिला तथा बालबालिका | ३२०८३ | ५२५५ | ५७८१ | ६३५९ | ६९९५ | ७६९४ |
| दलित, उत्पीडित, बर्ग उत्थान | १२८३३ | २१०२ | २३१२ | २५४३ | २७९८ | ३०७८ |
| आदिबासी जनजाती विकास | १२८३३ | २१०२ | २३१२ | २५४३ | २७९८ | ३०७८ |
| बाल अधिकार तथा बाल संरक्षण | ६४१७ | १०५१ | ११५६ | १२७२ | १३९९ | १५३९ |
| युवा तथा खेलकुद | ३२०८३ | ५२५५ | ५७८१ | ६३५९ | ६९९५ | ७६९४ |
| खानेपानी तथा सरसफाई | १२८३३१ | २१०२० | २३१२२ | २५४३५ | २७९७८ | ३०७७६ |
| **भौतिक पूर्वाधार विकास** | **१३७९५५७** | **२२५९६८** | **२४८५६५** | **२७३४२१** | **३००७६४** | **३३०८४०** |
| सडक तथा यातायात क्षेत्र | ७५८७५७ | १२४२८२ | १३६७१० | १५०३८२ | १६५४२० | १८१९६२ |
| सञ्चार तथा सुचना प्रविधि पुर्वाधार | ८२७७३ | १३५५८ | १४९१४ | १६४०५ | १८०४६ | १९८५० |
| विद्युत तथा उर्जा | ५५१८२ | ९०३९ | ९९४३ | १०९३७ | १२०३१ | १३२३४ |
| भवन तथा वस्ति विकास | २७५९११ | ४५१९४ | ४९७१३ | ५४६८४ | ६०१५३ | ६६१६८ |
| सिंचाइ बिकास | २०६९३४ | ३३८९५ | ३७२८५ | ४१०१३ | ४५११५ | ४९६२६ |
| **वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन** | **२५६६६२** | **४२०४१** | **४६२४५** | **५०८६९** | **५५९५६** | **६१५५२** |
| वन विकास तथा वातावरण संरक्षण | २५६६६२ | ४२०४१ | ४६२४५ | ५०८६९ | ५५९५६ | ६१५५२ |
| **संस्थागत विकास तथा सुशासन** | **१२८३३१** | **२१०२०** | **२३१२२** | **२५४३५** | **२७९७८** | **३०७७६** |
| संस्थागत सुशासन तथा क्षमता विकास | १२८३३१ | २१०२० | २३१२२ | २५४३५ | २७९७८ | ३०७७६ |

# परिच्छेद ५: आर्थिक विकास योजना

## ५.१ भूमि व्यवस्थापन (भू—उपयोग)

### पृष्ठभूमि

समुद्री सतहबाट ९६ मिटर देखि १०० मिटरका उचाइमा रहेको यस नगरपालिकाको जमिन विशाल गंगा नदी प्रणालीले निर्माण गरेको समथर तराईको उर्वर क्षेत्र हो ।यसर्थ यो समथर भू—भाग पाँगो र बालुवा मिश्रित उवर्र भूमि अन्तर्गत पर्दछ । कुल ११२.२१ वर्ग कि.मी. क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । यसैगरी वन (बगैचा) क्षेत्रले ४.४९ प्रतिशत छ भने पानी १.७१ प्रतिशत रहको छ । अन्य क्षेत्रले २.६९ प्रतिशत भू—भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू—उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग माफर्त यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ।

### अवसरहरू

- तराईको समथर र उर्वर जमिन रहेको।
- उत्पादनशील क्षेत्रले करिब ९० प्रतिशत भू—भाग ओगटेको ।
- भूमिगत जलस्रोतको पर्याप्तता रहेको ।
- स्थानीय तहमा भूमि व्यवस्थापनसम्बन्धी अधिकार रहेको।

### चुनौतीहरु

- नदीको कारण बाढी, डुवान तथा कटानको समस्या रहको।
- जमिनको पूर्ण र वैज्ञानिक रुपमा सदुपयोग नभएको ।
- जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने चुनौती रहेको ।
- भूमिको खण्डिकरण तथा अव्यवस्थित वसोवास ।

**सोचः**

भू -स्रोतको वैज्ञानिक प्रयोगमार्फत आर्थिक समृद्धि हासिल गर्ने ।

**लक्ष्यः**

वैज्ञानिक भू—उपयोग लागू गरी आर्थिक विकासको आधार बनाउने ।

**उद्देश्यः** सम्पूर्ण जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु ।

| रणनीति | कार्य नीति |
|---|---|
| राष्ट्रिय र प्रादेशिक भू—उपयोग नीति अनुरुप स्थानीय भू—उपयोग योजना र कृषि नीति निर्माण गर्ने | • नगरपालिकाको जमिनलाई भू—उपयोग योजना अनुरुप वर्गीकरण गरिनेछ । <br> • नगरपालिका भित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरुपमा लगत संकलन गरी व्यक्ति, सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी भूमि प्रशासन प्रणालीमा आबद्ध गरिनेछ । <br> • नगरपालिकामा उपलब्ध सिंचित र सिंचाई नपुगेको जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक हुने संयन्त्र निर्माण गरिनेछ । |
| खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने | • भूमि बैङ्कको स्थापना गरिनेछ । <br> • करारमा खेती गर्न इच्छुक कृषकलाई आवश्यक जमिन उपलब्ध गराइनेछ । <br> • बगर वा नदी उकासको जमिनमा खेती प्रोत्साहन गर्न संभाव्यता अध्ययन तथा कृषक अभिमुखीकरण गरिनेछ । |
| जग्गा चक्लाबन्दी गर्ने | • बाँझो जग्गाको लगत संकलन गर्ने <br> • नगरपालिकाभर जग्गा चक्लाबन्दी गर्न चाहने कृषकहरुको विवरण संकलन गरिने छ <br> • जग्गा चक्लाबन्दी गरी सामुहिक खेती गर्न चाहने कृषकहरु पहिचान गरी कृषक समूह गठन गरिनेछ । <br> • चक्लाबन्दी गरी सामूहिक खेती गर्न चाहने कृषकलाई मापदण्डका आधारमा मल, वीउ, ज्ञान, सिप, प्रविधि र अन्य कृषि सामग्रीमा अनुदान दिई प्रोत्साहन गरिनेछ । |

## प्रमुख कार्यक्रम

- सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक गरी संरक्षण गर्ने
- भूमि बैङ्क स्थापना
- करार खेती तथा बगर खेती गर्न इच्छुक कृषकलाई अभिमुखीकरण गर्ने
- कृषक समूह तथा कृषि सहकारीहरुलाई चक्लाबन्दी गरी सामूहिक खेतीको लागि प्रोत्साहन गर्ने

**अपेक्षित उपलब्धीहरु**

नगरपालिकामा उपलव्ध खेतीयोग्य जमिनको वैज्ञानिक र पूर्ण सदुपयोग भएको हुनेछ ।

## ५.२ कृषि, मत्स्य, पशुपन्छी तथा जडीबुटी

### ५.२.१ कृषि

**पृष्ठभूमि**

तराइको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले नगरपालिकाको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो ।यो नगरपालिका समुद्री सतहबाट ९६ मिटर देखि १०० मिटरको उचाइमा फैलिएको छ । कुल ११२.२१ वर्ग कि.मी. क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । त्यसैगरी जल क्षेत्रको १.७१ प्रतिशत, वनजंगल (बगैचा) क्षेत्रले ४.९९ प्रतिशत भू—भाग ओगटेको छ ।नगरपालिकाका १३ वटै वडामा खेतीपाती हुन सक्ने र भैरहेका प्रशस्त कृषि क्षेत्रहरु छन् ।हाल खेतीपाती भैरहको क्षेत्र मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।नगरपालिकाको कुल जनसंख्याको ६७.१ प्रतिशत भन्दा बढी कृषि पेशामा संलग्न रहकोले नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई वैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ । नगरपालिकाको प्रमुख नगदे बाली मास, मुसुरो, रहर, तोरी, उखु र अन्न बालीहरु धान, गहुँ, मकै, आदी हुन् । यी क्षेत्रहरूमा समान प्रकृतिको भू—बनोट भएकाले एकीकृत रूपमा जलवायु अनुकूल माटोको प्रकृति अनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । विशेष गरी वडा नं. १ मा धान पकेट (खुनगाई) र तोरीको पकेट क्षेत्र भगवानपुर, वडा नं. ९ मा स्मार्ट तरकारी खेती, स्मार्ट धान खेती, वडा नं. १० मा धान, तरकारी (महिलवारी) र केरा खेती (लक्ष्मीपुर), वडा नं. ११ मा तोरी, काला नामक उन्नत धान र तोरी,कृषि पकेट क्षेत्रका रुपमा रहेका छन ।

**अवसरहरू**

- प्रशस्त मलिलो खेतीयोग्य जमिनको उपलब्धता हुनु ।
- भूमिगत जलस्रोतको उपलब्धता हुनु ।
- अधिकांश जनसंख्याको मुख्य पेशा कृषि रहनु ।
- कृषिसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरु अनुकूल हुनु ।
- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु ।

- मुख्य खाद्यान्न बालीमा धान, मकै, गहुँ लगायत उष्ण क्षेत्रमा पाइने सबैखाले फलफूल तरकारी र नगदेबालीको उत्पादन हुनु ।
- नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायतका वस्तुहरूको बजारीकरण हुने गरेको ।

**चुनौतीहरु**

- कृषिको वैज्ञानिकिकरण, यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु ।
- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग हुन नसक्नुले जमिन बाँझो रहनु ।
- बाढी, डुवान र कटानको समस्या हुनु ।
- बाह्रै महिना सिंचाइको सुविधा नहुनु तथा आकाशे पानीको भरपर्नु ।
- जमिन खण्डीकरण हुनु ।
- शीत भण्डारणको उपलब्धता नहुनु ।
- कृषि बिमा प्रभावकारी बनाउन नहुनु ।
- यूवाशक्ति कृषि पेशामा आर्कषित नहुनु ।
- किसानको कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, ज्ञान र सिपको अपर्याप्तता र पहुँच कम हुनु ।
- खुल्ला सीमाका कारण भारतिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- वजारमा विचौलियाको बिगबिगी हुनु ।
- परम्परागत खेतीप्रणाली हुनाले निर्वाहमुखी हुनु र उत्पादन लागत धेरै हुनुले कृषि उत्पादनले वजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु ।

**सोचः** व्यवसायिक, उच्च प्रतिफलयूक्त निर्यातमुखी कृषि

**लक्ष्यः** नगरपालिकाको आर्थिक समृद्धिको मूलसंवाहकको रुपमा कृषिको विकास गर्ने

**उद्देश्यहरूः**

- व्यवसायिक र उच्च प्रतिफलमुखी कृषि उत्पादनमा केन्द्रित हुनु ।
- नमूना कृषि ग्रामको रुपमा विकास गर्नु ।
- वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।
- व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने | • कृषक परिचय पत्र वितरण गरिनेछ ।<br>• अगुवा कृषकहरूको पहिचान गरी विवरण संकलन गरिनेछ ।<br>• वर्षमा कम्तीमा एकपटक कृषिको व्यवसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिनेछ । |
| उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने | • खेतियोग्य जमिनलाई क्रमश सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकिकरण गरिनेछ ।<br>• प्रत्येक वडामा अत्यन्त उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरीसघन खेतीका लागि मिश्रित बाली पहिचान गरिनेछ ।<br>• प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिनेछ ।<br>• नदीवरपरको क्षेत्र र किनारमा बगर खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ । |
| कृषि पकेट क्षेत्रको विकास गर्ने | • वडास्तरमा उच्च मूल्यका फलफुल जस्तै आँप र केरा तथा नगदेबाली, काला नामक धान आदिको विशेष पकेट क्षेत्र घोषणा गरिनेछ ।<br>• बाली विशषको पकेट क्षेत्रलाई केन्द्रित गरी गुणस्तरीय र उन्नत बीउ विजनका लागि स्रोत केन्द्र स्थापना गरिनेछ ।<br>• वडास्तरमा जलवायू र माटो अनुकूल उत्पादन हुने प्रमुख वालीका आधारमा जोन र सुपरजोनको पहिचान र घोषणा गरिनेछ । जोन र सुपरजोन स्तरीय उत्पादित प्रमुख उत्पादनको वार्षिक अध्ययन प्राप्त गर्न स्वचालित तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने | • आवश्यक रासायनिक मलको आयतन आंकलन गरी समयमै आपूर्ति गर्न नगरपालिकास्तरीय संयन्त्र निर्माण गरिनेछ ।<br>• प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादन गरिनेछ ।<br>• वडास्तरमा उत्पादन हुने बाली विषेशका आधारमा उन्नत बीउ वितरण गर्न बीज बङ्कै तथा सामाग्री केन्द्रको विकास गरिनेछ<br>• कृषि यान्त्रिकीकरण अन्तर्गत किसानले खरिद गर्ने औजारमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>• साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमश यान्त्रिकीकरण गर्न प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| मल तथा विषादिको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने | • मलको प्रयोग र अनुपात समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिनेछ ।<br>• जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिनेछ । |
| सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने | • सङ्घीय र प्रदेश सरकार तथा नगरपालिकाको सहजीकरण तथा समन्वयमा व्यवसायिक योजना अनुरुप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिनेछ ।<br>• वैदेशिक रोजगारीमा गई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको व्याजमा अनुदान दिने व्यवस्था मिलाइने छ। |
| कृषि बिमालाई प्रभावकारी बनाउने | • नगरपालिकाको सहजिकरणमा कृषि बिमालाई कृषक मैत्री बनाइने छ ।<br>• कृषकहरूलाई कृषि बिमाको आवश्यकता र महत्वका विषयमा सूसुचित गर्न बिमा कम्पनीहरूको सहयोगमा नियमित अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।<br>• न्यून आय भएका साना किसानहरूलाई निश्चित मापदण्डका आधारमा कृषि बिमामा सहुलियत तथा अनुदानको व्यवस्था गरिने छ । |
| वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने | • वातावरण र कृषिको अन्तरसम्बन्धका विषयमा विज्ञहरूद्वारा नगरपालिकाका सफल र अगुवा कृषकहरूलाई वर्षमा १ पटक अभिमुखीकरण गरिनेछ । |
| निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा “एक वडा एक कृषि” मा आधारित उद्योगको निर्माण गर्ने | • प्रत्येक वडामा बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थमा आधारित उद्योगहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• पहिलो चरणमा “एक वडा एक कृषि” उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ ।<br>• उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि नगरपालिकाद्वारा सहयोग प्रदान गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने | • मौरीपालक कृषकको विवरण संकलन गरिनेछ ।<br>• मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिनेछ<br>• व्यवसायिक मौरीपालक कृषकलाई घारमा अनुदान प्रदान गरिनेछ।<br>• उत्पादित महलाई प्रशोधन र प्याकेजिङ्ग गरिनेछ ।<br>• मह-उपभोक्ता बजार तथा मागको अध्ययन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- व्यवसायीक कृषि अनुदान र छुट तथा सहुलियत ऋण,
- कृषि यान्त्रिकरण तथा बजारीकरण,
- नगदे बाली बजार प्रवर्द्धन,
- कृषि उपज भण्डारण केन्द्र स्थापना,
- कृषि प्रयोगशाला स्थापना,
- कृषि चिस्यान तथा शित भण्डार केन्द्र स्थापना तथा स्तरउन्नती ,
- कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम,
- कृषि ज्ञान केन्द्र स्थापना,
- किसान क्षमता अभिवृद्धि कार्यक्रम ।

**अपेक्षित उपलब्धीहरु**

कृषि उत्पादनको वृद्धि भई आफ्नो उत्पादन तथा आयले वर्षभरि खान पुग्ने परिवार ९० प्रतिशत हुनेछ, नगरपालिका कृषिमा आत्मनिर्भर हुँदै कृषिजन्य उत्पादनको निर्यात गर्नेछ ।

## ५.२.२ पशुपंक्षी विकास तथा मत्स्यपालन

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयूक्त हुने जातका गाई, भैंसी, बाख्रा, भेडा, बगुंर, कुखुरा, हाँस, वोइलर कुखुरा, बट्टाई,मौरी लगायतका पशपुंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ । पशपुन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । अर्कातर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएतापनि केही फाट्टफट्टु बाहेक ठूलो स्तरको व्यवसायिक माछापालन भने यो नगरपालिका रहेको छैन । यहाँ पाइने माछाहरुमा विगहेडकार्प, कमन, ग्रासकाप, सिल्भरकार्प, प्रजाती र स्थानीय प्रजातीमा मङ्गुर, रोहु हुन । नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूल माछापालन गर्न उपयूक्त देखिन्छ।

**अवसरहरू**

- समथर भू—धरातल र उष्ण क्षेत्रमा उपयूक्त जातका पशुपन्छी र माछा उत्पादन गर्न सकिने।
- दुध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग जोडिएको र ठूला उपभोक्ता बजारहरू समेत नजिक भएको ।
- विभिन्न वडाहरुमा व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालनमा रहनुका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालनमा रहेको ।
- धेरै पोखरी भएकोले माछापालन पकेट बनाउन सकिने ।

**चुनौतीहरु**

- पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको ।
- युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरुलाई यस क्षेत्रमा आर्कषण गर्न नसकिएको ।
- पशुपन्छी तथा मत्स्य सेवा केन्द्र तथा प्राविधिकहरुको पर्याप्त व्यवस्था नभएको ।
- दुध, मासु, अण्डा, माछाको माग अनुसार आपूर्ति पर्याप्त गर्न नसकिएको ।
- भारतीय उत्पादनसँग प्रतिस्पर्धा।

**सोच:**

व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत स्थानीय आर्थिक समृद्धि

**लक्ष्य**

व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने

**उद्देश्यहरू**

- पशुपन्छीपालनलाई व्यवसायिक बनाउनु ।
- पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।
- माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने | • वडास्तरमा उद्यमशील सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिनेछ ।<br>• इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालनसम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिनेछ । |
| युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने | • निश्चित मापदण्डका आधारमा एकल तथा सामुहिक रुपमा पशुपन्छी पालनमा व्यवसायिक रुपमा जान खोज्ने कृषक तथा कृषक समूहलाई ब्याजमा अनुदान दिइनेछ ।<br>• स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिनेछ । |
| पशुपन्छी उत्पादन गर्नको लागि आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | • पशुपालनलाई आवश्यक घाँसको उत्पादन, वीउ तथा बेर्ना वितरण गरिनेछ ।<br>• खेर गईरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादनसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>• प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवामार्फत विस्तार गरिने छ ।<br>• पशुबिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी वनाई कार्यान्वयन गरिनेछ ।<br>• उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन  गर्न निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।<br>• कृत्रिम गर्भाधान तथा नश्ल सुधार सेवालाई विस्तार गरिनेछ ।<br>• व्यवसायिक पशुपालक कृषकलाई उत्पादनको आधारमा अनुदान वितरण गर्ने व्यवस्था मिलाउने । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| पशुपन्छीजन्य तथा माछाको उत्पादनको निर्यात गर्ने | • नगरपालिकामा पशुपन्छी संकलन केन्द्रको स्थापना गरिनेछ ।<br>• पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा मागको अध्ययन गनिरेछ।<br>• पशुपन्छीजन्य उत्पादनहरूको लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाइनेछ ।<br>• उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिनेछ ।<br>• माछाको निर्यातका लागि संकलन भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना गरिनेछ । |
| पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने | • स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडा स्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईने छ ।<br>• त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिनेछ ।<br>• नगरपालिकामा पानीको उपलब्धता भएका सार्वजनिक तथा गुठी अन्तर्गतका पोखरीहरु ठेक्कामा लगाइनेछ । |

**प्रमुख कार्यक्रम**

- पशु नक्ष सुधार तथा कृतिम प्रजनन प्रर्वद्धन कार्यक्रम,
- पशु स्वास्थ्य तथा विमा कार्यक्रम,
- गोठ सुधार तथा ब्यबसायिक घाँस तथा दाना उत्पादन कार्यक्रम,
- आधुनिक बधशाला निर्माण,
- दुध संकलन केन्द्र तथा दुध चिस्यान प्रसोधन केन्द्र विस्तार तथा स्तरउन्नती कार्यक्रम
- दुध ब्यबसाय प्रवर्द्धन तथा प्रसोधन अनुदान कार्यक्रम,
- माछापालन ब्यबसाय अभिवृद्धिका लागि अनुदान तथा सहयोग
- पशु रोग बिरुद्धको खोप कार्यक्रम,
- पशु किसान क्षमता अभिबृद्धि कार्यक्रम ।

**अपेक्षित उपलब्धीहरू**

मासु, अण्डा, दुधमा आत्मनिर्भर भई निर्यात हुनेछ ।

### ५.२.३ जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरु पाइन्छन् । यस नगरपालिकामा पनि विशेषगरी जडिबुटीहरुमा निम, बकाइनो, बोजो, तुलसी, खयर, गुर्जो, पिपला, केमुन, रुदीलो, हर्रो, बर्रो, तेजपत्ता,अमला, लजावती झार, तितेपाती, असुरो, कुरीलो, वाबरी आदि जस्ता जडीबुटीहरु पाइन्छन् । तथापि यस्ता जडीबुटीहरुको व्यावसायिक उत्पादन हुनसकेको छैन । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

**सोचः** जडीबुटीहरुको व्यावसायिक उत्पादन मार्फत स्थानीय आर्थिक विकास गर्ने ।

**लक्ष्यः** जडीबुटीहरुको व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गरी स्थानीयवासीको आयआर्जनमा टेवा पुर्याउने ।

**उद्देश्यः**

जडीबुटीहरुको व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गरी स्थानीयको आयवृद्धि गर्ने ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| नगरपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने | • विज्ञको सहयोगमा नगरपालिका भर पाइने जडीबट्टीहरूको पहिचान गरी विवरण संकलन गरिनेछ ।<br>• आफ्नो वरपर रहका बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्न जनस्तरमा जनचेतना फैलाउन स्थानीय संचार माध्यामहरूको सहयोग लिइनेछ।<br>• स्थानीय स्तरमा प्राप्त हुने बहुमुल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माण गरी प्रसारण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| कृषकलाई व्यवसायीक जडीबट्टी उत्पादनका लागि प्रोत्साहन गरिनेछ । | • नगरपालिकामा जडीबुटी उत्पादनलाई पेशागत र व्यवसायिक बनाउन चाहने कृषकको विवरण संकलन गरिनेछ ।<br>• इच्छुक कृषकहरूलाई नगरपालिकाको तर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गरिनेछ ।<br>• नगरपालिकाभर प्राकृतिक चिकित्सा, आयूर्वेद विज्ञान तथा योग साधनामा लागेका अग्रजहरूको सहयोगमा व्यवसायीक किसानको मनोबल बढाउन वर्षमा एक पटक जडीबुटीको व्यवसायीक उत्पादनसम्बन्धी अन्तरक्रिया गरिनेछ । |
| कृषि र जडीबट्टी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रर्वद्धन गरिनेछ । | • कृषिसंगै जडीबट्टी समेत उत्पादन गर्ने कृषकलाई जडीबुटी उत्पादनसम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पु¥याइने छ ।<br>• अन्तरवाली अन्तर्गत कृषि बाली संगसंगै जडीबुटी उत्पादन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>• नगरपालिकामा खेर गइरहेको जमिन र वनक्षेत्रलाई व्यवसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा दिन व्यवस्था मिलाइनेछ ।<br>• कृषि उपज संकलन केन्द्रलाई जडीबुटी समेत संकलन केन्द्रका रुपमा विकास गरिनेछ ।<br>• अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाई जडिबुटी उत्पादनमा आर्कषण गर्न व्याजमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>• नगरपालिका स्तरीय एक जडिवुटी नर्सरी स्थापना गर्न संम्भाव्यता अध्ययन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना अभियान
- जडीबुटी उत्पादन कृषकको विवरण संकलन
- जडिवुटी नर्सरीको संम्भाव्यता अध्ययन
- जडीबुटी उत्पादनसम्बन्धी तालिम सञ्चालन
- आर्युवेद प्राकृतिक चिकित्सा, योग प्रशिक्षक तथा कृषक अन्तरक्रिया कार्यक्रम
- जडीबुटी उत्पादन प्राविधिक सहयोग कक्ष निर्माण
- अन्तरबाली अन्तर्गतजडीबुटी उत्पादन तालिम सञ्चालन

- खेर गैरहेको जमिन र वन क्षेत्रलाई लिजमा दिन अभिलेखिकरण
- कृषि उपज संकलन केन्द्रमा जडीबुटी संकलन कक्ष
- अति विपन्न कृषकलाई जडीबटुीको व्यवसायिक उत्पादनमा अनुदान

**अपेक्षित उपलब्धी**

जडीबुटीहरुको व्यावसायिक उत्पादनवाट स्थानीयस्तरमा रोजगारी सिर्जना हुनेछ ।

## ५.३ सहकारी

**पृष्ठभूमि**

पूँजीको संकलन र उचित सदुपयोग मार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको तीन प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । यस नगरपालिकाको कार्यक्षेत्र रहनेगरी हालसम्म ९२ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । यी संस्थाहरुमा महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय गरी सबै प्रकारका छन् ।यी सहकारीहरू मुख्य बजारहरुमा केन्द्रित भएर रहेका छन् ।

**अवसरहरू**

- छरिएर रहेको स-सानो रकम वाट पुँजी निर्माण हुने ।
- सानो रकम भए पनि बचत गर्नुपर्छ भन्ने वानीको ऋमश विकास भएको ।
- सामुहिकता र सहकार्यमार्फत आर्थिक विकासको सम्भावना रहेको ।
- सहकारीको परिचालन,नियमन,अनुगमन र खारेजी सम्बन्धी अधिकार स्थानीय सरकारलाई प्राप्त भएको।

**चुनौतीहरू**

- सहकारीको संख्यामा वृद्धि भएतापनि गुणात्मक विकास हुन नसकेको ।
- आर्थिक अनुशासन कायम हुन नसक्दा आम नागरिकको बचत जोखिममा पर्ने गरेको ।
- सहकारीको मूल मर्म अनुसार सहकारी संस्थाहरु नचलेको ।
- नियामक निकायको प्रभावकारीतामा कमी रहेको।

**सोच:** सामुहिकता र सहकार्यमार्फत स्थानीय स्तरमा पुँजी निर्माण ।

**लक्ष्य:** सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको वित्तीय पहुँच वृद्धि गर्ने ।

**उद्देश्यहरू:**

- सहकारी संस्थाको संस्थागत विकासमार्फत स्थानीय श्रम, सीप र पुँजीको प्रयोग गरी उत्पादन वृद्धि गर्नु
- सहकारी शिक्षाको माध्यमबाट जनचेतना र वित्तीय साक्षरता अभिवृद्धि गर्नु

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सहकारी शिक्षाको माध्यामबाट जनचेतना अभिवृद्धि गर्ने | • स्थानीय माध्यमको सहयोगमा सहकारीको महत्व सम्बन्धमा नियमित जनचेतना कार्यक्रम सञ्चालन गरिने छ र सहकारी सञ्चालकहरुलाई संस्थागत क्षमता विकास गर्न सङ्घीय तथा प्रदेश सरकारहरूको सहयोगमा क्षमता विकास अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।<br>• सहकारी विकास तथा प्रवर्द्धनको लागि स्रोत सामग्रीहरूको निर्माण एवं प्रचार प्रसार गरिनेछ ।<br>• महिलाहरुलाई सहकारीतातर्फ आकर्षण गर्न महिला सहकारी विस्तार उत्प्रेरणा तालिम सञ्चालन गरिनेछ । |
| उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन गर्ने | • नगरपालिकाले सहकारीको अनुमति, खारेजी तथा विघटनको पूर्ण अभिलेखिकरण गर्ने संयन्त्र तथा स्थानीय नीति कानून, मापदण्डको निर्माण गर्नेछ।<br>• सहकारी संस्थाहरूको सुदृढीकरण र विकासको लागि नियमित अनुगमन र सुपरीवेक्षण गरीनेछ ।<br>• सहकारीले स्थानीय अर्थतन्त्रमा पार्ने र पारेको प्रभावहरुको वस्तुगत अध्ययन गरिनेछ । |
| सहकारीको पुँजी उत्पादनमुखी क्षेत्रमा लगानी गर्ने | • सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्र जस्तै कृषि, उद्योग तथा पर्यटनमा लगानी अभिवृद्धि गर्न स्थानीय सहकारी नीति र ऐनमा आवश्यक सूधार संशोधन र परिमार्जन गरिनेछ ।<br>• अति विपन्न नागरिक तथा मजदुरहरूलाई सामुहिक बचत गर्ने बानी बसाल्न उत्प्रेरणा अभिमुखीकरण गरिनेछ ।<br>• सहकारीलाई उत्पादन तथा रोजगारीसँग जोडी नागरिकको जीवनस्तरमा सुधार ल्याईनेछ । |
| सहकारीलाई व्यवसायिककरणका अभ्याससँग एकीकृत गर्ने | • सहकारी खेतीलाई प्रोत्साहन गर्न कृषि सहकारी संस्थाको सहयोगमा व्यवसायिकता प्रवर्द्धन तालिम सञ्चालन गरिनेछ ।<br>• सहकारीसँग उद्योग र सेवा क्षेत्र विस्तार गर्ने नीति अनुरुप सहकारीमा आधारित स्थानीय उद्योग र सेवा क्षेत्रको सम्भाव्यता अध्ययन गरिनेछ।<br>• सम्भाव्यता र लागत लाभका आधारमा सहकारी खेती वा उद्योग वा सेवा क्षेत्रमा लाग्न चाहने सहकारीका सरोकारवाला सदस्यहरुलाई व्यवसाय विशेष क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम,
- महिला वचत तथा सहकारी प्रर्वद्धन कार्यक्रम,
- सहकारी क्षमता विकास कार्यक्रम,
- कृषि तथा पशु सहकारी विकास कार्यक्रम,
- सहकारी शिक्षा तथा कर्मचारी तालिम कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

सहकारी संस्थाहरूको संस्थागत र गुणात्मक विकास भइ महिला र विपन्न वर्गको वित्तीय पहुँच अभिवृद्धि हुनेछ।

## ५.४ पर्यटन

**पृष्ठभूमि**

विश्वका विकसित एवं सम्पन्न मुलुकहरूबाट विकासोन्मुख मुलुकतिर मौद्रिक प्रवाह ल्याउने धुवाँरहित पर्यटन उद्योग आज सांस्कृतिक एवं प्राकृतिक सम्पदायुक्त राष्ट्रहरूको चर्चित एवं बहुआयामिक स्रोतको रूपमा स्थापित भएको छ । राष्ट्रहरूले वैदेशिक मुद्रा आर्जन मात्र नगरी यसको पूर्वाधारको निम्ति तयार गरिएका साधन र स्रोतले समाजको आर्थिक, शैक्षिक, सामाजिक, भौतिक, सांस्कृतिक आदि स्तर नै समुन्नत एवं परिमार्जित हुन पुग्दछ । जुन क्षेत्र र गाउँको प्राकृतिक र सांस्कृतिक सम्पदामा अतिथि रमाउँछन, त्यहाँका बासिन्दाहरूले होटेल, पथप्रदर्शक, नृत्य, गायन, घरेलु उत्पादनका सामग्री बिक्रीवितरणजस्ता सरल र सहज माध्यमद्वारा पैसा कमाउँछन् । क्षेत्रीय विकासको निम्ति यसको जे जति महत्व छ, त्यति नै रोजगारीका अवसरहरू सृजना गर्नमा अहम भूमिका पनि रहेको हुन्छ । यस उद्योगमा दक्ष, अर्धदक्ष एवं अदक्ष जनशक्तिको खपत हुने गर्दछ। पर्यटन विकासको लागि आवश्यक पर्ने पूर्वाधारमध्ये यातायात, आवास, स्थानीय आकर्षण, सत्कार र मनोरञ्जन प्रमुख हुन् । यस हिसाबले गौतम बुद्धको जन्मस्थल रहेको लुम्बिनी पर्यटन उद्योगको निम्ति अत्यन्त उर्वर भूमि हो । धार्मिक सहिष्णुता र उदारताको अनुपम संगमस्थल रहेको लुम्बिनी क्षेत्र नेपालको लागि मात्र नभई विश्वकै महत्वपूर्ण पवित्र थलोको रूपमा रहेको छ । यस क्षेत्रमा स्थानीय साधन र स्रोत परिचालन गरी पर्यटन उद्योगमार्फत् क्षेत्रीय विकास सन्तुलन गर्न सकिने पूर्वाधारहरू रहेका छन् ।

यस नगरपालिकामा रहेको कालि मन्दिर, रामजानकी मन्दिर, आमा बन बाटिका, पून्यहवा र बगाहवा ताल, मस्जिद, समयमाई स्थान, सिद्धेश्वर महादेव, कालीथान, श्री नवदुर्गा मन्दिर महादेवा, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनीक स्थल, खेलकुद मैदान, संग्रहालय, जस्ता पर्यटकीय र धार्मिकस्थानहरू रहेका कारण साँस्कृतिक विकास लुम्बिनी सँग जोडेर यस नगरपालिकामा सम्पदा र धार्मिक पर्यटनको विस्तार गर्न सकिन्छ ।यहाँको लोकप्रिय संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, प्रर्वद्धन गर्दै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहकोले पर्यटन क्षेत्र यो नगरपालिकाको समृद्धिको मुख्य संवाहक हो ।यसका अलावा सबै जातजाति र सम्प्रदायका आ—आफ्नै धर्म, संस्कृति र चालचलनहरू छन् । त्यस्तै यहाँ दशैं, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्रि, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व, आजमाको पूर्णीमा नुहाउने मेला (कर्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, झाँक्री प्रर्दशनी आदिले यहाँको परिवेशलाई जैविक तुल्याएका छनभने वाद्यवादन तथा बाजाहरुमा बम्रदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत यहाँको लोकगाथाहरु हुन् । डिकटी, घोङ्गी सेवई, बाखाको मासु, खिचंडी, पुडी, मिठाई जस्ता विषेश नगरवासीको खानपानमा यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संङ्ग्राहालय एवं ऐतिहासिक स्थलहरू जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्रहालय आदि जोडेर साँस्कृतिक पर्यटनको विस्तार गर्ने प्रचुर सम्भावना रहेको छ ।

### अवसरहरू

- बद्धुको जन्मस्थल लुम्बिनी यसै नगरपालिकामा रहेको ।
- नगरपालिका क्षेत्रभित्र विभिन्न मन्दिर, मश्जिद तथा चर्च साथै विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका ।
- स्थानीय मौलिक कला र संस्कृतिमा तथा लोपोन्मुख जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने ।

- पर्यटनका विभिन्न आयामहरू जस्तै सम्पदा पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, शैक्षिक पर्यटनको विकास र विस्तार गर्न सकिने ।
- विभिन्न जातजातिको मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमूर्त साँस्कृतिक सम्पदाले सम्पन्न रहेकाले साँस्कृतिक पर्यटनको विकास गर्न सकिने ।
- प्रत्येक वर्ष विविध जातजाति महोत्सव आयोजना गरी साँस्कृतिक झाँकी, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सिपहरूको प्रदर्शनी गर्न सकिने ।
- पोखरी, तलाउ तथा खोलानालामा माछापालन, कृषि, तरकारी र फलफूल फर्महरू र अरु साना उद्योगहरू स्थापना गरी कृषि पर्यटकहरू भित्र्याउन सकिने साथै पुरै नगरपालिकालाई नै नमूना कृषि पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने ।
- धुपही ताल, प्राकृितिक प्राचिन ताल, पुन्नोहवा ताल, चैनपुरवाको संरक्षण तथा सौन्दर्यकरण गरी पर्यटन भित्राउन सकिने ।
- नौखनिया ताल, बोटिङ्ग, स्टीमा चलाउन सकिने, पार्क बनाउन सकिने

## चुनौतीहरु

- समथर भूधरातल र पर्याप्त सडक सञ्जाल हुँदा हुँदै पनि पर्यटकीय हिसाबले सडक यातायात पर्याप्त र भरपर्दो नभएका तथा अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका
- पर्यटक बस्न पर्याप्त होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको
- पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको
- आपतकालीन उद्धारको उचित व्यवस्था नभएको
- पर्यटनमैत्री कतिपय धार्मिक तथा पर्यटकीय स्थलहरूको जिर्णोद्धार नभएको
- स्वास्थ्य उपचार सेवा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको नभएको
- पर्यटक पथप्रर्दशक तथा व्यावसायिक ट्राभल ऐजेन्सीहरू नभएको
- सीमित मात्रामा रहेका बैङ्कहरूको भरपर्दो ए.टि.एम.सुविधा नभएको
- नगरपालिकाको सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको
- लुम्बिनी आउने पर्यटकहरूलाई आकर्षित गरी नगरपालिकाको अन्य पर्यटकीय गन्तब्यहरुमा लग्नु चुनौतीपूर्ण रहको

**सोच:** आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धिको आधार पर्यटनको विकास

**लक्ष्य:** आर्थिक समृद्धिका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने

**उद्देश्यहरू:**

- लुम्बिनी सांस्कृतिक नगरपालिका क्षेत्रका मुख्य पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्धन गर्नु;
- यस क्षेत्रका सांस्कृतिक तथा पुरातात्विक धरोहरहरूको संरक्षण तथा संवर्धनबाट लुम्बिनी सांस्कृतिक नगरपालिकाको पर्यटन प्रवर्धनमा योगदान गर्नु,
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु र समग्र प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नति गर्ने | • प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरुको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरीनेछ ।<br>• सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा ती प्रमुख पर्यटकिय स्थलसम्म पुग्ने सडक विस्तार तथा स्तरोन्नति गरिनेछ । |
| पर्यटन सूचना केन्द्रको स्थापना गर्ने | • पर्यटन सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>• पर्यटकलाई आवश्यक सम्पूर्ण सूचना जानकारी जस्तैः सावधानी, नक्सा, हावापानी, परिकार मेनु, मूल्य सूची तथा बसोबास र सुरक्षासम्बन्धी विवरण संकलन गरी सूचना केन्द्रमा अध्यावधिक गरिनेछ ।<br>• पर्यटकीय क्षेत्र वरपर इन्टरनेट सेवा प्रवन्ध गरिनेछ। |
| बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने | • पर्यटकलाई बसोबासको बन्दोवस्ती गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरी होटल, रिसोर्टको संख्या वढाउन र स्तरउन्नति गर्न समन्वय गरिनेछ।<br>• घरबास पर्यटन प्रर्वद्धन गरिनेछ।<br>• नगरपालिकास्तरीय आकस्मिक उद्धार संयन्त्रको व्यवस्था गरिनेछ।<br>• आकस्मिक स्वास्थ्य सेवाको प्रवन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने | • पर्यटन क्षेत्रका सरोकारवालाहरुलाई पर्यटक व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिनेछ ।<br>• स्थानीय उत्पादन, साँस्कृतिको प्रचारप्रसार गरिने छ ।<br>• पर्यटन व्यवसायमा लाग्न इच्छुक युवा तथा लगानीकर्ताको पहिचान गरी सहजीकरण गरिने छ ।<br>• घरबास पर्यटन सञ्चालन गरिने छ ।<br>• समग्र क्षेत्रलाई समेटेर एक पर्यटन विकास गुरुयोजना निर्माण गरिने छ । |
| धार्मिक स्थलको निर्माण र जिर्णोद्धार गर्ने | • सम्पूर्ण मुख्य धार्मिक तथा पर्यटकीय स्थलहरुको डि.पि.आर तथा गुरुयोजना तयार पारिनेछ ।<br>• लुम्बिनी बगैंचा तथा मायादेवि मन्दिरलाई वृहत लुम्बिनी विकास गुरुयोजना अर्थात लुम्बिनी सर्किटमा एकाकार गरी प्रचार प्रसार गर्न निरन्तर अन्तरक्रिया गरिनेछ ।<br>• प्राथमिकता प्राप्त धार्मिकस्थलको जिर्णोद्धार तथा निर्माण कार्य थालनी गरिनेछ । |
| मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाको प्रचार प्रसार गर्ने | • लुम्बिनी आउने पर्यटकलाई लक्षित गरी यस क्षेत्रका सबै धार्मिक क्षेत्रहरुको प्रचार प्रसार गर्न एक संयन्त्र निर्माण गरिनेछ ।<br>• पर्यटन प्रवर्द्धनको लागि धार्मिक, साँस्कृतिक मेला, महोत्सव आयोजना गरिनेछ ।<br>• सबै धार्मिक र पर्यटकीय क्षेत्र समेटेर वृत चित्र निर्माण गरी सामाजिक सञ्जाल माफर्त प्रचार प्रसार गरिनेछ । |

## प्रमुख कार्यक्रम

- साँस्कृतिक तथा धार्मिक पर्यटन प्रबर्द्धन कार्यक्रम,
- पार्क निर्माण तथा पर्यटन स्थलको स्तरोन्नति कार्यक्रम,
- लोकल टुर गाइड तालिम संचालन,
- नदि, ताल तलैया प्रवर्द्धन तथा डुंगा संचालन कार्यक्रम,
- होटेल व्यवस्थापन तथा आथित्य सत्कार तथा व्यवस्थापन तालिम,
- एकीकृत डिजिटल सूचना प्रणाली,
- होम स्टे ब्यबस्थापन र कृषि पर्यटन संचालन कार्यक्रम ,

- लुम्बिनी आउने पर्यटकलाई लक्षित गरी अन्य पर्यटकीय स्थल प्रचारप्रसार गर्ने कार्यक्रम
- हरित सडक निर्माण तथा सडकहरूको स्तरोन्नति कार्यक्रम
- सरसफाइ, खानेपानी, शत प्रतिशत घरमा शौचालय, सार्वजनिक शौचालय,
- राष्ट्रिय स्तरको अस्पताल निर्माण,
- गुणस्तरीय सार्वजनिक यातयातले पर्यटकीय स्थलहरू जोड्ने कार्यक्रम।

### अपेक्षित उपलब्धी

पर्यटन क्षेत्रको विकास वाट नै रोजगारी र आर्थिक समृद्धिको आधार तयार हुनेछ ।

## ५.५ खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति

### पृष्ठभूमि

मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको क्षेत्र भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही उद्योगहरु भने हाल यहाँ सञ्चालनमा रहेका छन् । नगरपालिकामा धेरैजसो मिल, ग्रिल, डेरी जस्ता उद्योगहरु रहेका छन् ।नगरपालिकामा ठूला उद्योगहरु सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरु रहेका छन् जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।नगरपालिको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल उद्योग, आइसक्रिम उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, वडा नं. ७ मा काष्ठ उद्योग, राइस मिल, ग्रील उद्योग, वडा नं. १० मा हिरा इट्टा उद्योग, ग्रील उद्योग, लगायतका उद्योगहरू रहेका छन्।नगरपालिकामा भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिंदैन । कृषिमा आधारित उद्योगहरुको विकासका लागि राम्रो सम्भावना देखिन्छ ।

### अवसरहरू

- कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको
- स्थानीय जनशक्तिको सदुपयोग हुने कम खर्चिलो श्रमशक्ति प्राप्त गर्न सकिने
- नगरपालिकामा खुनगाई, मुजाहाना, पडरिया, लोखडीया, अमारी, महिलबार चोक जस्ता थुप्रै बजार केन्द्रहरु रहेका
- नगरपालिकाका विभिन्न वडाहरूमा साप्ताहिक हाटबजार लाग्ने गरेको
- पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने
- कपडा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने

- औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गरी रोजगारी सिर्जना गर्न सकिने

**चुनौतीहरू**

- उद्योगको प्रचुर सम्भावना भए तापनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिकोअवस्था अत्यन्त कमजोर रहको
- युवा जनशक्ति विदेश पलायन भइरहेको
- औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणाली नभएको
- स्थानीय जनताहरू बुटवल, भैरहवा, काठमाडौं र अन्य सुविधासम्पन्न शहरहरूतिर बसाई सरी जाने प्रवृति रहको
- नगरपालिकाका बजारकेन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नभएका
- निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिएको
- बैङ्क तथा वित्तीय संस्थाहरूको शाखा स्थापना गर्न बचतकर्ताको कमी रहेको
- विश्व सम्पदा सूचीमा सुचिकृत लुम्बिनी यस नगरपालिकामा पर्ने हुनाले ठुला उद्योग स्थापना गर्न नसकिने

**सोच:** नगरपालिकाको आर्थिक वृद्धिदर कृषिमा आधारित उद्योगको भर

**लक्ष्य:** उद्योग क्षेत्रको विकास गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने

**उद्देश्यहरू**

- उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको विकास गर्नु
- नगरपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत उच्च आर्थिक वृद्धि हासिल गर्नु
- खानी तथा खनिज क्षेत्रको अन्वेषण गर्नु
- स्थानीय बजार प्रवर्द्धन र व्यवस्थापनमार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु

| रणनीति | कार्यनीति |
| --- | --- |
| नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने | • उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिने छ ।<br>• उद्योगमा लगानी गर्न असहज र प्रतिकूल रहेका विद्यमान स्थानीय कानूनहरूमा उद्योग लगानी मैत्री हुनेगरी संशोधन गरिने छ र श्रमिकहरूको सुरक्षा, हक र हितका लागि कानूनको अधिनमा रही स्थानीय नीति र मापदण्ड श्रमिक, उद्योग र उद्यमी मैत्री बनाइने छ।<br>• महिला र युवा उद्यमीहरूलाई प्रोत्साहन गर्न विशेष अनुदान र सहुलियतको प्रवन्ध गरिने छ । |
| प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने | • संघ तथा प्रदेश सरकारसंग नियमित अन्तरक्रियामार्फत एक नगरपालिका स्तरीय औद्योगिक ग्राम निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने<br>• औद्योगिक क्षेत्रको तय पश्चात औद्योगिक ग्रामको डि.पि.आर गरिनेछ।<br>• मुख्य औद्योगिक क्षेत्रसम्मका पहुँच सडकलाई कृषि र पर्यटन सडकसंग एकीकृत गरी स्तरोन्नति गरिनेछ ।<br>• स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न उद्योगी र कृषक बीच अन्तरक्रिया समन्वय गरिनेछ ।<br>• उद्योग क्षेत्रहरूमा आवश्यक विद्युतिकरण विस्तार गरिनेछ ।<br>• औद्योगिक सूरक्षाका लागि सूरक्षा निकायसँगको सहकार्यमा शान्ति सुरक्षाको प्रबन्ध गरिनेछ ।<br>• औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय रोजगार केन्द्रमा श्रम सूचना तथा तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ । |
| स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने | • कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि सहजीकरण गरिनेछ ।<br>• सङ्घीय तथा प्रादेशिक सरकारको सहयोगमा नगरपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिनेछ ।<br>• स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको खोजी गरिनेछ ।<br>• स्थानीय उपज उपभोग हुने उपभोक्ता बजारको मागको अध्ययन गरी वस्तुगत सूचना संकलन गरिनेछ<br>• उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | • गुणस्तर र ब्रान्ड कायम गर्न सक्ने बाली तथा उत्पादनको गुणस्तर प्रर्वद्धन गर्न जैविक प्रविधिको अवलम्बन गरिनेछ ।<br>• एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ । |
| खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने | • संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गरिनेछ ।<br>• नगरपालिकाभर रहेका वा हुनसक्ने खानी तथा खनिजको अन्वेषण गर्न खानी तथा भू—गर्भ विभागसंग समन्वय गरी विज्ञसंग परामर्श लिइने छ । |
| बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने | • स्थानीय व्यापार, व्यवसाय, आपूर्ति, उपभोक्ता हित सम्बन्धमा नीति, कानून र मापदण्ड निर्माण गरिनेछ।<br>• नगरपालिकाभर सञ्चालन भएका व्यवसाय दर्ता तथा अभिलेखिकरण प्रणाली निर्माण गरिनेछ ।<br>• समग्र व्यापार र वाणिज्यलाई समेटेर वार्षिक रुपमा हुने कारोबारका आधारमा माग तथा आपूर्ति र कारोबारको आकार साथै व्यापार नाफा/घाटाको तथ्याङ्क प्राप्त हुने तथ्याङ्क प्रणालीको निर्माण गरिनेछ र नगरपालिकाबाट हुने निकासी तथा आयातको वस्तुगत सूचना तथा तथ्याङ्क प्राप्त गर्ने प्रणालीको विकास गरिनेछ । |
| स्थानीय बजार प्रवर्द्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने | • स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्न संयन्त्र र नियमित कार्यतालिका बनाइनेछ ।<br>• मूख्य बजार केन्द्रलाई लक्षित गरी निजी क्षेत्रसंगको समन्वयमा व्यापारिक स्टल निर्माण गरी बहालमा दिइनेछ ।<br>• वार्षिक रुपमा मूख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गरिनेछ ।<br>• परम्परागत रुपमा चलि आएका स्थानीय हाटबजारलाई व्यवस्थित र वैज्ञानिक बनाउन अध्ययन गरी पूर्वाधार विकास गरिनेछ ।<br>• प्रत्येक वर्ष नियमित आम उपभोक्ता हित र अधिकार साथै खाद्य गुणस्तर सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- स्थानीय सीपमा आधारित रोजगारी कार्यक्रम,
- औद्योगिक क्षेत्र निर्माण,
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम,
- ब्यबसाय स्थापना बिउ पुँजी सहुलियत कर्जा कार्यक्रम,
- उद्यमशिलता विकास कार्यक्रम

- युवा उद्यम विकास कार्यक्रम ।

**अपेक्षित उपलब्धीहरू**

स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको संख्या वृद्धि भएको हुनेछ ।

## ५.६ बैङ्क तथा वित्तीय क्षेत्र

**पृष्ठभूमि**

बैंकिङ कारोबार चलायमान हुनु स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैइरहने वातावरण हुनुपर्दछ ।हाल यस नगरपालिकामा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन् ।नगरपालिकामा ग्लोबल आई.एम.इ बैङ्क, प्रभु बैङ्क, एन.आइ.सि एसिया, सिद्धार्थ बङ्कै , एभरेस्ट बैङ्क, कुमारी बैंक, कृषि विकास बैङ्क, साधना लघु वित्त, मेरो माइक्रो फाइनान्स, आई. एम. ई तथा थुप्रै वचत तथा ऋण सहकारी, बहुउदेशीय सहकारी, कृषि सहकारी संस्थाहरु रहेका छन् ।कुनैपनि स्थानको अर्थतन्त्र सबल बनाउन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससंगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । हाल नगरपालिकाका थोरै घरधुरी परिवारका सदस्यको बैङ्क खाता रहकोमा त्यसको विस्तारको कार्यक्रम नगरपालिकाले अघि बढाइरहेको छ । यसले सबै नागरिकको वित्तिय पहुँच विस्तार हुने देखिन्छ ।

**अवसरहरू**

- नगरपालिकाले नियमित सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरेको
- वित्तीय पहुँच वृद्धि भइ उत्पादन तथा रोजगारी सिर्जना गर्न सकिने
- महिला तथा अति विपन्न वर्गलाई माइक्रो फाइनान्स र सहकारीहरूको माध्यमबाट नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने
- नगरपालिकाभित्र रहेका सहकारीहरूको सञ्चालन, व्यवस्थापन र नियमन कार्यलाई प्रभावकारी गर्ने नीति लिइएको
- नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने
- सहकारीहरूको विकास र बिस्तार गरी वित्तीय साक्षरता अभिवृद्धि गर्न सकिने

**चुनौतीहरू**

- “क” वर्गका बैङ्क सीमित मात्रामा रहे पनि विपन्न वर्गको पहुँच नरहेको
- सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैङ्कहरुमा लामो लाईन हुने हुँदा झन्झटिलो भएको जनगुनासो रहेको

- वित्तीय संस्थाहरूमा सहज पहुँच नहुँदा स्थानीय पूँजीको विकास कमजोर रहको

**सोच**

वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता कायम गर्ने

**लक्ष्य**

स्थानीय विपन्न वर्गका जनताको बैङ्क तथा वित्तीय संस्थाहरूमा सहज पहुँच स्थापित गर्ने

**उद्देश्यहरू**

- बैङ्क तथा वित्तीय संस्था मार्फत सरल र सहज रुपमा सेवा प्राप्त गर्नु
- उद्योग, कृषि र पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी रोजगारी तथा आर्थिक वृद्धि हासिल गर्नु

| रणनीति | कार्यनीति |
| --- | --- |
| वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पु¥याउने | • आफ्नो नाममा बैङ्क खाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिनेछ। <br> • निजी क्षेत्रका बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती सेवा मार्फत बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिनेछ । <br> • बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैङ्कसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिनेछ । |
| व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने | • स्थानीय उद्यमी तथा बैङ्कहरू बीच ऋण प्रवाहमा गर्न नगरपालिकाद्वारा सहजीकरण गरिनेछ । <br> • स्थानीय रोजगारी श्रृजना गर्न युवा उद्यमी र महिलाले तयार गरेको व्यवसायिक योजना, मझौला उद्योग क्षेत्र, पर्यटन वा कृषिमा लगानीका लागि ऋण प्रवाह गर्न सहजीकरण गरिनेछ । |

### प्रमुख कार्यक्रम

- घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन कार्यक्रम
- अति विपन्न र महिलाको लागि वित्तीय साक्षरता तथा वित्तीय पहुँच विस्तार कार्यक्रम
- उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया कार्यक्रम
- युवा र महिला उद्यमीलाई विशेष व्याज अनुदान

### अपेक्षित उपलब्धी

नगरपालिकाका ७० प्रतिशत भन्दा बढी घरपरिवारका सदस्यहरूले औपचारिक क्षेत्रवाट कारोवार गर्नेछन् र उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह उलेख्य मात्रामा वृद्धि भएको हुनेछ ।

## ५.७ गरीबी निवारण

### पृष्ठभूमि

दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरीबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए पनि कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ। तर नगरपालिकामा आफ्नो आम्दानीको पुरै साधारण दैनिक गुजारामा खर्चिने र थोरै प्रतिशतले मात्र आम्दानीको केही अंश लगानी तथा बचत गर्ने गरेका छन् । अर्कातर्फ आफ्नो आम्दानीले ३ महिनामात्र खान पुग्ने घरधुरी संख्या समेत ठूलो हुनुले यो नगरपालिकामा निरपेक्ष गरीबीको रेखामुनि रहेको घरपरिवार समेत उल्लेख्य रहेको स्पष्ट हुन्छ ।

### अवसरहरू

- गरीबी निवारणका कार्यक्रम तथा योजना तर्जुमा गर्ने अधिकार स्थानीय तहको सरकारलाई प्राप्त भएकोले बास्तविक गरीब पहिचान गरी लक्षित कार्यक्रम संचालन गर्न सहज हुने ।
- खेतीयोग्य उर्वर जमिन पर्याप्त भएको, पर्यटन तथा उद्योगहरूको सम्भावना रहेकोले गरीबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्ने अवसरहरू रहेको
- स्थानीय तहमै रोजगार केन्द्रको प्रबन्ध गरिएको
- प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता राष्ट्रिय नीतिहरू कार्यान्वयनमा आएको
- युवा उमेरको जनसंख्या रहेको
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिपलाई गरीबी निवारणमा सदुपयोग गर्न सकिने
- रोजगारी श्रृजना, सिपमूलक तालिम आदिमा नगरपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएको

**चुनौतीहरू**

- वास्तवित गरीबको पहिचान हुन नसकेको
- तीन महिना खान नपुग्ने परिवार संख्या उल्लेख्य रहेको
- सरकारको मुख्य कार्यक्रमहरूमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसकेको
- कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखि रहेको
- शिक्षा र जनचेतनामा कमी रहेकोले गरीबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको
- युवाहरू अवसर नपाएर विदेश पलायन हुनु परेको
- श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको
- रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको

**सोच:** ज्ञान, सिप र उद्यमशिलताको विकास गरी गरीबी शुन्यमा झार्ने

**लक्ष्य:** रोजगारी सिर्जना मार्फत निरपेक्ष गरिवीको दर घटाउने

**उद्देश्य:** निरपेक्ष र बहुआयमिक गरीबीको दर घटाउनु ।

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| गरीबीसम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने | • नगरपालिकाभर गरीबीको परिभाषा भित्र पर्ने परिवार वा व्यक्तिको वास्तविक सूचना संकलन र अध्यावधिक गरिनेछ ।<br>• बेरोजगारको तथ्याङ्क संकलन र अध्यावधिक गरिनेछ ।<br>• गरीबीका प्रमुख कारण र गरीबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम सञ्चालन गर्ने | • निरपेक्ष गरीबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सूरक्षा सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नगरपालिकाको अनुदानमा लक्षित गरीब घरपरिवारको स्वास्थ्य बिमा गरिनेछ ।<br>• विपन्न वर्गका लागि गरीब आवास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नगरपालिकाभर रहेका असक्त, असहाय, फकिर तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिनेछ ।<br>• असक्त, असहाय तथा बेसाहाराहरूलाइ आश्रय स्थल तथा पोषणको प्रवन्ध गरिनेछ । |
| विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | • रोजगार केन्द्रलाई सक्रिय बनाई नगरपालिकामा सिर्जना हुनसक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>• कृषि क्षेत्रको विकासमार्फत रोजगारी श्रृजना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिनेछ ।<br>• कृषि श्रमिकहरूलाई सिपमूलक तालिम प्रदान गरिनेछ ।<br>• बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुची र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिनेछ ।<br>• रोजगारीसम्बन्धी सम्पूर्ण जानकारी प्राप्त हुने सूचना प्रविधि संयन्त्रको निर्माण गरिनेछ । |

## प्रमुख कार्यक्रम

- गरीब परिवार तथा बेरोजगारहरूको पहिचान सूचना तथा तथ्याङ्क संकलन
- गरीब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम
- विपन्न परीवार स्वास्थ्य बिमा कार्यक्रम
- विपन्न नागरीक आवास कार्यक्रम
- अशक्त, असहाय, बेसहारा सडक मानव आश्रयस्थान निर्माण
- बेरोजगारलाई रुची अनुसारको सीप विकास कार्यक्रम
- विपन्न लक्षित विषेश भूमि बैंकिङ्क स्थापना कार्यक्रम
- अति विपन्न परीवार लक्षित उद्यमी अनुदान कार्यक्रम

## अपेक्षित उपलब्धी

रोजगारीका अवसरहरू सिर्जना भइ निरपेक्ष र बहुआयमिक गरीबीको दर उल्लेख्य रुपमा घटेको हुनेछ ।

# परिच्छेद ६: सामाजिक क्षेत्र

## ६.१ शिक्षा विज्ञान तथा प्रविधि

**पृष्ठभूमि**

विश्वभर अति विकसित मुलुकहरुको समग्र विकासको कारण भनेकै ती मुलुकहरुले शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो । नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको र विशेषगरी आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन आएको छ । ग्रामीण परिवेशको क्षेत्र भएकोले यस नगरपालिकामा शिक्षाका आधारभूत पूर्वाधारहरूको समेत पर्याप्त विकास हुन नसकेको अवस्था छ। हाल नगरपालिकामा, १ वटा विश्वविद्यालय, १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, ९ वटा मा.वि, ८ वटा आधारभुत र प्रा.वि. १४ समेत गरी ३२ वटा सामुदायिक तथा २९ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३५ वटा मदरसा रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ७१.१ प्रतिशत रहेको छ । लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र जस्तै विभेद रहेको पाईन्छ । जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ८०.६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६२.१ प्रतिशत मात्र रहेको छ ।

**अवसरहरू**

- सबै आधारभुत सुविधा सडक, विद्युत, संचार, पानी, उपलब्ध गराई विद्यालयमा सुविधा थप गरी हाल संचालनमा रहेका तह थप गर्न सकिने ।
- नगरपालिकाले संस्थागत विद्यालयको अनुमति, नियम र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने नीति लिएको ।
- नगरपालिकाले सबै बालबालिकालाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराई सक्षम नागरिक बनाउने नीति अवलम्बन गरेको ।
- नगरपालिकाले विपन्न तथा निम्न आय भएका अभिभावकका बालबच्चाहरुलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्यसामाग्रीको व्यवस्था गर्ने नीति लिएको ।

**चुनौतीहरु**

- विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान नगरिएको ।
- विद्यालयमा विषयगत शिक्षकको कमी ।
- विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अभाव रहेको ।

- अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको तथा खेल मैदानको व्यवस्था अभाव रहेको ।
- छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न अझै नसकेको ।
- अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा नभएको ।

**सोच**

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण

**लक्ष्य**

निरक्षरता शुन्यमा झारी, गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध गराउने

**उद्देश्यहरू**

- न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु
- निरक्षरता शून्यमा झार्नू
- व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूलयमा आधारित शिक्षा प्रदान गर्नु
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु
- विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने | • नगरपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिनेछ ।<br>• पहिलो चरणमा विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण र व्यवस्थापन गर्न रकम विनियोजन गरिनेछ ।<br>• भौतिक निर्माण पश्चात अत्यावश्यक शैक्षिक सामाग्रीको क्रमश प्रबन्ध गरिनेछ ।<br>• विद्यालयलाई आवश्यक खेल मैदानको उचित प्रबन्ध गरिनेछ।<br>• हरेक विद्यालयमा इन्टरनेट सेवाको प्रबन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने | • विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी सोको विस्तृत अध्ययन प्रतिवेदन तयार पारिनेछ ।<br>• विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिनेछ ।<br>• विद्यार्थी संख्या अति न्यून भएका विद्यालयहरूको गाभ्ने प्रक्रियाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरुप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिनेछ ।<br>• एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानून निर्माण गरी कार्यान्वयन गर्ने | • पूर्व प्राथमिक अथवा बालविकास, आधारभूत तथा माध्यामिक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा साथै शिक्षासम्बन्धी कानून र मापदण्ड निर्माण गरी लागू गरिने छ ।<br>• समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिनेछ ।<br>• अति विपन्न समूदायका विद्यालय जाने बालबालिकाको तथ्याङ्क तयार पारिनेछ ।<br>• विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुर्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिनेछ ।<br>• विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।<br>• घुम्ती भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>• विद्यालय जाने उमेर छँदै बाल विवाहमा परेका या शिक्षाबाट बञ्चित बालबालिकालाई वुहारी शिक्षा अन्तर्गत विद्यालयमा आउने वातावरण निर्माण गर्न अभियान सञ्चालन गरिनेछ ।<br>• एक वडा एक सामुदायिक वाचनालय तथा पुस्तकालय निर्माण गरिनेछ । |
| प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा | • "एक विद्यालय एक प्राविधिक विषय कार्यक्रम"को संम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| पाठ्यक्रमको निर्माण गरी लागू गर्ने | • मा.वि. सञ्चालनमा रहेका विद्यालयमा एक प्राविधिक विषय सञ्चालन गर्न आवश्यक शैक्षिक पूर्वाधारका लागि सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा रकम विनियोजन गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• नगरपालिकामा एक कृषि प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरके तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने | • औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सीप विकास गर्न पाठ्यक्रम तयार गरी लागू गरिनेछ ।<br>• हरेक तहको शिक्षामा, आध्यामिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रर्वद्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावक र स्वयं बालबालिकाहरूलाई सूसूचित गर्न विद्यालयस्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिनेछ । |
| नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने | • हरके विद्यालयमा नविनतम शिक्षण सिकाई प्रविधिको प्रयोगका बारेमा नियमित शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।<br>• शिक्षण सिकाई मापन गर्न प्रमाणिक तथा वैज्ञानिक ग्रेडिङ प्रणालीको प्रयोग गरिने छ । |
| नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने | • विद्यार्थीको नियमित उपस्थितिका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाई हरेक चौमासिक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात अभिभावक अन्तरक्रियालाई अनिवार्य गरिने छ ।<br>• शिक्षण सिकाइमा उत्कृष्ट विद्यालयलाई हरके वर्ष पुरस्कृत गरिनेछ।<br>• हरेक कक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रा विद्यार्थीलाई पुरस्कृत गरिने छ ।<br>• हरेक विद्यालयमा उत्कृष्ट शिक्षक पुरस्कार कोषको व्यवस्था गरिने छ । |

**प्रमुख कार्यक्रम**

- एक विद्यालयमा एक बगैचा अवधारणा
- एक विद्यालय एक पुस्तकालयक
- एक कक्षा एक स्मार्ट बोर्ड
- एक शिक्षिका एक ल्यापटप योजना
- शिक्षक/शिक्षिकाको क्षमता विकास तालिम
- विद्यालय क्षेत्र सुधार कार्यक्रम,
- शिक्षक क्षमता विकास कार्यक्रम
- सार्वजनिक पुस्तकालय निर्माण
- कृषि, प्राविधिक र सीपमूलक शिक्षा कार्यक्रम,
- नमूना विद्यालय निर्माण कार्यक्रम,
- विद्यालय भौतिक पूर्वाधार स्तरउन्नति कार्यक्रम,
- निम्न आय स्तर तथा जेहेन्दार बिद्यार्थी छात्रवृति ,
- विज्ञान प्रयोगशाला विस्तार कार्यक्रम ।

**अपेक्षित उपलब्धी**

गुणस्तरीय र प्राविधिक जनशक्तिको उत्पादन हुनेछ ।

## ६.२ स्वास्थ्य

**पृष्ठभूमी**

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरुको प्रबन्ध हुन अपरिहार्य छ । सामान्यस्तरको स्वास्थ्य सेवाहरू नगरपालिकामा रहेका विभिन्न स्वास्थ्य चौकीहरू मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ । नगरपालिकामा निजी अस्पताल र नर्सिङ्गहोम -२, प्राथमिक स्वास्थ्य केन्द्र-१, स्वास्थ्य चौकी ७, शहरी स्वास्थ्य केन्द्र १, आयुर्वेद स्वास्थ्य केन्द्र १, खोप केन्द्र-३५, गाउँघर क्लिनिकहरु २४, टि. वी. उपचार केन्द्र-९, बर्थिंग सेन्टर-१ साथै केही पोलिक्लिनिक, क्लिनिक, फार्मेसी, सञ्चालनमा रहेका छन् । वडा नं. २, ४,६,७ र १३ मा आधारभुत स्वास्थ्य इकाई भवन बन्दै गरेको छ । यी संस्थाहरुबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरैजसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियानअन्तर्गत नगरपालिकामा एक १५ शैयाको

हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवा प्राप्तीमा केही राहत मिल्ने देखिन्छ ।

**अवसरहरू**

- नगरपालिकाका सबै वडाहरू पूर्ण खोप सुनिश्चितता घोषणा गरिएका
- नगरपालिकाले सबैको पहुँचमा सर्वसुलभ तवरले स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडामा स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति र व्यवस्थापन प्रभावकारी गर्ने नीति लिएको
- सबै स्वास्थ्य संस्था तथा नगरपालिकाबाट निस्कने फोहोरमैलाको प्रवन्ध गर्न कुहिने र नकुहिने फोहोर छुट्याई उचित व्यवस्थापनको प्रवन्ध भइरहको
- वैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने

**चुनौतीहरु**

- शल्यक्रिया सेवा आदिको अभाव
- रक्तसञ्चार सेवा उपलब्ध नभएको
- सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव
- २४ सै घण्टा आकस्मिक सेवाको अभाव
- सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव
- महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था नभएको
- स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने
- दरबन्दी अनुसारको जन शक्ति नहुनु, सर्प र कुकुरको टोकाइको औषधी अभाव

**सोच**

आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता

**लक्ष्य**

आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने

**उद्देश्यहरुः**

- आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु
- स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने | • प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीहरूको क्रमश स्तरोन्नति गरिनेछ ।<br>• नगरपालिका स्तरीय एक प्रयोगशाला डाइनोष्टिक ल्यावको निर्माण गरिनेछ ।<br>• हाल निर्माणाधीन १५ शैयाको हस्पिटल अन्तर्गत एक सुविधासम्पन्न आकस्मिक उपचार कक्ष र एक २४ मै घण्टा सेवा सञ्चालन हुने प्रसुती सेवा केन्द्र निर्माण गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक सर्पदंश उपचार केन्द्रको निर्माण गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक मनोपरामर्श सेवा इकाई स्थापना गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक आँखा उपचार इकाई निर्माण गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक छाला तथा यौन रोग इकाई निर्माण गरिनेछ।<br>• नगरपालिकास्तरीय एक अक्सिजन प्लान्ट निर्माण गरिनेछ । |
| स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने । | • नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक दक्ष स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन गरिनेछ ।<br>• महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिने छ।<br>• सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकाससम्बन्धी नियमित तालिमको प्रबन्ध गरिनेछ ।<br>• एक विद्यालय एक स्वास्थ्य सहायकको व्यवस्थापन गर्न थालनी गरिनेछ। |
| आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने । | • अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहँचु सुनिश्चित गर्न स्वास्थ्य बिमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।<br>• वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच शिविर सञ्चालन गरिनेछ ।<br>• निशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिनेछ ।<br>• अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन गरी अभिलेख तयार पारिनेछ ।<br>• गम्भिर प्रकृतिका रोगहरूको उपचारमा नेपाल सरकारबाट प्राप्त हुने निशुल्क सेवाहरूलाइ सहजिकरण सिफारिस र प्रभावकारी बनाइनेछ ।<br>• बेला वेलामा आइपर्ने माहामारीका लागि आधारभूत पूर्वाधारको बन्दोबस्ती गर्न एक महामारी विपद व्यवस्थापन योजना निर्माण गरिनेछ ।<br>• अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने | • स्थानीय सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत नगरपालिकाको सकृयतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहारसम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिनेछ ।<br>• प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिनेछ ।<br>• विद्यालय पाठ्यक्रममा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यका क्षेत्रलाई अनिवार्य समेट्ने व्यवस्था गरिनेछ ।<br>• विद्यालयमा जङ्कफुड निषेध गर्न विद्यालय व्यवस्थापन तथा अभिभावकसंग नियमित अन्तरक्रिया गरिनेछ ।<br>• शारीरिक व्यायाम वा श्रमको स्वास्थ्यमा पर्ने सकारात्मक असर बारे नियमित जनचेतना फैलाउन सञ्चार माध्यामसँग सहकार्य गरिनेछ ।<br>• धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्री वितरण हुने व्यवस्था मिलाइ जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• आफ्नै घरआगन र करेसाबारीमा उपलब्ध हुने सागसब्जी, फलफुल र खाद्यान्नहरूको पोषणको स्तर तथा सन्तुलित भोजनका बारेमा विद्यालयस्तरमा नियमित रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• आम नागरिकलाई नियमित सम्पूर्ण स्वास्थ्य जाँचका फाइदाबारे व्यापक प्रचार प्रसार गरिनेछ । |
| वैकल्पिक चिकित्सा पद्धतिको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने | • नगरपालिकास्तरीय एक आयुर्वेद उपचार केन्द्रको विकास गर्न पूर्वाधार तयार पारिनेछ ।<br>• नगरपालिकास्तरीय एक प्राकृतिक चिकित्सा केन्द्र स्थापना गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिनेछ।<br>• स्थानीय स्तरमा रहेका लामा झाँक्री तथा बैद्यहरूलाई विज्ञान सिद्ध स्वास्थ्य चेतना फैलाउन विशेष तालिम प्याकेज निर्माण गरी कार्यान्वयन गरिनेछ। |

**प्रमुख कार्यक्रम**

- स्वास्थ्य कर्मीहरुलाई तालिम
- स्वास्थ्य सचेतना कार्यक्रम
- ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सुविधा,
- दीर्घ रोगहरुको शल्यक्रियामा निःशुल्क उपचार अनुदान,
- आयुर्वेद चिकित्साको खोजमूलक अध्ययन अनुसन्धान
- सर्पदंस उपचार केन्द्र निर्माण

- बर्थिंग केन्द्र स्तरोन्नति,
- सुरक्षित मातृत्व कार्यक्रम,
- अस्पताल निर्माण,
- स्वास्थ्य चौकीहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- चिकित्सक तथा स्वास्थ्यकर्मीको संख्या वृद्धि,
- लक्षित बर्गलाई निशुल्क स्वास्थ्य परिक्षण तथा उपचार,
- घुम्ती स्वास्थ्य सेवा,
- गरिब तथा विपन्न वर्गलाई निशुल्क स्वास्थ्य बिमा,
- महामारी विरुद्ध अभियान संचालन,
- प्रजनन स्वास्थ्य कार्यक्रम,
- बहुपोषण कार्यक्रम ।

**अपेक्षित उपलब्धीहरू**

आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई नगर भित्र दक्ष स्वास्थ्य जनशक्तिवाट स्वास्थ्य सेवा उपलब्ध हुनेछ । आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।

## ६.३ संस्कृति, भाषा, कला तथा साहित्य

**पृष्ठभूमि**

लुम्बिनी साँस्कतिक नगरपालिका मौलिक तथा साँस्कृतिक विविधतामा धनी नगरपालिका हो । यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । मुसलमान, यादव, लोध, मगर, ब्राम्हण, क्षेत्री, थारु, कामी, गुरुङ्ग, दमाई, नेवार, चाई, चमार,श्रीवास्तव, कुर्मी, बढई धोवि, कहार, कोहाँर, भर, नाउ आदि जातिका मानिसहरूको बसोवास रहेको यो नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहको छ भने यस बाहके इस्लाम, बौद्ध, किराँत र क्रिस्चियनलगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ—आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन् । दशै, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाइजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व, आजमा को पूर्णीमा नुहाउने मेला (कार्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच पचरा नाच, झाँक्री प्रर्दशनी आदि नाचहरु नाचिन्छन् भने वाद्यवादन तथा बाजाहरुमा बम्र देव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी विशेष अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत लोक गाथाहरुमा पर्दछन् । यहाँका बासिन्दाको भेषभुषामा कुर्ता पाइजामा, कमिज सुरुवाल, बुर्का, थारु भेष, लुङ्गी, कुर्ता सलवार, सारी ब्लाउज, चिवर (गेरु

वस्त्र), आचला (सेतो धोती) हरु पर्दछ । डिक्री, घोङ्गी, सेभई, खसीको मासु, खिंचडी, पुडी, मिठाई जस्ता परिकारहरु नगरवासीको विषेश खानपानमा पर्दछन् । यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संङ्ग्राहालय एवं ऐतिहासिक स्थलहरू (जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्राहालय आदि) रहेका छन् ।

**अवसरहरू**

- विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसोबास गरेका धार्मिक हिसाबले विभिन्न धर्मावलम्बीहरूले आफ्ना धर्म, संस्कृति र परम्परा कायम राखिरहेको
- दशै, दिपावली, छठ, बक्र इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बद्ध जयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमसजस्ता चाडपर्वहरू प्रचलनमा रहेका
- नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच, पचरा नाच, जस्ता नाचहरू प्रचलनमा रहेका
- सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत,
- कजरी गीत जस्ता लोक भाका तथा गाथाहरू प्रचलनमा रहेका
- नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी ब्याण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी जस्ता साँस्कृतिक बाजाहरू प्रचलनमा रहेका
- विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने
- विभिन्न जाति तथा समुदायका आ—आफ्ना मठ, मन्दिर तथा धार्मिक स्थलहरू रहेका
- नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने
- आदिबासी, थारु तथा अन्य विभिन्न जातजातीको संस्कृति उजागर गर्न होमस्टे सञ्चालन गर्न सकिने

**चुनौतीहरु**

- साँस्कृतिक धरोहरहरूको संरक्षणका लागि ठोस कार्ययोजना नबनेको
- समुदाय र राज्य दुवैका उदासिनताका कारण स्थानीय र मौलिक संस्कृतिहरू लोप भई पहिचान नै संकटमा पर्न सक्ने
- आर्थिक प्रलोभनमा पारी धर्म परिवर्तन गराउने परिपाटी रोक्नुपर्ने

**सोच**

सभ्य र सुसंस्कृति समाजको निर्माण

**लक्ष्य**

संस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकासमार्फत सभ्य र सौहार्द समाजको स्थापना गर्ने

**उद्देश्यहरू**

- स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवर्द्धन गर्नु
- संस्कृति भाषा, कला तथा साहित्यको सिर्जनात्मक विकासमा टेवा पुर्याउनु ।

| रणनीति | कार्यनति |
|---|---|
| संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने | • नगरपालिकामा प्रचलनमा रहेका सबैप्रकारका अमूर्त साँस्कृतिक सम्पदाको वस्तुगत तथा विस्तृत पाश्र्वचित्र तयार पारिनेछ ।<br>• सबै बौद्धिक सम्पदाको विवरण प्रकाशन गरिनेछ<br>• साँस्कृतिक तथा बौद्धिक सम्पदाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरिने छ ।<br>• नगरपालिकाको मौलिकता दर्शाउने सम्पदा समेटेर एक वृत्तचित्र निर्माण गरिनेछ ।<br>• नगरपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमा योगदान पुर्याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी, नृत्याङ्गना, साहित्यकार सँस्कृति विद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिनेछ । |
| भाषा संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने | • विद्यालयस्तरमा कला, साहित्य र संस्कृतिमा विशेष झुकाव भएका विद्यार्थीहरूको पहिचान गरी त्यस्ता प्रतिभाहरूको प्रतिभा उजागर गर्न हरेक महिना विद्यालयस्तरीय र निश्चित समयको अन्तरालमा अन्तरविद्यालय साँस्कृतिक, साहित्यिक प्रतियोगिता आयोजना गरिनेछ ।<br>• राष्ट्रिय र प्रादेशिक तहका प्रतियोगीतामा भाग लिने कलाकार साहित्यकार आदिको प्रशिक्षण तथा तयारीका लागि एक प्रोत्साहन कोषको निर्माण गरिनेछ ।<br>• साँस्कृतिक गतिविधिहरू पर्यटनसंग आबद्ध गर्न व्यापक प्रचार प्रसार गरिनेछ ।<br>• लोपोन्मुख साँस्कृतिक गाथाहरू संरक्षण गर्न विशेष समारोह आयोजना गरिनेछ (जस्तै धान दिवसमा असारे मौलिक गीतहरू) । |
| कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने | • सर्जकहरूलाई सहयोग र प्रोत्साहन तथा पुरस्कृत गर्न एक नगरपालिकास्तरीय साँस्कृतिक कोषको निर्माण गरिने छ ।<br>• विभिन्न राष्ट्रिय तथा नगरपालिका स्तरीय विशेष अवसरमा यस्ता सर्जक तथा कलाकारहरूलाई सम्मान र पुरस्कृत गरिने छ ।<br>• हरके विद्यालयमा अतिरिक्त कृयाकलापहरूमा यी विषय समावेश गरी नियमित अभ्यास र पठनपाठन गर्न आंशिक शिक्षकको प्रवन्ध गरिने छ ।<br>• वडास्तरीय झाँकीहरू प्रस्तुत गर्न साँस्कृतिक समितिमार्फत अभ्यास सञ्चालन गरिनेछ ।<br>• हरेक वर्षमा एक पटक साँस्कृतिक पर्व आयोजना गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- लुम्बिनी वरिपरीका क्षेत्र निपनिया/अमहवा/बन्जरहीको पुरातात्विक स्थलको मर्मत तथा संरक्षण
- स्थानीय मुर्त/अमुर्त कला संस्कृति, भाषाहरुको अध्ययन तथा संरक्षण

**अपेक्षित उपलब्धी**

भाषा, संस्कृति तथा पुरातात्विक सम्पदाको संरक्षणवाट पर्यटन प्रवर्द्धनमा योगदान पुगेको हुनेछ ।

## ६.४ लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

**पृष्ठभूमि**

सामाजिक जागरण पर्याप्त नभएको, राजनैतिक चेतनाको परिपक्वता भै नसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजको मूल चरित्र रुपान्तरण हुन बाँकी रहेकोले सामाजिक समावेशीकरणको मुद्दा अहिले पनि केन्द्र भागमा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा कुल जनसंख्याको १.६ प्रतिशत अपाङ्गता रहको छ ।जसमा शरिरिक अपाङ्गता भएका ३०.९ प्रतिशत छन् । समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरुको सम्मानपूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिश्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन ।त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिई असमानताको जालो तोड्न सकिन्छ ।

**अवसरहरू**

- नगरपालिकाले वर्षेनी जेष्ठ नागरिक तथा महिला स्वयंसेवी सम्मान र सामाजिक सुरक्षा भत्ता बङ्कै मार्फत वितरण गर्ने गरेको
- नगरपालिकाको सहयोगमा सिलाईबुनाई तालिम, मैनवत्ती बनाउने तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको
- नगरपालिकाले टोल विकास संस्था, महिला समुह, आमा समुह लगायत समुदायमा आधारित संघ संस्थाहरुको गठन र परिचालन गर्ने नीति लिएको

**चुनौतीहरु**

- प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने
- घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने
- बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने
- बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने

**सोच**

नगरपालिकाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता

**लक्ष्य**

सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने

**उद्देश्यहरू**

लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने | • छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितीसँग नियमित अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>• प्रत्येक वडामा रहेका महिला सेलहरुमार्फत हरके महिना पुरुषहरुको समेत संलग्नतामा महिला जागरण सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• विद्यालय पाठ्यक्रम निर्धारण गर्दा छात्र तथा छात्रा दुवैलाई प्रजनन् स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरु समेट्ने गरी निर्धारण गरिने छ र सो माध्यामिक शिक्षामा अनिवार्य लागू गरिनेछ ।<br>• स्थानीय सञ्चार माध्यामहरुबाट लैङ्गिकता तथा महिला जागरणसम्बन्धी सामाग्री नियमित प्रसारण गरिनेछ ।<br>• दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइनेछ । |
| महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने | • महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, सिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।<br>• महिला उद्यमीहरुको अभिलेख तयार गरिनेछ ।<br>• महिला उद्यमीहरुलाई नगरपालिका बाहिरका सफल महिला उद्यमीहरुसँग साक्षात्कार गराइनेछ ।<br>• महिला उद्यमीहरुलाई उनीहरुको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा व्याजमा अनुदान प्रदान गरिनेछ ।<br>• सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरुको अभिलेख तयार पारी निशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ ।<br>• स्थानीय न्यायिक समितिलाई नियमित तालिम सञ्चालन गरिनेछ ।<br>• “एकल महिला आत्मनिर्भर कार्यक्रम” सञ्चालन गर्न व्याज अनुदान कोष निर्माण गरिनेछ ।<br>• महिला हिंसा पहरेदारी तथा कानूनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक महिला सूरक्षा गृहको निर्माण गरिनेछ।<br>• नगरपालिकास्तरीय एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिनेछ । |
| जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने | • वडास्तरीय जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ ।<br>• एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिनेछ ।<br>• प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • स्थानीय सञ्चार माध्यामसँगको सहकार्यमा जेष्ठ नागरिकहरुका जीवन अनुभव साट्न र सुन्न "जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिने छ ।<br>• वर्षमा १ पटक आन्तरिक पर्यटन प्रर्वद्धन तथा जेष्ठ नागरिक सम्मान स्वरुप निश्चित मापदण्डका आधारमा जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सञ्चालन गर्न परिवहन अनुदान प्रदान गरिनेछ ।<br>• ८० वर्ष नाघेका जेष्ठ नागरिकहरुलाई सु—आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रवन्ध गरिनेछ । |
| अपाङ्गता भएका नागरिकहरुको कठिनाइ न्यूनिकरण गर्ने गरी उनीहरुको आत्मबल बढाउने । | • नगरपालिकाभर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरुको व्यक्तिगत विवरण संकलन गरिनेछ ।<br>• अपाङ्गता परिचय पत्र वितरण गरिनेछ ।<br>• अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरुको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष आत्मसम्मान जगाउने । अध्ययन पश्चात कार्ययोजना निर्माण गरिनेछ ।<br>• ह्वील चियर आवश्यक अपाङ्गहरुको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिनेछ ।<br>• विशेष क्षमता भएका अपाङ्गहरुको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिनेछ ।<br>• नगरपालिकामा अब बन्ने सबैखाले सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिनेछ ।<br>• अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइनेछ । |
| जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम, थारु तथा राज्यको मूल प्रवाहमा आउन नसकेका नागरिकहरुका लागि मूल प्रवाहिकरण गर्ने | • अल्पसंख्यक, दलित, आदिवासी, तथा जनजाती का मौलिकता र पहिचान, रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ।<br>• छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानूनको अधिनमा रही त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानून निर्माण गर्दै न्यायिक समितिलाई सक्रिय तुल्याइनेछ ।<br>• लक्षित वर्गलाई सिप विकास र व्यवसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिनेछ ।<br>• लोपोन्मुख भाषा तथा लिपिको संरक्षण गर्न परामर्श अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>• दलित विशेष परम्परागत सीपलाई व्यवसायिकता प्रदान गर्न विशेष अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- दलित विद्यार्थी विशेष छात्रवृत्ति कोषको स्थापना
- लक्षित वर्ग अति विपन्न उद्यमी प्रोत्साहन कार्यक्रम
- छुवाछुत र सामाजिक भेदभाव न्यूनिकरण विशेष जनचेतना कार्यक्रम
- अपाङ्ग नागरिक सहयोग तथा सीप विकास कार्यक्रम
- जेष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम
- ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु—आहारा कार्यक्रम
- जेष्ठ नागरिक तिर्थाटन

**अपेक्षित उपलब्धी:**

सरकारी सेवा तथा उद्यम व्यवसायमा अपाङ्गता भएका, महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्नेछ ।

## ६.५ बालबालिका

**पृष्ठभूमि**

हालको बालबालिकाको समग्र अवस्थाले भोलि राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने छ भन्ने निर्धारण गर्दछ तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु बाल अधिकारका अर्थात नागरिक दायित्व र जिम्मेवारीका मात्र विषय होइनन्, यी विषय आज हामीले भोलिको समाज र राष्ट्र निर्माणमा गरिने बृहत लगानीसँग गाँसिएका विषयहरु हुन् । राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस नगरपालिकामा ३६.०३ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका बालबालिका रहेका छन्। यो जनसांख्यिक हिसावले ठूलो हिस्सा मानिन्छ । हरके विद्यालयहरुमा बाल क्लव र बाल संजाल गठन गरिएको छ जस्ले बालबालिकाको हितमा कार्य गर्ने गर्दछ ।

**अवसरहरू**

- बालबालिकाको मौलिक अधिकार संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई आएको ।
- नगरपालिकाको ठूलो हिस्सा बालबालिका भएकोले उनीहरुको राम्रो हेरचाह गरी भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने ।
- संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको ।
- आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको ।

**चुनौतीहरु**

- राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानी पर्याप्त र प्रभावकारी नभएको
- विपन्नताका कारण धेरै बालबालिकाहरु आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको ।
- बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको ।
- बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु चुनौती र जिम्मेवारी रहको
- समयमै बालबालिका सवालहरुको सम्बोधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहको ।

**सोच**

नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज

**लक्ष्य**

बालबालिकाको, अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने

**उद्देश्यहरू**

बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु

| **रणनीति** | **कार्यनीति** |
| --- | --- |
| बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने | • बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बन्धमा अभिभावकहरुलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ।<br>• बालबालिकाहरु स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्ने हेतुले नगरपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिनेछ ।<br>• विशेष अवसर (बाल दिवस)मा सप्ताहव्यापी बालअधिकार जागरण अभियान सञ्चालन गरिनेछ । |
| अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | • नगरपालिकामा वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिनेछ ।<br>• असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको प्रबन्ध गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक असहाय बाल गृहको स्थापना गरिनेछ । |
| बालअधिकार सम्बन्धी नीतिगत सूधार तथा व्यवस्था | • नगरपालिकालाई बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिनेछ ।<br>• बालविवाह मूक्त नगरपालिका घोषण गर्न गृहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्यम तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइनेछ ।<br>• बालबालिकालाई तथा नेतृत्व विकास तालिम प्रदान गरिनेछ ।<br>• नगरपालिकास्तरीय एक बाल उद्यान निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- बाल अधिकार चेतना समुह गठन तथा पैरवी कार्यक्रम,
- बाल मैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम,
- बाल अधिकार संरक्षण कार्यक्रम,

**अपेक्षित उपलब्धी**

बालमैत्री समाजको निर्माण हुनेछ ।

## ६.६ युवा, मानव संसाधन श्रम तथा रोजगार

**पृष्ठभूमि**

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन् । २०७८ को नतिजा अनुसार यस नगरपालिकामा १० बर्षभन्दा माथि आर्थिक रुपमा सक्रिय जनसंख्या ६६.५ प्रतिशत छ। यो सक्रिय जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ हो । त्यसैगरी बेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नाला तथा सार्वजनिक स्थल सरसफाई कार्यक्रम, १०० दिने नाला र सावर्जनिक संस्था सरसफाई साथै मानव संसाधन विकास तालिम सम्बन्धी कार्यक्रम अन्तर्गत दुर्व्यसनी विरुद्ध जनचेतना अभियान, कम्प्यूटर तालिम आदि संचालन गर्दै आएको छ ।

**अवसरहरू**

जनसांख्यिक लाभ प्राप्त रहेको

**चुनौतीहरु**

- शिक्षा तथा रोजगारका लागि युवाशक्ति शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको ।
- कतिपय युवाहरू लागूपदार्थ सेवन, झैझगडा लगायत कुलतमा फस्ने अवस्था रहेको ।

**सोच**

श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण

**लक्ष्य**

नगरपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने

**उद्देश्यः**

श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| युवा तथ्याङ्क व्यवस्थापन गर्ने | • नगरपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पारिनेछ ।<br>• नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरुको पूर्ण विवरण तयार पारिनेछ । |
| दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने | • युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरुको रुचि र झुकाव अनुसार नियमित सिप विकास रोजगारीमूलक तालिम सञ्चालन गरिनेछ ।<br>• समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • गायन, वाद्यवाधन, नृत्य, कला, अभिनय आदिमा विशेष रुची भएका युवाको पहिचान गरी वडास्तरीय साँस्कृतिक समितिमा आबद्ध गराई उनीहरुलाई विशेष तालिम प्रदान गरिनेछ ।<br>• कुनैपनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरुलाई समेटि गाउँघरमा आवश्यक अर्धदक्ष कामहरु जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषिश्रम, निर्माण आदिका लागि तालिम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- युवा सीप तथा क्षमता विकास कार्यक्रम,
- लागु पदार्थ दुर्व्यसन नियन्त्रण कार्यक्रम,
- युवा क्लब गठन तथा संचालन,
- स्थानीय प्रतिभा खोजि कार्यक्रम,
- खेल पूर्वाधार निर्माण (रंगशाला ,खेल मैदान स्तर उन्नती, ब्यायामशाला, कभर्ड हल)।

**अपेक्षित उपलब्धी**

सिपयुक्त र दक्ष मानव संसाधनको विकास हुनेछ ।

## ६.७ खेलकुद तथा मनोरञ्जन

**पृष्ठभूमि**

विश्वका विकसित देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू खेल प्रवर्द्धनमार्फत विश्व परिचित मात्र नभई खरबौ डलरको कारोबार गर्दछन् । छिमेकी राष्ट्र भारतसमेत क्रिकेटका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडीहरू खेलकुदमा आवद्ध छन् किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ।

**अवसरहरू**

- स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने
- खेल पूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने

**चुनौतीहरु**

- नगरपालिकामा भएका खले मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्थित एवं पूर्वाधारयुक्त हुन नसक्नु
- नगरपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद प्रशिक्षकको अभाव हुनु

- व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेट व्यवस्थापनको चुनौती रहको

**सोच**

खेलकुदको माध्यमबाट नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने

**लक्ष्य**

शारीरिक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने

**उद्देश्यः**

खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने | • सम्पूर्ण विद्यालयहरुमा खेल मैदानको प्रबन्ध गरिनेछ ।<br>• सम्पूर्ण विद्यालयहरुमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिनेछ ।<br>• वडास्तरीय खेल मैदानको व्यवस्था गरिनेछ ।<br>• वडास्तरीय खेलकुद विकास समिति निर्माण गरिनेछ ।<br>• नगरपालिका स्तरीय रगंशाला निर्माण गरिनेछ । |
| खेलाडी पहिचान गरी प्रशिक्षण दिने | • नगरपालिकास्तरीय सम्पूर्ण खेलाडीहरुको विवरण तयार पारिनेछ ।<br>• खेल अनुसार खेलाडी समूह छुट्याई वडास्तरीय खेलकुद समिति मार्फत प्रशिक्षण तालिम प्रदान गरिनेछ ।<br>• राष्ट्रिय खेलमा भाग लिने खेलाडीहरुलाई विशेष तयारी प्रशिक्षण सञ्चालन गर्न कोषको व्यवस्था गरिनेछ ।<br>• स्थानीय तह र प्रदेशस्तरमा आयोजना हुने खेलहरुमा सहभागि हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिनेछ । |
| खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | • मेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>• अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>• वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | • स्थानीय जातजाति, धर्म, सम्प्रदायहरुमा प्रचलित कला, कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनीहरुको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिनेछ ।<br>• ठूलो संख्याका मानिसहरुलाई सामूहिक रुपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नौटङ्की, नाटक, गान, बजाना, नृत्य, जादु, कला, कौशल, आदिलाई संस्थागत गरिनेछ ।<br>• वनभोज स्थलहरुलाई व्यवस्थित गर्ने वडास्तरीय पार्क तथा मनोरञ्जन स्थल निर्माण गर्ने |

**प्रमुख कार्यक्रम**

- वडास्तरीय खेल मैदान निर्माण

- मेयर कप भलिवल प्रतियोगिता सञ्चालन
- खेलाडी प्रशिक्षण
- नगरपालिका स्तरीय रगंशाला निर्माण
- स्थानीय स्तरमा हुने मनोरञ्जनात्मक क्रियाकलापको प्रोत्साहन

**अपेक्षित उपलब्धीहरु**

खेलकुद पूर्वाधारको विकास भई राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरुको विकास भएको हुनेछ ।

# परिच्छेद ७: पूर्वाधार विकास

## ७.१ खानेपानी तथा सरसफाई

राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकामा ट्युबवेल/हातेपम्प र पाईप खानेपानीको सेवा पुगेको घरधुरी ९६.६ प्रतिशत देखिन्छ । साथै नगरपालिकाका अधिकांश घरपरिवारले पिउने पानीलाई कुनै शुद्धीकरण नगरी सिधैं पिउने गरेको देखिन्छ । जुन जनस्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हो । सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो ।

**अवसरहरू**

- प्रचुरमात्रामा भूमिगत जलस्रोतको उपलब्धता भएको
- स्वच्छ खानेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकीकरण गरिएको

**चुनौतीहरु**

- प्रचुर मात्रामा भूमिगत जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको
- सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको
- टयुबवेलको पानीमा गन्ध आउने साथै आइरन, आर्सेनिक जस्ता तत्वहरु देखिएको
- पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको

**सोच**

स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई

**लक्ष्य**

सम्पूर्ण वडा/बस्ती तथा घरहरुमा स्वच्छ खानेपानी पुर्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने

**उद्देश्यहरू**

- नगर बासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुर्याउनु
- सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुर्याउने

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने। | • "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरुमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ ।<br>• मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने ।<br>• खानेपानीका मुहान, स्रोत तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।<br>• हरेक घरपरिवारमा पाइपमार्फत खानेपानी आपुर्ती प्रणाली निर्माण गरिनेछ । |

| | |
|---|---|
| | • खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिनेछ । |
| हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने । | • प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>• घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गीकरण गर्न, कम्पोस्ट मल बनाउन र पुनर्प्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित तालिम सञ्चालन गरिनेछ । |
| सावर्जनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | • प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ ।<br>• उल्लेखित स्थानहरुमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कन्टेनरको व्यवस्था गरिनेछ ।<br>• फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साईट निर्माण गरिनेछ ।<br>• फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिनेछ ।<br>• मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिनेछ । |
| सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | • घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी गैसस तथा सामुदायिक संस्थाहरुसँग सहकार्य गरी स्थानीयबासीको संलग्नतामा नियमित रुपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनेछ ।<br>• स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाईसम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- एक घर एकधारा कार्यक्रम
- सावर्जनिक स्थल तथा बजार केन्द्रहरुमा शौचालय निर्माण
- पानीको मुहान संरक्षण तथा संरचना मर्मत
- सघन वस्ती क्षेत्रमा ढल निर्माण
- नगरपालिकाद्वारा ल्यान्डफिल साइटको निर्माण
- सरसफाइसम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रसारण

**अपेक्षित उपलब्धि**

नगरपालिकाका शतप्रतिशत घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको र सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।

## ७.२ सिंचाई

**पृष्ठभूमि**

तराईको समथर मैदानमा रहको अवस्थितिका कारण यस नगरपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहको छ । यहाँ धान, गहुँ मकै, मुसुरो, तोरी, तरकारी, जस्ता कृषि उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ । नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरु बाट तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गरिँदै आइरहको छ , तथापि अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

**अवसरहरू**

- पर्याप्त भूमिगत जलस्रोतको भण्डार रहेकोले बोरिंग तथा डिप बोरिङ मार्फत नगरपालिकाका सबै वडामालाई सहजै सिंचित गर्न सकिने
- कृषि विद्युतीकरणमार्फत सिंचाई सहजीकरण गर्न सकिने
- एकीकृत सिंचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहुउपयोग गर्न सकिने
- भौगोलिक अवस्थालाई हेर्दा कृत्रिम जलाशयहरु निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुर्याउन सकिने

**चुनौतीहरु**

- उपलब्ध जलस्रोतको पूर्णरूपमा सही सदुपयोग हुन नसकेको हुँदा खेतीयोग्य जमिन बाँझो रहने गरेको
- परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत संभार नियमित हुन नसकेको
- पोखरी र परम्परागत तलाउहरुमा मानवीय क्रियाकलापका कारण अतिक्रमण बढ्दो
- भूमिगत सिंचाई परियोजनाहरु खर्चिलो भएका कारण प्रभावकारी हुन नसकेको
- कृषि विद्युतीकरणमार्फत खेतखेतमा बिजुलीको लाइन लगेर सिंचाइका मेसिन चलाउन खर्चिलो रहेको र सिंचाइका लागि उपयोग हुने मोटरहरुबाट उत्पन्न हुने धुवाले प्रदूषण बढाउने

**सोच**

सबै खेतियोग्ग जमिनमा बाह्रै महिना पूर्ण सिंचाईवाट कृषिक्षेत्रको उत्पादकत्व वृद्धि गरी आर्थिक समृद्धि हाँसिल गर्ने

**लक्ष्य**

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफलयुक्त कृषि उत्पादनमा योगदान पुर्याउने

**उद्देश्यहरू**

- सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुर्याउनु
- सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने | • नगरपालिका भएर बग्ने नदी, खोला नाला, ताल पोखरीहरु, सिमसार क्षेत्रहरु लगायत पानीका मुख्य स्रोतहरु र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण तयार गरिनेछ ।<br>• परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइनेछ ।<br>• सम्भाव्यता अध्ययन गरी भूमिगत तथा सतह सिंचाई संरचनाहरु क्रमशः निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिनेछ ।<br>• सतह सिंचाईको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिंचाई जस्तै थोपा सिंचाई, फोहरा सिंचाई, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडामा कार्यान्वयनमा ल्याइनेछ । |
| उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने । | • चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी ठूला कृषि फर्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिनेछ ।<br>• कृषि विद्युतीकरणमार्फत भूमिगत तथा सतहगत सिंचाई प्रणाली सुदृढिकरण गरिनेछ ।<br>• मर्मत संभार कोष स्थापना गरी नियमित मर्मत संभार गर्ने व्यवस्था गरिनेछ। |

**प्रमुख कार्यक्रम**

- भूमिगत तथा सतह सिंचाई आयोजना निर्माण
- कुलो/नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति

**अपेक्षित उपलब्धी**

सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ र उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुनेछ ।

## ७.३ ऊर्जा

**पृष्ठभूमि**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकामा दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । यस नगरपालिकामा बत्ती बाल्न विद्युत् प्रयोग गर्ने घरधुरी ९५.२ प्रतिशत छ । नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा विद्युत तथा इन्टरनेट सुविधा छ । कुनैपनि स्थानमा बसोबास गर्ने नागरिकको जीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युत् तथा ऊर्जाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**अवसरहरू**

- विद्युतीय ऊर्जाको प्रयोग गरी सिंचाइ, उद्योग तथा यातयात सेवा संचालन गर्न सकिने
- नगरपालिकाका राइसमिल्स, फर्निचर उद्योग, डेरी तथा अन्य व्यवसायिक क्रियाकलापहरुमा विद्युत उपयोगको प्रयोगवाट सहज भएको
- नगरबासीलाई विद्युतीय उपकरणको उपयोगमा प्रोत्साहन गरी काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने

**चुनौतीहरु**

- मुख्य प्रसारण लाइन बाहेक नगरपालिकामा विद्युतीयकरणका लागि प्रयोग भएका काठका पोलहरु जीर्ण तथा असुरक्षित रहेका
- सार्वजनिक सडक बत्तिहरुको पर्याप्त प्रबन्ध नभएको
- निम्न जीवनस्तर तथा न्यून आय भएका घरधुरीहरुले विद्युत जडान गर्न नसक्ने अवस्था रहको
- छरिएर रहेका बस्तीको कारण प्रसारण लाइन विस्तार खर्चिलो तथा थप जटिलता

**सोच**

ऊर्जामा पूर्ण पूर्वाधारयुक्त नगरपालिका

**लक्ष्य**

नगरपालिकावासीहरुमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने

**उद्देश्यहरू**

- ऊर्जामा सबै नगरपालिका बासीको पहुँच पु¥याउनु
- ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

| रणनीति | कार्यनीति |
|---|---|
| विद्युतीकरण नभएका स्थानहरुमा विद्यतु सेवा विस्तार गर्ने । | • विद्युत् सेवा नपुगेका बस्तीहरुमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइने छ ।<br>• तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र काठ दाउराको प्रयोगलाई पूर्णरुपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा बायोग्यास प्रयोग गर्न प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ । |
| विद्युत क्षमता वृद्धि गर्ने । | • मागअनुसार आवश्यक खपत परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिनेछ ।<br>• विद्युत प्रसारण लाइन सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ। |
| विद्युत् उपयोग बढाउने । | • घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>• विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ । |
| वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने । | • नगरपालिकामा वैकल्पिक ऊर्जा उत्पादनको सम्भाव्यता हेरी निजीक्षेत्रलाई आकर्षण गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• बजार क्षेत्रहरुमा फोहोरको सदुपयोग गरी ऊर्जामा परिणत गर्ने प्रविधिको प्रयोग गरिनेछ ।<br>• उज्यालो नगरपालिका अभियान अन्तर्गत नगरपालिकाका सडकहरुमा तथा सार्वजनिक स्थानहरुमा सौर्यबत्ती जडान गरिनेछ । |
| विद्युत चुहावट नियन्त्रण गर्ने | • नगरपालिकामा हुन सक्ने विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- विद्युतका प्रशारण लाइन विस्तार कार्यक्रम
- वैकल्पिक ऊर्जा प्रवर्द्धन कार्यक्रम
- विद्युतीय पोलहरुको मर्मत सम्भार तथा जिर्ण पोल तथा ट्रान्सफर्मरहरुको प्रतिस्थापन,

**अपेक्षित उपलब्धी**

शत प्रतिशत घरधुरीले विद्युतीय उर्जा प्रयोग गरेका हुनेछन भने ८० प्रतिशत घरधुरीले खाना पकाउन स्वच्छ उर्जा प्रयोग गरेका हुनेछन ।

## ७.४ सडक तथा यातायात

**पृष्ठभूमि**

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । भैरहवा र कपिलवस्तुको सदरमुकाम तौलिहवा जोडने सडकको लुम्बिनीबाट २२ कि.मी. सडक दुरीमा अवस्थित यस नगरपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिति सन्तोषजनक रहेको छ । यस नगरपालिका भित्रका सबै वडाहरुमा सडक संजाल पुगेको छ । नगरपालिकाको भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी लुम्बिनी तौलिहवा लोकमार्ग, हुलाकी लोकमार्ग र अन्य सहायक मार्गहरु रहेका छन् । नगरपालिका भित्रका अधिकांश मुख्य सडकहरु कालोपत्रे छन् भने भित्री सडकहरु विस्तार तथा स्तरोन्नती तीव्र रुपमा भइरहेको छ । सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने हुँदा यस नगरपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरीएको छ ।

**अवसरहरू**

- नगरपालिकाको १३ वटै वडा केन्द्रमा सडकको पहुँच हुनाले नगरपालिकामा कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको

**चुनौतीहरु**

- योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक सञ्जाल विस्तार नभएको
- कच्ची सडक वर्षातको समयमा हिलाम्मे हुने र अन्य समयमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको
- नगरपालिकाभित्र दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको असुविधा भएकाले विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने
- सडक वरपर प्रदुषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर कम गर्न पहल गर्नुपर्ने
- सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरु चलायमान हुन नसकेको
- सडकको स्तरउन्नती गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने

**सोच**

सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता

**लक्ष्य**

नगरपालिका भित्रको सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने

**उद्देश्यहरू**

- नगर वासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउने

- नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| नगरपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने। | • सम्पूर्ण वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोड्ने मुख्य–मुख्य सडकहरुलाई उच्च प्राथमिकतामा राखी शीघ्र स्तरोन्नति तथा कालोपत्रे गरिनेछ ।<br>• निर्माण योजनामा रहेका सडकको यथाशीघ्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।<br>• सडक विस्तार सँगसँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिनेछ । |
| विद्यमान सडक पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने । | • हाल सञ्चालनमा रहेका प्रमुख वस्ती र बजार केन्द्र जोड्ने प्रमुख सडकहरूको पहिलो प्राथमिकता तोकी स्तरोन्नति, विस्तार र कालोपत्रे वा पक्की गरिनेछ ।<br>• पहिचान भएका कृषि सडकहरूको स्तरोन्नति र विस्तार गरी नगरपालिकाका सडकसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गरिनेछ ।<br>• नगरपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि अध्ययन गरिनेछ ।<br>• उच्च प्राथमिकता प्राप्त पुल निर्माणका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेटका लागि समन्वय गरिनेछ । |
| सार्वजनिक यातायात प्रणालीको विकास गर्ने । | • यातायात व्यवसायी तथा सरोकारवाला संग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिनेछ ।<br>• रूटमा चल्ने सवारी साधनहरूको संख्या र प्रकार (जस्तै बस, मिनिबस, अटो रिक्सा माइक्रोबस आदि) आवश्यकता अनुसार तय गरिनेछ ।<br>• रूटको बीच–बीचमा बस स्टप, सार्वजनिक शौचालय, प्रतीक्षालयहरु स्थानीय आवश्यकता अनुसार निर्धारण गरी निर्माण गरिनेछ ।<br>• नगरपालिकाका सघन यातायात सञ्चालन हुने मुख्यरूटहरुमा आवश्यकताको आधारमा ट्राफिक युनिट स्थापना गरिनेछ। |
| सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने । | • सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइनेछ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ । |
| दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने । | • सडकको नियमित मर्मत सम्भारका लागि आधुनिक प्रविधिको उपयोग तथा यान्त्रीकरणमा जोड दिइनेछ ।<br>• प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनले सडक तथा यातायातमा हुन सक्ने असर तथा नोक्सानीलाई न्युनीकरण गरिनेछ ।<br>• विद्युतीय सवारी साधन संचालन गर्नका लागि सङ्घीय तथा प्रादेशिक सरकारसँग समन्वय गरी प्रोत्साहन गर्न निजी क्षेत्रलाई आर्थिक सहुलियत दिने र चार्जिङ स्टेशन को सम्भाव्यता अध्ययन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • नगरपालिकामा निर्माण हुने सडकहरु मध्ये २० प्रतिशत सडकहरुमा बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी निर्माण गर्न सम्भावना अध्ययन गरिनेछ । |

### प्रमुख कार्यक्रम

- वडा केन्द्रलाई नगरपालिका केन्द्रसँग जोडने मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रे
- बस स्टप, सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण
- सार्वजनिक सवारीसाधन संचालन तथा व्यवस्थापन
- हरित सडक निर्माण कार्यक्रम

### अपेक्षित उपलब्धी

नगरवासी सबैमा सर्व सुलभरुपमा गुणस्तरीय सार्वजनिक यातयातको पहुँच पुगेको हुनेछ ।

## ७.५ आवास, भवन तथा वस्ती विकास

### पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाका घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको ईँटा/ढुङ्गाले बनेका घरधुरी सबैभन्दा धेरै संख्या ६४.९ प्रतिशत छ भने सबैभन्दा कम काठ/बाँसको गारो भएको घरधुरी संख्या ३ प्रतिशत रहको छ । नगरपालिकाका अधिकांश घरहरु कच्ची अवस्थामा रहनुले यस नगरपालिकाका घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित,सुविधासम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि सुरक्षित आवासका दीर्घकालीन योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ ।

### अवसरहरू

- समथर भूमि भएकाले प्रत्येक वडामा रहेका खुला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी एकीकृत बस्ती विकास गर्न सजिलो ।
- स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरू जस्तै– गिट्टी बालुवा आदि उपलब्धता भएको र यथेष्ट मात्रामा सडक सञ्जालको विस्तारका कारण ढुवानीमा समस्या नरहेको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्न सकिने ।

- नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यवस्थित गर्न घर निर्माण सम्बन्धी मापदण्ड निर्माण गरी यही आ.व. देखि कार्यान्वयनमा ल्याउने नीति लिएको
- भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधासम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको ।

**चुनौतीहरु**

- अधिकांश घरहरु कच्ची/झुप्रोको रुपमा रहेकाले सुरक्षित नभएका
- समथर भू—धरातलका कारण बस्तीमा डुबान तथा कटान हुने गरको
- भू—उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको
- सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको
- भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको

**सोच**

सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति

**लक्ष्य**

सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने

**उद्देश्यहरू**

- न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु
- सुरक्षित आवास तथा भवनहरु निर्माण गर्ने

| रणनीति | कार्यनीति |
|---|---|
| छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने । | • बस्ती विकास योजना निर्माण गरिनेछ ।<br>• विपतको जोखिममा परेका बस्तीहरु पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>• एकीकृत आवास निर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरु पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ ।<br>• छरिएर रहेका तथा विपतको जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभूत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>• सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइनेछ ।<br>• विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने । | • नगरपालिकाको भू—उपयोग नीति अनुरुप वस्ती विकास तथा योजना निर्माण गरिने छ ।<br>• हाल घनावस्ती रहेका स्थानमा भौतिक पूर्वाधार विकास गरी बस्ती वरपर थप आवास विस्तार कार्यक्रम संचालन गरिनेछ ।<br>• अनधिकृत रुपले बसोबास गरिरहेका घरपरिवार पहिचान गरी सो स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।<br>• भवन आचार संहिता तर्जुमा गरी लागु गरिनेछ । |
| एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने । | • सरकारी भवनहरु निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरुपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ ।<br>• सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइनेछ । |
| आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने । | • आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिनेछ ।<br>• आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरुका लागि नियमित तालिम संचालन गरिनेछ । |

### प्रमुख कार्यक्रम

- एकीकृत वस्ती विकास कार्यक्रम
- विपन्न आवास निर्माणमा सहयोग कार्यक्रम

### अपेक्षित उपलब्धि

भवन आचारसंहिता निर्माण भई कार्यान्वयन भएको हुनेछ, सुरक्षित आवास योजना कार्यान्वयन भइ विपन्न नागरिकहरुको आफ्नै आवास हुनेछ ।

## ७.६ सूचना तथा सञ्चार

### पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । यस नगरपालिकामा वस्तीहरु बाक्लो भएका स्थानहरुमा नेपाल टेलिकम तथा एनसेलले मोबाइल फोन सेवा प्रदान गरेका छन् । नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावरहरु भएको हिसाबले स्थिति सन्तोषजनक नै भएतापनि गुणस्तर सुधार गर्नु जरुरी छ । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा एक प्रकारको क्रान्ति नै भएकोले यो नगरपालिकामा इन्टरनेटको पहुँच पुगेको देखिन्छ ।

**अवसरहरू**

- नगरपालिकाका विभिन्न वडामा मोबाइल टावर रहेका
- उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरुलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने

**चुनौतीहरु**

- इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता रहेको
- विद्यालय तथा सार्वजनिक स्थानहरुमा इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क वाईफाईको व्यवस्था गर्नुपर्ने
- नगरपालिकाभित्र रेडियो तथा टेलिभिजन प्रसारण केन्द्र नभएको
- सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने
- नगर वासीमा सञ्चारका सबै प्रविधि सँगको पहुँच स्थापना गरी साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने

**सोच**

सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त नगरपालिका

**लक्ष्य**

नगरवासीमा गुणस्तरीय सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने

**उद्देश्यहरू**

नगरवासीमा सूचना प्रविधिको सहज पहुँच सुनिश्चित गर्ने

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | • मोबाइल नेटवर्क कभरेजमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार मोबाइल टावरहरुको थप र विस्तार तथा गुणस्तर सुधार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिनेछ ।<br>• इन्टरनेट प्रदायक निजी कम्पनीहरुलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिनेछ ।<br>• स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>• मोबाइल टावरहरुमा विद्युतको नियमित रुपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाइनेछ । |
| नगरवासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने । | • नगरपालिकाको वेबसाइटमार्फत सूचना सम्प्रेषण गरिनेछ ।<br>• नगरपालिका केन्द्र, वडा कार्यालय तथा सार्वजनिक स्थलहरुमा फ्री वाइफाईको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • वडा कार्यालयहरु सूचना प्रविधिमैत्री बनाइनेछ ।<br>• एफएम रेडीयोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गररे बजाइनेछ । |
| क्षमता अभिवृद्धिमूलक कार्यक्रम संचालन गर्ने । | • सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई विभिन्न किसिमका तालिममार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• नगरवासीमा साइबर सुरक्षासम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ। |

**प्रमुख कार्यक्रम**

- डिजीटल सेवा प्रवाहलाई प्रोत्साहन कार्यक्रम
- नगरपालिकावाट भएका राम्रा अभ्यासहरुको ज्ञान व्यवस्थापन कार्यक्रम
- सामुदायिक एफएम र स्थानीय पत्रिका प्रकाशनमा सहजीकरण कार्यक्रम
- इन्टरनेट, टेलिफोन सेवा विस्तार तथा गुणस्तर सुधार कार्यक्रम

**अपेक्षित उपलब्धि**

नगरपालिका तथा वडामा सूचना प्रविधिका पूर्वाधारहरु निर्माण भएको हुनेछ र नगरवासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ।

# परिच्छेद ८: वातावरण तथा विपद व्यवस्थापन

## ८.१ वन तथा भू–संरक्षण

**पृष्ठभूमी**

नगरपालिकामा ठूला वन जंगल नभए तापनि नगरपालिकाको कुल भ–ूभाग मध्ये करीब ४.९९ प्रतिशत भुभाग बनजगंलले ओगटेको छ । दिगो विकास लक्ष्य १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । त्यसैगरी तराइको समथर क्षेत्र भएकाले अधिकांश क्षेत्रमा वर्षातको समयमा निरन्तर नदी कटान हुने र विभिन्न वडाहरु डुबानमा परी सडक अवरुद्ध हुनुका साथै धनजनको क्षति हुने हुनाले भू–संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी नियन्त्रण र भू–संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै भू–संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

**अवसरहरू**

- नगरपालिकाको शहरी क्षेत्रमा रहेका चोक, चौबाटो र बाटोको बिचमा रहेको क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गर्न सकिने
- खेर गएका तथा खालीरहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने

**चुनौतीहरु**

- नगरपालिकामा ठूला वन जंगल नभएको
- वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रुपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने
- दिगो वन व्यवस्थापन तथा भू–संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने
- लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने

**सोच**

जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास हासिल गर्ने

**लक्ष्य**

नगरपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- वन तथा हरित क्षेत्रको विस्तार गर्नु
- वन तथा हरित क्षेत्रको दिगो विकास सुनिश्चित गर्नु
- कटानग्रस्त क्षेत्रको संरक्षण गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| हरित क्षेत्रको विस्तार गर्ने । | • हरित क्षेत्रको विस्तारका लागि विशेष गरी निजी वन प्रवर्द्धन कार्यक्रमको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• उच्च प्रतिफल मुखी फलफुल बगैंचा विस्तार गर्ने घरधुरीलाई विरुवामा अनुदान प्रदान गरिनेछ ।<br>• नगरपालिकास्तरीय वन नर्सरी स्थापना गरिनेछ ।<br>• खाली रहेका सार्वजनिक जग्गा, नदी उकासको क्षेत्र, खेर गैरहेको जमिन र बगर क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गरी आय आर्जनसँग आवद्ध गर्ने अभियान सञ्चालन गरिनेछ ।<br>• कुरिलो, अमला, बेल, तुलसी, घ्युकुमारी, गुर्जो, वयर इत्यादि जडीबुटीको व्यावसायिक उत्पादन गर्न सम्भाव्यता अध्ययन गरी बृक्षारोपण गरिनेछ । |
| कटान नियन्त्रणका सफल अभ्यासहरूको अनुशरण गर्दै कटान नियन्त्रण गर्ने | • कटानग्रस्त क्षेत्रमा हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>• कटानग्रस्त क्षेत्रहरुमा बायो इञ्जिनियरिङ प्रविधिको प्रयोग गरी नियन्त्रण गर्न विज्ञहरूको परामर्श लिनुका साथै त्यस्ता क्षेत्रहरूको अध्ययन अवलोकन भ्रमण गरिनेछ ।<br>• भू-संरक्षण तथा कटान नियन्त्रणका लागि आवश्यक पूर्वाधार जस्तै- तारजालीको उत्पादन नगरपालिकामै गर्न निजी क्षेत्रसँग समन्वय गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- व्यावसायिक जडिबुटी उत्पादन कार्यक्रम,
- डढेलो नियन्त्रण कार्यक्रम,
- बन संरक्षण कार्यक्रम,
- सडक सौन्दर्यकरण (वृक्षारोपण) कार्यक्रम,
- फोहोर व्यवस्थापन ल्याण्डफिल्ड साइट निर्माण तथा स्तर उन्नती,
- सहरी क्षेत्रमा जैविक तथा अजैविक फोहरको लागि छुट्टाछुट्टै डस्टबिन कार्यक्रम,
- प्राकृतिक श्रोत र साधन उपयोग सचेतना कार्यक्रम,
- सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यक्रम,

- बजार क्षेत्र तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम,

**अपेक्षित उपलब्धि**

निजी वन, बगैंचा र बनजंगलले ढाकेको क्षेत्र संरक्षण भएको हुनेछ।

## ८.२ जलाधार व्यवस्थापन

**पृष्ठभूमी**

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस नगरपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । नगरपालिकाको कुल क्षेत्रफल मध्ये १.७१ प्रतिशत जलक्षेत्रले ओगटेको छ । नगरपालिकामा कोइलीहवा खोला, तेलार नदी, गर्तहवा नाला, सोइया नाला, कोठी खोला, धुपही ताल, नौखनीया ताल, हाथिहवा ताल, थरुनीया ताल, अमारी बिच नाला, भुताहा नाला नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान सकिन्छ।

**अवसरहरू**

- जलाधार क्षेत्रमा कछुवा, भ्यागुता, सर्प, माछा, विच्छी, गंगटो जस्ता जलचरहरु पाइने
- जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने

**चुनौतीहरु**

- बर्षेनी कटान, बाढी र डुबान समस्या आउने गरेको साथै जलाधार क्षेत्र वरिपरिका मानवबस्ती उच्च जोखिममा रहको
- वन, जलाधार र भू-संरक्षणका लागि दिगो रुपमा दीर्घकालीन कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने
- जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरु सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने

**सोच**

नगरपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने

**लक्ष्य**

नगरपालिकाको जलाधार क्षेत्रको दिगो संरक्षण गरी जल सम्पदामा आत्मनिर्भर बन्ने

**उद्देश्यहरू**

जलाधार क्षेत्रको प्रभावकारी व्यवस्थापन गरी दिगो उपयोग सुनिश्चित गर्ने

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| जलस्रोत तथा जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने । | • नगरपालिकामा भएका पानीका मुहानहरु, जलाधार क्षेत्र तथा सिमसार क्षेत्रको पहिचान गरी नक्साङ्कन गरी विस्तृत विवरण तयार गरिने छ ।<br>• जलाधार क्षेत्रहरूमा हानी पुर्याउने क्रियाकलापहरु गर्न तत्काल रोक लगाई जलाधार क्षेत्रको संरक्षण गरिनेछ । |
| जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन गर्ने । | • नगरपालिकाका प्रमुख जलाधार क्षेत्रहरुलाई “विशेष जलाधार क्षेत्र” घोषणा गरी ती क्षेत्रहरुमा संरक्षणका कार्यक्रमहरू लागू गरिनेछ ।<br>• प्रत्येक वडाका उपयुक्त स्थानहरूमा जल पर्यावरणीय प्रणाली अन्तर्गत जलचर, वनस्पति र भौतिक अवयवहरूको प्रवर्धन गर्नका लागि नमूना पोखरीहरु निर्माण गरिनेछ । उक्त पोखरीहरुमा वर्षातको पानी संकलन गर्ने व्यवस्था गरिनेछ ।<br>• जलाधार संरक्षणमा सहायक प्रजातिका बिरुवाहरूको वृक्षारोपण गरिनेछ।<br>• जलस्रोत तथा जलाधार क्षेत्रको प्रयोग गरी कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकास गरिनेछ । |
| जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | • जलाधार क्षेत्र संरक्षणको महत्व बुझाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- खोला किनार वरिपरी तटबन्ध कार्यक्रम,
- प्राकृतिक श्रोत र साधन उपयोग सचेतना कार्यक्रम,
- सिमसार क्षेत्र संरक्षण कार्यक्रम,
- तारजाली नदि नियन्त्रण कार्यक्रम

**अपेक्षित उपलब्धी**

जलाधार क्षेत्रको संरक्षण गरी पानीको दिगो उपलब्धता सुनिश्चित हुनेछ ।

## ८.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

**पृष्ठभूमी**

औद्योगिक राष्ट्रहरुले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन जस्ता कारणले हरितगृह प्रभाव बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी सामु छ । जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरु नै विकास सम्बन्धी मानवीय गतिविधिहरु हुन् । विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन बिरुद्ध अभियान सञ्चालन गरी कमभन्दा कम कार्वन उत्सर्जन गर्ने र बढीभन्दा बढी कार्वन उपभोग हुने वातावरण सिर्जना गरेर जलवायु समायोजन र सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्नु श्रेयस्कर हुन्छ ।

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ । यस नगरपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहको छ । यस नगरपालिकामा विशेषगरी डुवान, बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, डढेलो जस्ता प्राकृतिक प्रकोपहरु देखापर्दै आइरहेका छन् ।

**अवसरहरू**

- नगरपालिकामा विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन सकिने
- विपत पीडितलाई रेडक्रस तथा अन्य सहयोगी संस्थाबाट सहयोग प्राप्त हुने गरेको

**चुनौतीहरु**

- नगरपालिकामा भएका बस्ती वर्षायाममा बाढी र डुबानको जोखिममा रहको
- बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुने गरेको
- जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको
- प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको
- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरण का लागि ठोस योजना बनाई लागू गर्नुपर्ने

**सोच**

विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने

**लक्ष्य**

विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागु गरी पूर्णत कार्यान्वयन गर्ने

**उद्देश्यहरू**

- प्राकृतिक तथा गैर प्राकृतिक विपद वाट हुने क्षति न्युनीकरण गर्ने
- विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | • नगरपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरु राखिनेछ ।<br>• नगरपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिनेछ । |
| विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | • बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिनेछ ।<br>• प्रकोप सम्भाव्य स्थलहरुमा विपद् पूर्व संकेत दिने उपकरणहरु जडान गरिनेछ ।<br>• नियमित रुपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिनेछ ।<br>• विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चारमार्फत सम्प्रेषण गरिनेछ । |
| बिमा योजना लागू गर्ने । | विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागु गरिनेछ र अति विपन्न परिवारको बिमा नगरपालिकाले गरिदिनेछ । |
| विपद् व्यवस्थापन योजना निर्माण गर्ने । | • नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । |
| विपद् व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने। | • विपद्को बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिनेछ ।<br>• विपद्का बेला भेला हुने खुल्ला स्थानहरु तय गरी पूर्वाधार निर्माण गरिनेछ ।<br>• स्वास्थ्य कर्मीहरु सम्मिलित नगरपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिनेछ ।<br>• बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरु संचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • वडास्तरमा युवाहरु सम्मिलित विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिनेछ ।<br>• विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । |
| विपद् व्यवस्थापन कोष स्थापना गर्ने । | • भूकम्प, असीना, आगलागी, बाढी, सर्पको टोकाइ, चटयाङ जस्ता महामारीबाट प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष स्थापना गरी व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |
| स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने । | • घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिनेछ । |
| जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने । | • जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ ।<br>• जलवायु परिवर्तनले निम्त्याएका समस्याहरु सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।<br>• स्थानीयस्तरमा तथा बिद्यालयहरुमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |

**प्रमुख कार्यक्रम**

- विपद् ब्यवस्थापन कोष,
- आपतकालीन आश्रयस्थल निर्माण,
- विपद् पुर्व तयारी कार्यक्रम,
- वडामा विपद् ब्यबस्थापन समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम,
- दमकल खरिद तथा ब्यबस्थापन कार्यक्रम,
- आपतकालीन उद्धार सामग्रीहरु ब्यबस्थापन तथा पुनर्भरण कार्यक्रम ,
- बिद्यालयमा विपद् जोखिम न्यूनीकरण र ब्यबस्थापन कार्यक्रम,
- आपतकालीन आकस्मिक कोष,
- विपद् उद्धार तालिम/ अभ्यास/ प्रतिकार्य,

**अपेक्षित उपलब्धि**

भौतिक संरचनाहरु मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने, विपद पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भई हुने विपदबाट हुने क्षतिमा न्युनिकरण भएको हुनेछ ।

## ८.४ वातावरण संरक्षण

### पृष्ठभूमी

यस नगरपालिकाको करिब ४.९९ प्रतिशत भूभाग बनजंगल तथा बगैंचाले ढाकिएको छ ।सहरी क्षेत्र तथा खाली ठाउँ सौन्दर्यकरणका लागि वृक्षारोपण कार्यक्रम संचालन भएको छ। यस नगरपालिकामा विशेषगरी जडिबुटीहरुमा निम, बकाइनो, बोजो, तुलसी, खयर, गुर्जो, पिपला, केमुन, रुदीलो, हर्रो, बर्रो, तेजपत्ता,अमला, लजावती झार, तितेपाती, असुरो, कुरीलो, वाबरी आदि जस्ता जडीबुटीहरु पाइन्छन् ।

**अवसरहरू**

- पार्क तथा हरित क्षेत्र विस्तार गर्न नगरपालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको
- नगरपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको
- नगरपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरु निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने ।

**चुनौतीहरु**

- प्राकृतिक सम्पदाहरूको संरक्षण र सदुपयोग हुन नसकेको
- काठ दाउरालाई घरायसी इन्धनको रुपमा अत्यधिक प्रयोग गर्नाले घरायसी प्रदूषण बढेको
- समयमै स्तरउन्नती नहुँदा तथा अनावश्यक मानवीय गतिविधि कारण पोखरीहरू सुक्ने खतरा रहको
- वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको

**सोच**

स्वच्छ, सफा, हराभरा हाम्रो लुम्बिनी साँस्कृतिक

**लक्ष्य**

नगरपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने
- सम्पूर्ण पुर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने ।

| रणनीति | कार्यनीति |
|---|---|
| प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने । | • प्रदूषण नियन्त्रण गर्न क्रमशः सबै सडकहरु कालोपत्र गर्दै लगिनेछ ।<br>• प्लाष्टिक तथा टायर ट्युब जलाउने परिपाटीलाई पूर्णतः बन्देज गरिनेछ।<br>• पानीका मुहानहरु सफा राख्न त्यस्ता स्थानहरुमा मानवीय गतिविधि र छाडा पशुहरु नियन्त्रण गरिनेछ ।<br>• मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरु तोकिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | • उद्योगलाई वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनाई वातावरण संरक्षणका क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तरगत शोधभर्ना स्वरुप लगानी गर्नुपर्ने प्रावधान बनाइनेछ । <br>• नगरपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू—क्षय संवेदनशील क्षेत्रमा भू—क्षय, नदी कटान नियन्त्रण गर्ने योजना कार्यान्वयन गरिनेछ । |
| समुदाय वा टोल स्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने । | • घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिनेछ । <br>• प्रत्येक वडाका मानवीय गतिविधिहरु बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिनछ । |
| ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको संरक्षण गर्ने । | • ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थानहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी संरक्षण गरिनेछ । <br>• प्रत्येक वडामा एक एकवटा वडागत नमुना पार्कहरुको निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- सिमसार क्षेत्र संरक्षण कार्यक्रम,
- खाली जमिनमा वृक्षारोपण कार्यक्रम,

**अपेक्षित उपलब्धि**

वातावरणमा स्वच्छता कायम तथा नगरपालिका नमुना हरित क्षेत्रका रूपमा स्थापित भएको हुने ।

# परिच्छेद ९: संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ९.१ सुशासन तथा सेवा प्रवाह

**पृष्ठभूमि**

राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन सुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्याउन सकिन्छ ।नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउने जस्ता कार्य गरिरहेको छ । आगामी दिनमा यी कार्यहरूलाई अझ सुदृढ गर्ने नगरपालिकाको योजना पनि रहेको छ ।

**अवसरहरू**

- स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने
- सेवा प्रवाहमा उच्चतम प्रविधिको प्रयोग गरी कागजविहिन रुपमा विकास गर्दै लैजाने नीति अवलम्बन गरिएको

**चुनौतीहरु**

- संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको
- नगरपालिका केन्द्र/वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री र आवश्यक मानवसंशाधन उपलब्ध नभएको

**सोच**

लुम्बिनी साँस्कृतिक नगरपालिकाको सरोकार, जनमुखी सरकार

**लक्ष्य**

सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने

**उद्देश्यहरू**

भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमुखी बनाउनु

| रणनीति | कार्यनीति |
|---|---|
| जनचासोमा केन्द्रित जनमुखी सरकार महशुस | • नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाह चुस्त दुरुस्त बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| हुने सेवा प्रणाली प्रर्वद्धन गर्ने | • आन्तरिक नियन्त्रण प्रणाली लागू गरिनेछ ।<br>• स्थानीय सञ्चार माध्याममार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिनेछ ।<br>• संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी व्यवस्थापन गरिनेछ ।<br>• पूँजीगत खर्च क्षमता विकास गरिनेछ ।<br>• विकास निर्माणमा प्रगति विवरणलाई जनतासामु नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँचयोग्य बनाइनेछ ।<br>• आयोजना तथा निर्माणस्थलमा आयोजनाको विस्तृत विवरण सम्बन्धी बोर्ड अनिवार्य राखिनेछ ।<br>• नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिनेछ ।<br>• सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास,
- कार्यलयको पुँजीगत खर्च सुधार,
- सूचना तथा सहायता कक्ष संचालन,
- सेवाग्राही तथा सरोकारवाला संग सर्वेक्षण तथा पृष्ठपोषण,
- वडा कार्यलयहरुमा टोकन प्रणाली, इ-हाजिरी तथा सीसी टिभी प्रणाली जडान,
- बिषयगत समिति क्षमता विकास तथा कार्य सम्पादन अभिवृद्धि,
- सेवा कर सचेतना,
- गुनासो सुनुवाई प्रणाली विकास,
- चौमासिक बुलेटिन प्रकासन
- सूचना तथा अभिलेख केन्द्र
- बार्षिक पुस्तिका प्रकासन
- क्षेत्रगत योजना निर्माण
- बिषय अन्तर्गत नीति नियम संस्थागत
- कर्मचारी, पदाधिकारी तथा उपभोक्ता सम्मान
- सार्वजनिक सुनुवाई ।

**अपेक्षित उपलब्धी**

समयमा नै सम्पन्न हुने स्थानीय आयोजना ९५ प्रतिशत, गुनासो सुनुवाई शत प्रतिशत, सेवाबाट सन्तुष्ट हुने जनता ९५ प्रतिशत भन्दा माथि तथा सेवाग्राहीले १५ मिनेट भित्रै सेवा प्राप्त गरेका हुनेछन।

## ९.२ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

**पृष्ठभूमि**

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । नगरपालिकामा गरिने हरके विकासका क्रियाकलापहरु र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा नगरपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ । यसका लागि हरके सूचनालाई अध्यावधिक गर्ने सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ । यी पक्षहरुलाई ध्यानमा राखी तथ्यांक व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने देखिन्छ ।

**सोच**

चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन

**लक्ष्य**

सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने

**उद्देश्यहरू**

स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | • सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ ।<br>• सबै प्रकारका सूचनाहरु अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार गरिनेछ ।<br>• अभिलेख इकाइमा अवाश्यक दरबन्दीको प्रबन्ध गरिनेछ । |
| आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | • सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिनेछ ।<br>• अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ ।<br>• राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोहि अनुसारको प्रणाली विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिनेछ ।<br>• राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्छ भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ ।<br>• नगरपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिनेछ ।<br>• सीमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिनेछ ।<br>• नगरपालिकाको आयव्ययको विवरण नियमित रुपमा प्रकाशन गर्ने प्रबन्ध मिलाइनेछ । |

**प्रमुख कार्यक्रम**

- तथ्यांक ब्यवस्थापन कार्यक्रम
- राजस्व सुधार कार्यक्रम
- वित्तीय ब्यवस्थापन कार्यक्रम

**अपेक्षित उपलब्धी**

डिजिटल तथ्यांक ब्यवस्थापन सहित दिगो वित्त व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद १०: कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

## १०.१ कार्यान्वयन कार्ययोजना

यस नगरपालिकामा विकासका योजनाको कार्यान्वयनका लागि आवश्यक तथ्याङ्क र जनशक्ति अभाव प्रमुख समस्याका रुपमा रहेको छ। स्थानीय तहको आधारभूत बर्गीकृत तथ्याङ्कहरु उपलब्ध छैनन। संघ र प्रदेशस्तरका योजनाहरु बीच बजेट दोहोरो नपर्ने गरी समन्वय गर्दै दिगो विकासका लक्ष्यहरूलाई स्थानीय लक्ष्यसँग आवद्ध हुने गरी परिमाणात्मक वर्गीकरण गर्न सकिएको छैन। नतीजामूलक अनुगमन प्रणालीका लागि वस्तुगत सूचकहरूको विकास गरी योजना कार्यान्वयनका लागि जनशक्तिको क्षमता विकास गरी सुचना प्रविधि मैत्री बनाउने काम चुनौतीपूर्ण रहेको हुँदा यो एकीकृत शहरी विकास योजना अनुरुप नगरपालिकाले वार्षिक योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची र आयोजना बैंक तयार गरी कार्यक्रमहरु क्रमिकरुपमा वार्षिक योजनामा समावेश गर्नुपर्छ । कार्यान्वयन पक्षलाई अनुशासित राख्न योजना कार्यान्वयन कार्यतालिका वनाइ कार्यान्वयन ब्यवस्था गर्नु पर्दछ। यस्तो तालिका निर्माण गर्दा एकीकृत शहरी विकास योजनाले अख्तियार गरेका रणनीतिहरु तथा आर्थिक गतिविधि चलायमान हुन सघाउपुग्ने आयोजनाहरुमा प्राथमिकताका साथ वार्षिकरुपमा मध्यमकालिन खर्च संरचना तयार गरी बजेट सुनिश्चित गरिनुपर्छ ।

### १०.१.१ योजना कार्यन्वयन तालिका

कार्यान्वयन पक्षलाई अनुशासित राख्न योजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने भनी समय किटान गरिएको योजना कार्यान्वयन कार्यतालिका वनाइ कार्यान्वयन ब्यवस्था गर्नु पर्दछ। योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र कृयाकलाप प्रति जिम्मेवार बनाउन उपलब्धी परिणाम सूचक सहित कार्यसम्पादन करार गर्ने प्रणाली अपनाउनु पर्दछ। नमुना योजना कार्यान्वयन कार्यतालिका नमुना उदाहरण तल प्रस्तुत गरिएको छ ।

| आयोजना | उपलब्धी सूचक परिणाम तहको | बजेट | जिम्मेबार व्यक्ति/शाखा | प्रारम्भ गर्ने | सम्पन्न गर्नु पर्ने अवधि |
|---|---|---|---|---|---|
| बिद्यालय क्षेत्र सुधार कार्यक्रम | २ | १०००० (हजार) | शिक्षा शाखा | २०८१ श्रावण | २०८३ जेष्ठ |

### १०.१.२ मध्यकालिन खर्च संरचना

योजना कार्यान्वयनका लागि स्रोत सुनिश्चचित गर्ने औजार मध्यकालिन खर्च संरचना हो । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा प्रस्तावित योजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षका लागि वार्षिक रुपमा राजस्वको अनुमान,

विनियोजन ऐन बमोजिम हुने व्यय अनुमान र व्योहोरिने स्रोत, प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचनाको तयारी गरिनुपर्छ ।

### १०.१.३ आयोजना बैंक

आयोजना बैंकमा कार्यान्वयनमा रहेका र नयाँ दुबैप्रकारका आयोजनाहरु हुन्छन । यस्तो बैंकमा रहेका आयोजनाहरुलाई वार्षिक वा आवश्यकता अनुरुप अद्यावधिक गर्नुपर्छ । यस्तो बैंकमा रहने आयोजनाहरुको परिचय, कुल लागत, वित्तीय स्रोत सम्बन्धी विवरण, कार्यान्वयन तरिका, अपेक्षित प्रतिफल र कृयाकलापहरु उल्लेख प्रस्ताव समेत तयार गरिनुपर्छ ।

## १०.२ अनुगमन तथा मूल्याङ्कन

नगरपालिकाले एकीकृत शहरी विकास योजना कार्यान्वयनको हरेक चरणमा नियमित अनुगमन सम्बन्धित कर्मचारी वा पदाधिकारी मार्फत गर्नुपर्दछ। यसवाट परिमाणात्मक र गुणात्मक लाभका सम्बन्धमा जानकारी लिन र नतिजा हासिल गर्न सहज हुन्छ। नगर क्षेत्रमा संचालन हुने लागत र परिमाणका दृष्टिकोणले मध्यम वा साना योजनाहरुको कार्यान्वयन प्रकृया, निर्माण प्रगति, गुणस्तर, उपभोक्ता वा ठेकेदारको आर्थिक एवं प्राविधिक क्षमता, प्राविधिक मापदण्ड जस्ता विषय समेटी नियमितरुपमा गरिने अनुगमन सम्बन्धी कामहरु यस अन्तर्गत पर्दछन। यस्तो अनुगमन प्रणाली नगर कार्यपालिका बैठकवाट निर्धारण गरी एकीकृत शहरी विकास योजना कार्यान्वयनको अनुगमन गर्नुपर्दछ ।

एकीकृत शहरी विकास योजना कार्यान्वयनको प्रभावकारिता र नतिजा हासिल गर्ने कार्यमा सहयोग पुग्नेगरी अनुगमन गर्दा अनुगमन सूचक, प्रक्रिया, समयावधि, जिम्मेवारी र अनुगमन प्रतिवेदनको ढाँचा स्पष्ट किटान गरिनु पर्दछ। यस्ता विषयहरु समावेश गरी तल देखाइएको ढाँचा अनुसार अनुगमन मूल्यांकनको ढाँचा तयार गरी एकीकृत शहरी विकास योजना कार्यान्वयनको अनुगमन मूल्यांकन गराउनु पर्छ ।

अनुगमन नमुना फारम

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७९/८०) | एकीकृत शहरी विकास योजनाको अन्त्यको स्थिति (०८५/८६) | पुष्ट्याइका आधार |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षित तथा सफा खानेपानीको व्यवस्था भएको हुनेछ । | धाराको पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४०.२ | ७० | प्रगति अनुगमन प्रतिबेदन, अध्ययन सर्वेक्षण प्रतिवेदन |
| | | कुवाको पानी प्रयोग गर्ने | प्रतिशत | ०.५ | ०.० | |
| | | ट्युबवेल/हातेपम्प प्रयोग गर्ने | प्रतिशत | ५६.४ | २६ | |

## १०.३ नतिजामा आधरित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

एकीकृत शहरी विकास योजना कार्यान्वयनको वार्षिक समीक्षाले प्रत्येक वर्षको लागि तय गरिएको कार्ययोजना, यसको कार्यान्वयन अवस्था र अपेक्षित नतिजाको वारेमा जानकारी लिन मद्दत गर्दछ । यो कार्य नगरपालिकाले अवलम्वन गरेको समीक्षा पद्धति अनुसार हुन्छ । एकीकृत शहरी विकास योजनाको नतिजा एवं सूचकहरु स्पष्ट सुचना सहितको प्रतिवेदन तयार गर्नुपर्दछ । वार्षिक प्रतिवेदन तयार गर्दा नगरपालिकाका विभिन्न शाखाहरुवाट सम्पादित भएका कार्यहरु र अन्य निकायको साझेदारी वा सहयोग र समन्वयमा सम्पन्न भएका कार्यहरुको प्रगति समेत एकीकृत गरिएको प्रतिवेदन तयार गर्नु पर्दछ ।

## १०.४ मध्यावधि मुल्यांकन

सम्पन्न कामबाट निर्धारित लक्ष्य एवं उद्देश्यहरु हासिल भयो, भएन, प्रक्षेपित प्रभाव उत्पन्न भयो, भएन, लगानी सार्थक भयो, भएन, भनी स्वतन्त्र र निष्पक्ष ढंगबाट कुनै नीति, रणनीति, योजना, कार्यक्रमको लेखाजोखा गरी भविष्यका लागि दिशानिर्देश गरिने कामलाई मूल्यांकन भनिन्छ । मूल्यांकन सामान्यतया योजनाको मध्यावधि र अन्त्य समयमा गरिन्छ । मूल्यांकन स्वतन्त्र विज्ञ समूह वा संस्था द्वारा गराईन्छ । विज्ञ टोलीले यस योजनाको रणनीति, कार्यनीति, लक्ष्य, उद्देश्य, नतिजा, सूचक र लगानीलाई आधार मानि योजनाको मूल्यांकन गर्न्दछ । मूल्यांकन सम्बन्धि थप विधि र प्रक्रिया नगर कार्यपालिकाले निर्धारण गर्नुपर्छ । तर यस्तो मूल्यांकन सहभागितामूलक ढंगवाट सूचनामा आधारित भएको हुनुपर्छ ।

## १०.५ अन्तिम मुल्यांकन

एकीकृत शहरी विकास योजना कार्यान्वयनको पाँच वर्ष पुरा भएपछि अन्तिम मूल्यांकन गर्नु पर्दछ । यसको लागि स्वतन्त्र विज्ञ समूह वा संस्थाको छनौट गर्नुपर्दछ । छनौट प्रक्रिया नगरपालिकाले निर्धारण गरे वमोजिम हुन्छ । विज्ञ टोलीले यस योजनाको रणनीति, कार्यनीति, लक्ष्य, उद्देश्य, नतिजा, सूचक र लगानीलाई आधार मानि योजनाको मूल्यांकन गर्नेछ । मूल्यांकन सम्बन्धि थप विधि र प्रक्रिया नगर कार्यपालिकाले निर्धारण गरे वमोजिम हुन्छ ।

## अनुसूची- १: योजना तर्जुमा कार्यशालावाट प्राप्त पूर्वाधारका योजनाहरु

| क्र.सं. | योजनाको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | लु.साँ.न.पा.वडा नं. २ केवटलिया देखि अर्देलीसम्म सडक तथा नाली निर्माण | २ करोड | |
| २ | लु.साँ.न.पा.वडा नं. ४ अमारी देखि सिबलवा सम्म सडक निर्माण ४ कि.मि. | १ करोड | |
| ३ | लु.साँ.न.पा.वडा नं. ९ पिपरामा कल्भर्ट तथा सडक निर्माण कार्य | २० लाख | |
| ४ | लु.साँ.न.पा.वडा नं. २ लम्तिहवा देखि अर्देला सम्म सडक निर्माण | ५० लाख | |
| ५ | लु.साँ.न.पा.वडा नं. ५ ढोडहवा गाँउ देखि भैसहिया पोखरी जाने बाटो निर्माण | २० लाख | |
| ६ | लु.साँ.न.पा.वडा नं. २ मा सामुदायिक भवन निर्माण | ५० लाख | |
| ७ | लु.साँ.न.पा.वडा नं. १ खुनगाइ चोकदेखि वडा कार्यालय जाने बाटो स्तरोन्नती | १ करोड | |
| ८ | लु.साँ.न.पा.वडा नं. ३ पडरिया मस्जिद देखि दक्षिण जाने सडक निर्माण | ६० लाख | |
| ९ | लु.साँ.न.पा.वडा नं. १० असोदेखि बुधनीपुर हुँदै लक्ष्मीपुर सम्म सडक निर्माण | १ करोड | |
| १० | लु.साँ.न.पा.वडा नं. २ केवटलिया चोकदेखि उत्तर जाने सडक निर्माण | ५० लाख | |
| ११ | लु.साँ.न.पा.वडा नं. ३ सानो पडरिया कबरिस्तानमा वाउण्ड्रि वाल निर्माण | ३० लाख | |
| १२ | लु.साँ.न.पा.वडा नं. ५ मोहसड देखि पिपरहवा जाने बाटो निर्माण | २० लाख | |
| १३ | लु.साँ.न.पा.वडा नं. ६ तरकुल्हा अब्दुर रहीमको घर देखि कुकुरभुकवा जाने बाटो निर्माण | २ करोड | |
| १४ | लु.साँ.न.पा.वडा नं. २ को कार्यालय देखि बलरामपुर मा.वि. हुँदै लम्तिहवा सम्म सडक तथा नाली निर्माण | २ करोड | |
| १५ | लु.साँ.न.पा.वडा नं. ६ पडरिया रिङरोड देखि मुजन्डिहवा जाने बाटो निर्माण | १ करोड ५० लाख | |
| १६ | लु.साँ.न.पा.वडा नं. २ मुजहना शिवशक्ति प्रा.वि. हुँदै लम्तिहवा सम्म सडक स्तरोन्नति | ५० लाख | |
| १७ | लु.साँ.न.पा.वडा नं. १२ भभइमा सामुदायिक भवन निर्माण | २५ लाख | |
| १८ | लु.साँ.न.पा.वडा नं. १३ पैसिया गाउँको पश्चिमतर्फ मेनरोड देखि दक्षिण अडवलिया जाने बाटो निर्माण | १ करोड | |

## अनुसूची-२ एकीकृत शहरी विकास योजना निर्माण कार्यक्रमका तस्वीरहरु

**एकीकृत शहरी विकास योजना अभिमुखीकरण कार्यक्रमका तस्वीरहरु**













एकीकृत शहरी विकास योजना तर्जुमा सम्बन्धि कार्यशालाको तस्वीरहरु


GDS
Governance and Design Solution
दीर्घकालीन सोच, आवधिक लक्ष, उदेश्य, रणनीति, कार्यक्रम, लगानी खाका सहितको
एकीकृत शहरी विकास तथा स्थानीय आर्थिक विकास योजना
योजना तर्जुमा कार्यशाला
२४-२५ पौष २०८०
प्राविधिक सहयोग
भिजन सेन्चुरी इन्स्टिच्युट प्रा. लि.
भक्तपुर
आयोजक
लुम्बिनी सांस्कृतिक नगरपालिका
रुपन्देही, लुम्बिनी प्रदेश,
नेपाल
Strengthening Local Governance
2024/1/9 11:28



2024/1/9 11:41


2024/1/9 11:43


2024/1/9 11:41


2024/1/9 11:34

एकीकृत शहरी विकास योजना मस्यौदा प्रतिवेदन माथि छलफलका तस्वीरहरु






## अनुसूची-३ एकीकृत शहरी विकास योजना निर्माण कार्यक्रमको उपस्थिति

**एकीकृत शहरी विकास योजना तर्जुमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति**

Page No.:
Date :

आज मिति २०८०।०८।११ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाको "एकीकृत बाह्री विकास योजना र स्थानीय आर्थिक विकास योजना सम्बन्धी अभिमुखीकरण कार्यशाला नगरपालिकाका नगर प्रमुख श्री सजरुद्दीन मुसलमानको अध्यक्षतामा तथा तपसिलका कार्यपालिका सदस्यज्यूहरू एवम् शाखा प्रमुख ज्यूहरूको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

१. नगर प्रमुख श्री सजरुद्दीन मुसलमान
२. उप-प्रमुख श्री कल्पना हरिजन
३. प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद ज्ञवाली
४. वडा अध्यक्ष वडा ८ श्री राजेन्द्र जयसवाल
५. कार्यपालिका सदस्य श्री रुबिना मुसलमान
६. कार्यपालिका सदस्य श्री चन्द्रकलि सापकोटा — चन्द्रकली सापकोटा
७. कार्यपालिका सदस्य श्री हरि चन्द्र रैदास
८. कार्यपालिका सदस्य श्री सुधाकर हरिजन — सुधाकर
९. कार्यपालिका सदस्य श्री शान्ति देवि हरिजन — शान्ती
१०. पशु विकास शाखा प्रमुख श्री कैलाश प्रसाद यादव
११. निजामती प्रबन्ध. नि. श्री. विपिन थितल
१२. बिजा रुपन्देही माझिला .म. श्री . बि.के. महर्जन
१३ शिक्षा शाखा प्रमुख श्री लक्ष्मी पराजुली
१४ योजना शाखा प्रमुख श्री सराजुद्दीन खान
१५ रोजगार सहायक श्री सराज अहमद मुसलमान
१६ मानि राम पाडेल कृषि शाखा
१७. सन्तोषी पाण्डे (वन विकास शाखा)
१८- राजेन्द्रप्रसाद चौधरी स्वास्थ्य शाखा
१९. पुष्पा पोखरेल जिन्सी शाखा
२०. शोभाराम यादव – वडा शाखा/विपद्शाखा
२१ डब्लु हरिजन – राजश्व शाखा प्रमुख
२२. प्रदिप पोखरेल – पुस्तकालय सहायक
२३. लक्ष्मी भट्टराई - सामाजिक सुरक्षा शाखा
२४. दिपा कुमारि ओलि – उद्यम विकास शाखा
२५. मोहम्मद शहीद - स्वास्थ्य शाखा नगर प्रमुख प्र.स. नि.प.
२६. फणीन्द्रकुमार पाल - सामाजिक विकास शाखा प्रमुख

CS Scanned with CamScanner

Page No.:
Date:

३८ श्रीकांत खोडे प्रशासन [illegible] कर्मचारी

३९ महेश [illegible] सूचना प्रतिनिधी कार्यकर्ता

Scanned with CamScanner

# एकीकृत शहरी विकास योजना तर्जुमा कार्यक्रमको उपस्थिति

Page No.:
Date:

आज मिति २०८०।०५।२४ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाको एकीकृत शहरी विकास योजना र स्थानीय आर्थिक विकास योजना सम्बन्धी योजना तर्जुमा कार्यशाला नगरपालिकाका नगर प्रमुख श्री सजरुद्दीन मुसलमानको ~~एवम् शाखा प्रमुख ज्यूहरूको~~ अध्यक्षतामा तथा तपसीलका कार्यपालिका सदस्यज्यूहरु एवम् शाखा प्रमुख ज्यूहरूको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति :-

१) नगर प्रमुख श्री सजरुद्दीन मुसलमान
२) उप प्रमुख श्री ~~कल्पना हरिजन~~ कल्पना हरिजन
३) प्रमुख प्रशासकीय अधिकृत श्री रामप्रसाद चवाल

४) वडा अध्यक्ष १ श्री सुरन कलवार
५) वडा ,, २ ,, इमामुल्लाह फकिर
६) ,, ,, ३ अकरामुद्दिन मुसलमान
७) ,, ,, ४ ,, विनोद कु. श्रीवास्तव
८) ,, ,, ५ ,, रघुनन्द आलम मु.
९) ,, ,, ६ ,, नजरुल हक मु.
१०) ,, ,, ७ ,, वृष यादव
११) ,, ,, ८ ,, राजेन्द्र प्रसाद जैसवाल
१२) ,, ,, ९ ,, कमाल अख्तर खाँ
१३) ,, ,, १० ,, विनोद कहार
१४) ,, ,, ११ ,, अकरामुद्दिन मु.
१५) ,, ,, १२ ,, हरिकेश लोध
१६) ,, ,, १३ ,, साईद अहमद खाँ

Scanned with CamScanner

Page No.:

Date :

| | | | |
|---|---|---|---|
| १६ | रामचन्द्र पाण्डेय | ने. म. | [signature] |
| १७ | ध्रुवराज घिमिरे | ज. प्र. प्रा. अ. | [signature] |
| १८ | [illegible] | [illegible] | [signature] |
| १९ | सुधाकर चापागाईं | ——— | सुधाकर |
| २० | नइमुल इस्लाम | वडा अध्यक्ष ६ | [signature] |
| २१ | लक्ष्मी पराजुली | शिक्षा अधिकृत | [signature] |
| २२ | शान्ती हरिजन | कार्यपालिका सदस्य | [signature] |
| २३ | ~~चन्ना घोर्ती~~ | | शान्ती |
| २४ | चन्ना घोर्ती | | चन्ना |
| २५ | कमीना मुसलमान | | [signature] |
| २६ | जयन्त श्रेष्ठ | परामर्शदाता इन्जिनियर | [signature] |
| २७ | बिपिन घिमाल | " सामाजिक विज्ञ | [signature] |
| २८ | वि. के. मण्डल | सहयोग/सञ्जाल संस्था | [signature] |

आज मिति २०८० साल पौष २५ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाको 'एकीकृत शहरी विकास योजना र स्थानीय आर्थिक विकास योजना' सम्बन्धी योजना तर्जुमा कार्यशाला नगरपालिकाको नगर प्रमुख श्री सजरुद्दीन मुसलमानको अध्यक्षतामा तथा तपसीलका कार्यपालिका सदस्यहरु एवम् शाखा प्रमुख ज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

हस्ताक्षर

१ नगर प्रमुख श्री सजरुद्दीन मुसलमान

२ उपप्रमुख श्री कल्पना हरिजन

३. प्र. प्रशासकीय अधिकृत श्री राम प्रसाद ज्ञवाली

४. वडा अध्यक्ष १ श्री सुरज कलवार (आर्थिक विकास समिति संयोजक)

५. वडा अध्यक्ष २ श्री इनामुल्लाह फकिर (पूर्वाधार विकास समिति संयोजक)

६. वडा अध्यक्ष ३. श्री अकरामुद्दिन मुसलमान

७ वडा अध्यक्ष ४ श्री विनोद कु. श्रीवास्तव

८ वडा अध्यक्ष ५. श्री खुर्शेद आलम मुसलमान (सुशासन समिति संयोजक)

९. वडा अध्यक्ष ६. श्री नाइमुल हक मुसलमान

१० वडा अध्यक्ष ७ श्री भूप यादव

११. वडा अध्यक्ष ८ श्री राजेन्द्र प्रसाद जैसवाल

१२. वडा अध्यक्ष ९. श्री कमल अख्तर खान

१३. वडा अध्यक्ष १० श्री विनोद कहार

१४. वडा अध्यक्ष ११. श्री अकरामुद्दिन मुसलमान

१५. वडा अध्यक्ष १२. श्री हरिकेश लोध (वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक)

१६. वडा अध्यक्ष १३ श्री सईद मुहम्मद खाँ (सामाजिक विकास समिति संयोजक)

~~१७ प्रमुख प्रशासकीय अधिकृत श्री रामप्रसाद ज्ञवाली~~ (माथि आइसकेको नाम)

१८. लेखा अधिकृत श्री रामचन्द्र अर्याल

१९. तुलसीराम लामिछाने योजना शाखा प्रमुख

२०. मनोज कुमार पाल कं.अ.

२१. कार्यपालिका सदस्य श्री इसेनी लोध

२२. कार्यपालिका सदस्य श्री सबिना मुसलमान

२३. कार्यपालिका सदस्य श्री अंशु लोध

२४. कार्यपालिका सदस्य श्री शान्तिदेवी हरिजन

२५. कार्यपालिका सदस्य श्री चन्दा धोबि

Scanned with CamScanner

२६. सन्तोषी पाण्डे — वन प्राविधिक

२७ ध्रुवराज घिमिरे — जनस्वास्थ्य अधिकृत

२८ लक्ष्मी फराकुली — शिक्षा अधिकृत

२९ विनीता शाह — स.म.वि.नी. (पाचौं)

३० आशिष कुमार यादव — पूर्वाधार शाखा प्रमुख

३१ डब्लु हरिजन — राजस्व शाखा प्रमुख

३२ महबुब अहमद खाँ — सूचना प्रविधि अधिकृत

३३ निरमा कुमारी थारु — उद्यम विकास सहजकर्ता

३४ ममता गुरुङ — का.स.

३५. श्रीकान्त पौडेल — प्रशासन शाखा प्रमुख

३६. समाजुद्दीन खाँन — योजना शाखा

३७. जयन्त श्रेष्ठ — परामर्शदाता इन्जिनियर

३८. विपिन सितौला — " सामाजिक विद

३९. विवेक महर्जन — " शहरी विकासविद्

Scanned with CamScanner

## एकीकृत शहरी विकास योजना मस्यौदा प्रतिवेदन माथि छलफल कार्यक्रमको उपस्थिति

Page No.:
Date:

आज मिति २०८० साल माघ २५ गते लुम्बिनी सांस्कृतिक नगरपालिकाको एकीकृत शहरी विकास योजना र स्थानीय आर्थिक विकास योजनाको नगर प्रमुख श्री सत्रुहिद मुसलमानको अध्यक्षतामा छलफल गरी सम्पन्न गरियो

उपस्थिति

१ नगर प्रमुख श्री सत्रुहिद मुसलमान
२ उप-प्रमुख श्री कल्पना शाह
३ प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद ज्ञवाली
४ लेखा अधिकृत श्री रामचन्द्र नेपाल
५ वडा नं १२ वडा अध्यक्ष श्री शारदा लोध
६ वडा नं ९ वडा अध्यक्ष श्री विनोद कु. श्रीवास्तव
7 लेखा अधिकृत श्री युवराज घिमिरे
८ पशु विकास शाखा प्रमुख श्री ज्ञान प्रसाद यादव
९ कृषि शाखा प्रमुख श्री मनोज पौडेल
१० शिक्षा शाखा प्रमुख श्री लक्ष्मी पाउडेल
११ समन्वय शाखा प्रमुख श्री तुलसीराम न्यौपाने
१२ सामाजिक विकास शाखा प्रमुख श्री ज्ञानेन्द्र कु. पाठक
१३ उद्यम विकास सहजकर्ता श्री बिरसा कुमारी थारु
१४ वन विकास शाखा प्रमुख सन्तोषी पाण्डे
१५ भूमि तथा व्यवस्थापन शाखा प्रमुख रञ्जिता पाण्डे
१६ रोजगार शाखा प्रतिनिधि प्रभा मणि त्रिपाठी
१७ सामाजिक सुरक्षा शाखा प्रमुख अखिलेश कुमार पाण्डेय
१८ रोजगार संयोजक - सराज अहमद मुसलमान
१९ योजना शाखा सराजुद्दीन खाँन
२० जिन्सी शाखा पुष्पा पोखरेल
२१ श्रीराम यादव - वास/विपद व्य. तथा वातावरण शाखा प्रमुख
२२ सूचना प्रविधि अधिकृत महबुल हसन खाँ
२३ वडा नं २ वडा अध्यक्ष/नगर प्रवक्ता श्री इनायतुल्लाह खाँ
२४ नगर शिक्षा संयोजक श्री मो. सईद अ. खाँ
२५ राजस्व शाखा प्रमुख हरिराम
२६ ममता बुढा क. स.
२७ विपिन घिमिरे परामर्श विज्ञ
२८ अजय भण्डारी परामर्श विज्ञ

Scanned with CamScanner